मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ७३ कार्तिक २०६७



# भूमि अधिकार : सामाजिक न्याय र समृद्धिको आधार

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्धतवर्गहरू

कार्यकर्ताहरू




# मानवअधिकार सम्बन्धी सूचना र जानकारीका लागि इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- द्वन्द्व र शान्ति अध्ययन
- अर्थशास्त्र
- समाजशास्त्र
- सञ्चार
- कानुन, अधिकार र राजनीति
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू





## सुविधाहरू

- फोटोकपि
- इन्टरनेट
- कम्प्युटर

मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
स्यूचाटार, कलङ्की, पो.ब.नं. २७२६, काठमाडौं, नेपाल
फोनः ९७७-०१-४२७८७७०, फ्याक्स : ९७७-०१-४२७०५५१
इमेल : insec@insec.org.np.
वेबसाइट : www.inseconline.org

# प्राची

सचेतना द्वैमासिक

वर्ष १७ पूर्णाङ्क ७३ कार्तिक २०६७

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
बिजयराज गौतम

**संयोजक**
योगीश खरेल

**सम्पादक**
मदन पौडेल

**सहयोगी**
गोपिकृष्ण भट्टराई

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**कभर फोटो**
ऋषिकेश पाण्डे

**व्यवस्थापन**
विमलचन्द्र शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
(इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल - prachi@insec.org.np
वेबसाइट - www.insec.org.np
www.inseconline.org

**मुद्रक**
धौलागिरि अफसेट प्रेस
बल्खु, काठमाडौं
फोन : ५००४६१२


## लैङ्गिक हिंसा विरुद्धको वर्ष २०१०


- भूमि अधिकार : सामाजिक न्याय समृद्धिको आधार – केशव दाहाल ६






- वर्तमान तराई मधेश आन्दोलन : समस्या र समाधान – लालबाबु यादव ११
- मधेशको सशस्त्र विद्रोह – अर्जुन थपलिया १४
- शान्ति प्रक्रियाको स्वरूप र अन्तर्राष्ट्रिय शान्ति दिवस – गणेश भण्डारी २०
- खाद्य दिपोको भरमा बाँचेका सुदूरपश्चिमेली – लोकराज अवस्थी २४
- मध्यपश्चिममा महिला हिंसाको सवाल र चुनौती – दुर्गा थापामगर २६
- अन्तर्वार्ता : खिमलाल देवकोटा २८
- उपेक्षाको मारमा कर्णाली – बालकृष्ण बस्नेत ३०
- कथा/कविता ३३
- स्थलगत अध्ययन प्रतिवेदन ....... ३४
- बेपत्ता नागरिकको सवालमा उदासिन राज्य – गोपिकृष्ण भट्टराई ३७
- राजनीतिक कार्यदिशाको खाँचो – प्रकाश भट्टराई ३८
- पुस्तक समीक्षा – उषा थपलिया ४०


### नियमित स्तम्भहरू


- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

## यथावत



**माओवादीलाई जङ्गलबाट हामीले नै कपालमा लिखा नपार, टिलिक्क पारेर कोर, नुहाइधुवाई गर, तेल लगाएर कोर भनेर सम्झाई, सरसफाई, फकाई–फकाई ल्याएका हौं।**

केपी ओली, स्थायी समिति सदस्य, नेकपा एमाले
नयाँपत्रिका दैनिक, २०६७ कार्तिक २९



**राजनीतिक परिवर्तनका लागि निम्नस्तरका जनताको रगत पसिनामा आश्रित र परिवर्तनपश्चात् उपल्लो तह वा सत्तामा रहेकाहरूको दयामा निर्भर बुद्धिजीवीहरूको लालच, कायरता र सम्झौता परस्त प्रवृत्तिले नेपालको प्रजातन्त्र बारम्बार खतरामा परिरहेको छ ।**

प्रतीक प्रधान
हिमाल खबर पत्रिका, २०६७ मङ्सिर १-१५



**यही ताल हो भने म पार्टीमा बस्दिन अरु साथी पनि बस्दैनन् ।**

मोहन वैद्य
एकीकृत माओवादी नेता



**दाहालको सोच्ने क्षमता गुमिसक्यो ।**

धरानमा आयोजित एक कार्यक्रममा माओवादी सेना समायोजनका बारेमा जथाभाबी बोलेर हिँड्ने गरेको आरोप लगाउँदै ।

**शेखर कोइराला**
नेता नेपाली काङ्ग्रेस
कान्तिपुर दैनिक

## कार्टून




**साभार**
नागरिक दैनिक
२०६७ कार्तिक १६

प्रिय पाठक !

**तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**
**प्राचीमा कस्ता सामग्री आउन् भन्ने तपाइँको अपेक्षा छ ?**
**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

# विस्तृत शान्ति सम्झौताका चार वर्ष

तत्कालीन विद्रोही नेकपा माओवादी र नेपाल सरकारबीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताले २०५२ सालदेखि माओवादीले देशमा शुरु गरेको सशस्त्र विद्रोहलाई विधिवत अन्त्य गर्‍यो । दिनप्रतिदिनको हत्या हिंसाका घटनाबाट आक्रान्त नेपालीले तत्कालीन शान्ति त पाए । तर, सम्झौतामा उल्लेख गरिएका विषयवस्तुहरूको पालना नहुँदा समग्र शान्तिप्रक्रियालाई नै दूरगामी असर परिरहेको छ ।


दुवै पक्षद्वारा बेपत्ता पारिएको व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउने भनी शान्ति सम्झौतामा हस्ताक्षर गर्ने सरकार र तत्कालीन नेकपा माओवादीले त्यसतर्फ कुनै उपलब्धिजनक कदम चालेका छैनन् । शान्ति सम्झौता भएपछि दुईपटक सरकारमा पुगेको माओवादीले यसतर्फ कुनै कदम चालेन । बरु, सरकारबाट हटेको भोलिपल्टबाट उसले बेपत्ता आयोग बनाउन संसदवादी दलहरू तयार नरहेको बताउँदै आएको छ । संसदमा दर्ता भएको बेपत्ता छानबिन आयोग विधेयक थान्को लागेर बसेको छ । तर, झण्डै ११ सयको हाराहारीमा बेपत्ता पारिएका मानिसहरूका बारेमा सत्यतथ्य पत्ता लगाउने अपेक्षा गरिएको विधेयकको यो हालत हुनुले नेपालका राजनीतिक दलहरूको शान्तिप्रतिको उदासिनतालाई दर्शाउँछ ।

शान्ति सम्झौताको महत्वपूर्ण पाटोको रुपमा रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग गठनको विषयमा राजनीतिक दलहरूको मौनता हेर्दा लाग्छ, उनीहरू विगतलाई बिर्सन चाहन्छन् । शान्ति सम्झौतामा "दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवता विरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय गर्न सहमत छन्" भनेर उल्लेख गरिएको थियो । सत्य निरुपण तथा मेलमिलाप आयोग सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घन र त्यसमा संलग्नलाई जवाफदेही बनाउनका लागि प्रभावकारी हुने अपेक्षा गरिएको थियो । बितेका चार वर्ष यो आयोगका विषयमा बहस त भए तर यो आयोगका लागि चाहिने ऐन पारित हुन सकेन । यसैगरी "दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोवासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुर्नस्थापना तथा सामाजिकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन्" भनी हस्ताक्षर गरेका पक्षले त्यसको परिपालनामा ध्यान दिएनन् । यो बुँदामा उल्लेख गरिएको विस्थापन समस्याको मूल कारण माओवादी विद्रोह थियो । माओवादीले गरेको दुर्व्यवहारका कारण विस्थापित भएका धेरै मानिसहरू अझै पनि घर फर्कन सकेका छैनन् । कब्जा गरिएको सम्पत्ति फिर्ता गर्ने सवालमा माओवादी अझै सकारात्मक छैन । सत्ताकेन्द्रित राजनीतिमा अल्झिएका राजनीतिक दलहरूको प्राथमिकतामा नपरुन्जेल विस्थापनको समस्याको समाधान हुने देखिँदैन ।

अस्थायी शिविरमा रहेका माओवादी लडाकूको समायोजनाको बारेमा विगत चार वर्षदेखि चलिरहेको बहसहरू निष्कर्षमा पुग्न सकेका छैनन् । समायोजनको विषयमा विगतदेखि नै भएका बहसलाई परिणाममुखी बनाउन, यो विषयलाई अलि पृथक ढङ्गले सोच्नु जरुरी छ । राष्ट्र विकासका लागि महत्वपूर्ण मानिएको सेना समायोजनको विषयलाई हल्का ढङ्गले बुझ्नु गलत हुनेछ । माओवादी लडाकूको समायोजन र व्यवस्थापनका विषयमा आजसम्म चलिरहेका बहसहरू दुईवटा विषयमा केन्द्रित छन् । पहिलो, माओवादी लडाकूहरूको सुरक्षा निकायमा समायोजन, जुन हाम्रो राजनीतिक परिवेश एवम् शान्ति सम्झौतामा उल्लेख भए बमोजिम हुने । दोस्रो, लडाकुहरूलाई निश्चित आर्थिक प्याकेज सहित समाजमा पुनःस्थापना गर्ने । समायोजनका कुरामा शान्ति सम्झौतामा हस्ताक्षर गर्ने समूहहरूका बीचमा कुनै मत्यैक्य नभए पनि त्यसको प्रक्रिया र समायोजन गरिने लडाकूको सङ्ख्याका बारेमा सहमति कायम हुन नसक्दा यो विषयले मूर्तता पाउन सकेको छैन । सेना समायोजनको विषयलाई एकीकृत माओवादी, नेपाली काङ्ग्रेस तथा एमाले लगायतका दलले आ-आफ्नो राजनीतिक स्वार्थको विषय बनाउञ्जेल यसको निराकरण हुने कुरामा विश्वस्त हुन गाह्रो छ ।

बृहत् शान्ति सम्झौतामा उल्लेख गरिएका विषयवस्तुहरू देशमा शान्ति स्थापनाका लागि मार्गप्रशस्त गर्ने खालका थिए । तर, बितेका चार वर्षमा त्यसको परिपालना यसको साटो देशमा बढ्दै गएको दण्डहीनताका कारण समाजमा बढिरहेको अराजकतालाई नजरअन्दाज गर्न सकिँदैन । अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण देशको मूल समस्या भएको छ ।

# घोषणापत्र र आजको सन्दर्भ




दोस्रो विश्वयुद्धको विनास र वितण्डा पश्चात सबै राष्ट्रहरू शान्तिका लागि लालायत भए । खासगरी शक्ति राष्ट्रहरूको खिचातानीले गर्दा भएको रक्तपात र उत्पन्न युद्धको ज्वालामा दिर्नोष र शान्तिप्रिय जनता होमिएका थिए । विश्व जनता निरङ्कुश शासनको जातोमा पिल्सिन बाध्य भएका थिए । त्यस्तो स्थितिमा सन् १९४५ मा संयुक्त राष्ट्रसंघको जन्म भयो । मूलतः राष्ट्र-राष्ट्रहरूबीच शान्ति र मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्ने उद्देश्यले जारी गरिएको बडापत्रले राज्यहरूको सम्बन्धका बारेमा नै आफ्नो धाराहरूलाई केन्द्रित गरेको थियो । तर राष्ट्रहरूमा जनताको अधिकार ग्यारेन्टी नभई शान्तिको स्थापना एउटा मृगतृष्णा मात्र हुने तथ्यलाई मध्यनजर गर्दै सन् १९४८ मा मानवअधिकार घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको साधारण सभाले पारित गऱ्यो ।

सन् ४८ को घोषणापत्र व्यक्तिहरूको नैसर्गिक अधिकारको प्रत्याभूतिका रूपमा आएको पहिलो आधिकारिक दस्तावेज हो । राष्ट्रहरूमा प्रजातन्त्रको स्थापना र विकासमा यो घोषणापत्रले अहम् भूमिका निभाउँदै आएको छ । यो घोषणापत्रले प्रत्येक व्यक्तिलाई राष्ट्रको एउटा इकाईको रूपमा स्वीकार गर्दै सबैको सर्वाङ्गिण विकासको लागि निजी हक, अधिकार र केही मात्रामा कर्तव्यलाई समेत सूत्रबद्ध रूपमा प्रस्तुत गऱ्यो ।

सन् ४८ को घोषणापत्रले विश्वभरि नै मानवअधिकारको एउटा व्यापक अभियान नै शुरु गऱ्यो । मानवअधिकारको आन्दोलन मार्फत् अधिकारलाई कुण्ठित पार्न अरू नयाँ नयाँ तरिका पनि निरन्तर अपनाएका छन् । यो शताब्दीको अन्तमा पुग्न आँट्दा करिब आधा शताब्दी अघि निर्माण गरिएको मानवअधिकार घोषणापत्रले जनताको हक, अधिकारको के कति ग्यारेन्टी गर्न सकेको छ भनी केलाउनु सान्दर्भिक हुन्छ ।

३० वटा धारामा अधिकारहरूलाई सूत्रबद्ध रूपमा समेटेको घोषणापत्रले व्यक्तिको सर्वाङ्गिण विकासका प्रायः सबै पक्षलाई समेटेको छ । यद्यपि व्यक्तिको विकास समुदाय वा समाजको विकाससँगै हुन सकेन भने त्यसले समाजमा विकृतिहरू ल्याउँछ । विकास निजी कुरामा मात्र होइन । यो त एउटा सामुहिक कुरा हो । विकासको समस्या सामुहिक समस्या हो । सन् ४८ को घोषणापत्रले व्यक्तिलाई समाजको एउटा इकाइको रूपमा विकसित गराउन खोज्दा खोज्दै व्यक्तिलाई समाजभन्दा निरपेक्ष राखेको भान हुन्छ । त्यसैले नै सन् ४८ पछिको यो ४८ वर्षमा संयुक्त राष्ट्रसंघले सामाजिक अधिकारहरूको प्रत्याभूति हुने विभिन्न घोषणापत्र सविदा कानून इत्यादिको निर्माण गरेको हो ।

आजको विश्वको विकास स्थितिलाई हेर्दा विश्वमा हुने र नहुनेको बीचको खाडल झनै गहिरो बन्दै गएको देखिन्छ । ४८ वर्ष पछिको अवधिमा विश्वमा केही मुलुकले संसारको उत्पादनको ८० प्रतिशतसम्म उपभोग गर्न थालेका छन् भने २० प्रतिशतमा अन्य सबै राष्ट्रले धानिनु परेको छ । एउटा क्षेप्यास्त्रको उत्पादन खर्च वा मूल्य एउटा राष्ट्रको वार्षिक बजेट बराबरसम्मको हुने गरेको छ । विश्वको विकास र आम्दानी केही राष्ट्रभित्र केन्द्रित हुँदैछ । सन् ४८ का गरिब राष्ट्रहरू अब गरिबतम् मुलुकको पंक्तिमा पुगेका छन् । यदि व्यक्तिको विकासको समाज वा राष्ट्रको विकास हुने भए यस्तो परिस्थिति कसरी आउने थियो ? पश्चिमी राष्ट्रका नागरिक र सोमालिया वा बुरूण्डीका नागरिकले एउटै अधिकार पाए भन्दैमा उनीहरूको विकास समान रूपमा किन हुन सकेन ? यी यस्ता सवालहरू हुन जसबारेमा हामीले बहस र विचार गर्नै पर्छ ।

(प्राची संचेतना द्वैमासिक, कार्तिक-मङ्सिर २०५३, अङ्क २)

## पाठक पत्र

सम्पादकज्यू,

प्राची संचेतना द्वैमासिक भदौ महिनाको ७२ अङ्कमा मानवअधिकारको आधार नै शान्ति भनिएको छ ? खोई शान्तिको बाटो लोकतान्त्रिक नव नेपालमा । यस अङ्कमा शान्ति प्रक्रियाको चुनौति र अन्तरवस्तुहरू राखिएको थियो । राजनीतिमा सहमति कायम गर, राजनीतिक दलका नेताहरूको खिचातानी, मनमुटाव, हठको राजनीति गर्नाले आजभन्दा चार महिना अघि प्रधानमन्त्रीले राजिनामा दिई काम चलाउ सरकारको अवस्थामा झन सङ्क्रमणकाल र दण्डहीनताको संस्कृति मौलाएको छ । तराईक्षेत्रको स्थिति झन भयावह, दिनहुँ मानवअधिकार उल्लङ्घन घटनालाई कमी ल्याउनमा सरकार चुकेको छ ।

दश वर्षे सशस्त्र द्वन्द्वमा भएका मानवअधिकार ज्यादती उलङ्घनका घटनाहरू समेटी ग्रामीण समाजमा एउटा स्वतन्त्र सूचनाको हक र विस्थापितका सवालहरूमा पनि ध्यान दिई कार्यान्वयन पक्षमा वकालत गर्न प्राचीले आगामी अङ्कमा पहल गरोस् । फेरि पनि तीनवटा दलका शीर्ष नेताहरूको लागि शान्ति र संविधान निर्माण, नेपालको परिकल्पना, शान्ति स्थापना, भोलिको नेपाल कता जाने हो भन्ने विषयमा सम्वाद प्रस्तुत गरेर प्रकाशन गर्न प्राचीका सम्पादकज्यूलाई अनुरोध गर्दछौं । कम्लहरी मुक्ति पुनर्स्थापनाका लागि के के कार्य गर्नुपर्छ भन्ने प्राचीमा समावेश छ ।

मध्यपश्चिमाञ्चल क्षेत्रका दुर्गम जिल्लाहरूमा खाद्यान्न उपलब्धता वितरण र सङ्कट सम्बन्धमा इन्सेकका क्षेत्रीय कार्यालय नेपालगञ्ज बाँकेले गरेको अध्ययन अनुगमनको प्रतिवेदन प्राचीमा खाद्यान्नको फोटोसहित प्रकाशित गरिएको छ । राज्य संवेदनशील नभएको र माओवादीले पनि आफ्ना लडाकुहरूको पीडा नसुनेको पनि रहेछ । द्वन्द्वपीडित मानसिक यातना चिन्ताले ग्रस्त पारेको यथार्थ चित्रण गर्नु पऱ्यो । प्राचीका आगामी अङ्कहरूमा घरेलु हिंसा नियन्त्रणका उपायहरूको पहिचान गरिनु पर्दछ ।

**रुद्रबहादुर खड्का**
अध्यक्ष
रिलेक-नेपाल जिल्ला शाखा सिन्धुली

# पाकिस्तानबाट सिक्नु पर्ने पाठ



सुबोधराज प्याकुरेल

कार्तिक २२ देखि मङ्सिर १ गतेसम्म ११ दिन पाकिस्तानको लाहोर, इस्लामावाद र कराँची शहरहरूमा त्यहाँका धार्मिक अल्पसङ्ख्यकहरूका बारेमा अध्ययन गर्ने टोलीको अगुवाई गर्दा एक निमेष पनि आफ्नो देश नेपाल मेरो गहिरो सम्वेदनशील चिन्ताको घेराबाट हट्न सकेन। २०३५ सालको विद्यार्थी आन्दोलनको शुरुआत पाकिस्तानी प्रधानमन्त्री भुट्टोलाई दिइएको फाँसीको विरूद्ध विद्यार्थी सङ्गठनहरूले काठमाण्डू स्थित पाकिस्तानी राजदूतावासमा ज्ञापनपत्र बुझाउन जाँदा प्रहरी हस्तक्षेपका कारण भएको थियो। त्यो आन्दोलनले पहिलो पटक पञ्चायती निरङ्कुशताले आफ्नो एकलौटीको दुई दशकमा सार्वजनिक र व्यापक बेइज्जती भोग्नु पऱ्यो। राजा वीरेन्द्रले जनमत सङ्ग्रहको घोषणा गर्नु पऱ्यो। पञ्चायतलाई सुधार्नु जरूरी छ भन्ने स्वीकार गर्नु पऱ्यो। तर, यस पटकको पाकिस्तान यात्रामा जब मलाई बताइयो कि तिनै जुल्फीकार अलि भुट्टो थिए जसले धार्मिक ग्रन्थका आधारमा मुल्ला (धर्मगुरु) हरूले फैसला गर्ने र सजाय सुनाउने शरियत कोर्ट (अदालत) को स्थापना पाकिस्तानमा गराएका थिए। मेरो मन भरङ्ग भयो। भुट्टोले मुसलमानहरूको मन जित्न धार्मिक कानून र अदालतको चलनलाई सङ्गठित र औपचारिक रूप दिए। पछि त्यही कट्टरताले तिनलाई खायो। धर्म र राष्ट्रियताको रक्षाको नाममा सैनिक विद्रोह भयो। सैनिक शासकहरूले कट्टरपन्थ लादे। संविधान, कानून र शिक्षा मार्फत् इस्लाम मात्र धर्म हो अरू सबै अधर्मी हुन्। अत: अधर्मीलाई सजाय दिनु प्रत्येक मुसलमानको कर्तव्य हो भन्ने पाठ पढाउन थालियो। बलात्कार पीडित महिलाले कुनै पनि हालतमा न्याय नपाउने भइन्। किनकी त्यस्तो उजुरीमा चारजना पुरुष साक्षी चाहिने भयो। महिलाले साक्षी बस्न नपाउने भइन्। सरकारी अधिकारीको सट्टा मुल्लाले विहे भएको प्रमाणित गर्ने भयो। अनि सुरु भयो अरू धर्मका अल्पसङ्ख्यक महिलालाई अपहरण गर्ने, जबरजस्ती तिनको धर्म परिवर्तन गराइदिने र कुनै मुसलमानसँग बिहे गरेको घोषणा गरिदिने चलन। चारवटी पत्नी राख्न सक्ने अधिकारको नाममा बहुविवाह गर्न पाउने भन्दै यस्तो अपराध गर्न थालियो।

धार्मिक उन्मादको हद व्लासफेमी कानूनको सहारा लिएर गरिएको व्यवहारले सावित गरेको छ। व्लासफेमी अर्थात् व्यवहार वा वचनले इश्वरको अनादर गर्ने करतुत। भर्खर मात्रै एकजना महिलाले एक जना क्रिस्चियनलाई पानी खान दिइन र त्यही जुठो गिलासमा मुसलमानलाई पानी ख्वाएर धर्मको अपमान गरिन् भनेर अदालतमा उजुरी पऱ्यो। मुल्लाको आदेश र अगुवाइमा गाउँलेले साक्षी बके। अदालतले व्लासफेमी कानून अन्तर्गत ती महिलालाई मृत्युदण्ड सुनायो।

अहिले विगत दुईवर्षदेखि पाकिस्तानमा लोकतान्त्रिक तवरले निर्वाचित सरकार छ। मानवअधिकार र अल्पसङ्ख्यकको मामिला हेर्ने बेग्लै मन्त्रालयहरू छन्। क्रिश्चियन, हिन्दू अल्पसङ्ख्यकको प्रतिनिधित्व गर्ने सांसद र मन्त्रीहरू छन्। तर १९४७ मा स्थापित पाकिस्तानले आफ्नो ६७ वर्षको उमेर मध्ये ३४ वर्ष भन्दा बढी सैनिक तानाशाही झेलेको इतिहास छ।

तानाशाहहरू विचार होइन जमातको भरमा शासन गर्दछन्। जमातलाई तर्साउन त्रासको रणनीति अपनाउँछन्। यही त्रास फैलाउन धार्मिक वा जातीय विशिष्टता थोपर्छन्। आफ्नो कुरा नमान्ने उपर मनपरी आक्रमण गर्दछन्। मनपरी गर्नका लागि सरकारी निकाय र कानूनलाई आफ्नो वैचारिक उन्माद र उन्मादीहरूको मातहतमा राखेर परिचालन गर्दछन्। उनीहरू शक्ति पृथकीकरण र न्यायको स्वतन्त्रतामा विश्वास राख्दैनन्। म नै सर्वश्व हुँ र म नै सर्वत्र छु भन्ने ठान्दछन्।

पाकिस्तान बन्दा धर्म निरपेक्ष राष्ट्र थियो। उनीहरूले मान्ने गरेको राष्ट्रपिता जिन्नाले पाकिस्तानमा सबै जात जाति र धर्मको समान इज्जत र अधिकार हुनेछ भनेर घोषणा गरेका थिए। तर, धर्मको नाममा मदरसामा पढाइने अतिवादी शिक्षा र बहुसङ्ख्यकको हातमा सम्पूर्ण शासनको नाममा अल्पसङ्ख्यकप्रति गरिने हेपाइतिको संस्कार क्रमश: यति बलियो हुँदै गयो कि मुल्लाहरूले बिहानको प्रार्थना गर्दा माइक लगाएर अधर्मीहरूको हत्या गर्नुपर्छ, तिनलाई र तिनको वंश सखाप पार्नु पर्छ भन्दा पनि पाकिस्तानी सुरक्षा संयन्त्र कुनै कारबाही गर्न सक्दैन।

पाकिस्तानमा यो अत्याचार विरूद्ध सङ्घर्षरतहरूको कमी छैन। सांसदले संसदमै व्लासफेमी कानून विरूद्ध बोलेका छन्। मन्त्रीले कानून संशोधनको प्रस्ताव गरेका छन्। तर, आम नागरिकलाई बोल्नै अप्ठ्यारो छ। एकजना आँखाको डाक्टरका छोराले बिहानको प्रार्थना गर्दा अल्लाहको नाम बेढङ्ग तरिकाले लियो भनेर उनको सहपाठीले उजुरी गरेछ। हेडमास्टरले ती विद्यार्थीलाई तत्काल स्कूलबाट निकाली दिए। डाक्टर पिताले छानबीन गरेर गल्ती गरेको भए सजाय दिनुहोस् तर कोर्षको बीचमै ननिकाल्नुहोस् भनेर अनेकन अनुनय गरेछन्। तर, हेडमास्टरले ठाडै अस्वीकार गर्दै भनेछन्- "यो ईश्वरको अनादरको विषय हो। उसले गल्ती नगरेको भए ईश्वरले न्याय दिने छन्। यस्तो संवेदनशील उजुरीमा मबाट कदापि ढिलाई हुनु हुन्न।" ती, डाक्टर पिता म उपस्थित अधिकारकर्मीहरूको बैठकमा धुरू धुरू रूदै यो कहानी सुनाउँदै थिए। उनी हिन्दू हुन्। उनले कसैको रोग निको पार्ने काम गर्दा त विभेद गरेका थिएनन् तर, उनको छोराले शिक्षाको क्षेत्रबाट विभेदको सिकार हुनु पऱ्यो। पाठ्यक्रममा पनि इस्लाम बाहेक अरू विषय पढाइन्न। एकजना ख्यातिप्राप्त वकिलसँग उनको घरमा भेट भयो। उनकी अठार वर्षे छोरीले बताइन् कि तीन दिन अघि उनको मास्टरले कक्षाकोठामा भने- "तिमीहरू ध्यानले सुन, भारतको महात्मा गान्धी बलात्कारी थियो।" इस्लाममा गुरूसँग प्रतिप्रश्न गर्न मनाही छ। ती छोरीले प्रतिप्रश्न गर्ने कुरै भएन। पाकिस्तानको कानूनले मुसलमान बाहेकलाई राष्ट्रपति, प्रधानमन्त्री, गभर्नर जस्ता पदमा नियुक्त हुन दिँदैन। पाकिस्तान अहिले संसारभरिका उग्रवादी मुसलमानहरूको आश्रयस्थल भएको छ। तिनको प्रतिकार गर्ने नाममा बलिया राष्ट्रहरूको प्रत्यक्ष कारबाही भोगिरहेछ। सक्षम नागरिकहरू विदेश पलायन भइरहेका छन्। परम्परागत रूपमा व्यापार, उद्योग र बौद्धिकतामा ख्याति प्राप्त पारसी समुदायको जनसङ्ख्या १९४७ को तुलनामा १० प्रतिशतमात्र बाँकी छ। क्षमता र स्रोत भएकाहरूको पलायनका कारण मानव संशाधन र आर्थिक स्रोतको भयानक कमी छ। प्रत्येक वर्ष पर्यटकको सङ्ख्यामा कमी आउँदैछ। कतिपय म्युजियममा हामी जाँदा त्यहाँका कर्मचारीले बल्ल ढोकाको ताल्चा खोलेर हामीलाई देखाए। सर्वत्र घुमाए। इश्वरै आए जस्तो गरे। तन्नेरी पुस्तामा आक्रोश छ। उनीहरू भन्दछन्- "मुल्ला र राजनीति नछुट्याउन्जेल हाम्रो भविष्य छैन।"

हामी नेपालमा बहुसङ्ख्यकलाई अग्राधिकार खोज्ने नेताहरूको मातहतमा परेका छौं। पाकिस्तानमा धार्मिक अग्रता छ। हामी जातीय अग्राधिकारको नारा लगाउँदै छौं। हाम्रा सभासदले नजिकैको पाकिस्तानको अध्ययन गर्नु जाति होला। यो सिक्नु जाति होला कि जात, जाति, धर्म र लिङ्ग नभनी क्षमता विकास र समृद्धि विकास गर्ने अवसरका लागि वैज्ञानिक सोचको विकल्प छैन। एउटा निरङ्कुश व्यवहारको जवाफ अर्को निरङ्कुशता हुन सक्तैन।

# भूमि अधिकारः सामाजिक न्याय र समृद्धिको आधार



केशव दाहाल

**भूमिसुधार र भूमिमाथि किसानहरूको अधिकार नेपालका लागि , नेपाली किसानहरूका लागि समृद्धि र सामाजिक न्यायको महत्वपूर्ण श्रोत हो । नेपालको सन्दर्भमा भूमि वितरण र व्यवस्थापनमा देखिएका अन्यायपूर्ण अवस्थाहरूका कारण नै सामाजिक-आर्थिक अन्तरविरोधहरू सृजना भएका हुन् ।**

**संसारलाई नियाल्दाः**

- अहिले विश्वमा करिब १८ करोड मानिसहरू खाद्य अभाव र कुपोषणबाट ग्रस्त छन् । लगभग १९ करोड मानिसहरू पूर्ण बेरोजगारीको अवस्थामा छन् । आगामी १० वर्षमा थप ५० करोड युवाहरू श्रमसंसारमा प्रवेश गर्दैछन् ।
- एक अर्ब ३० करोड मानिसहरू २ अमेरिकी डलरभन्दा कम आयमा दैनिक घर चलाउन बाध्य छन् ।
- संसारमा ५ अर्ब ३० करोड मानिसहरू सामाजिक सुरक्षाको अवसरबाट वञ्चित छन् । उनीहरू शिक्षा, स्वास्थका अवसरबाट पाखा पारिएका छन् । अझै १० करोडभन्दा धेरै बालबालिका प्राथमिक शिक्षा पाउनबाट वञ्चित छन् ।
- विश्वमा १ अर्बभन्दा धेरै मान्छेहरू झुपडीमा बस्दछन् भने १२ करोड ३० लाख भोकमरीको चपेटामा छन् ।
- २६ करोड २० लाख जनता जलवायु परिवर्तनबाट प्रभावित छन् भने ३३ करोड मानिसहरू बाढीका कारण विस्थापित भएका छन् । हरेक वर्ष २० लाख मानिसहरू वातावरण प्रदुषण र फोहोरका कारण मरिरहेका छन् । एसिया र अफ्रिकामा मात्रै आगामी सन् २०२५ सम्ममा १ अर्ब ८० करोड जनताले शुद्ध खानेपानी पाउने छैनन् ।

**नेपाललाई नियाल्दाः**

- नेपालमा ३१ प्रतिशतभन्दा धेरै जनता गरिबीको रेखामुनि छन् । नेपालका ७६ प्रतिशत जनता कृषिमा आश्रित छन् ।
- ग्रामीण किसान घरपरिवारमध्ये २९ प्रतिशतको आफ्नै जमिन छैन ।
- नेपालका खेती नगर्ने ५ प्रतिशत व्यक्तिको हातमा ३७ प्रतिशत जग्गा छ ।
- नेपालका कूल घरधुरीमध्ये २४ प्रतिशत किसानको आफ्नो खेती गर्ने जमिन छैन ।
- हिमालका ७ प्रतिशत, पहाडका २१ प्रतिशत र तराईका ३१ प्रतिशत घरधुरी कृषि भूमिहीन छन् ।
- कूल ४२.५३ लाख घरपरिवारमध्ये १०.३८ लाख घरपरिवारहरू कृषि भूमिहीन छन् ।
- राष्ट्रिय दलित आयोगको सर्वेक्षण, २००४ अनुसार देशका ५३ प्रतिशत दलित किसानहरूसित कुनै जमिन छैन ।
- १५ प्रतिशत पहाडी दलित भूमिहीन छन् भने तराईका ४४ प्रतिशत दलितहरू भूमिहीन छन् । खेतीयोग्य भूमिको १ प्रतिशत पनि दलितहरूको स्वामित्वमा छैन ।
- काठमाडौं उपत्यकासमेत पहाडी जिल्लामा १ लाख [illegible] हजार ५ सय २७ रोपनी र तराई[illegible] ९८,०२५ बिघा जमिन गुठी जग्गाको रूपमा रहेको छ ।
- कुल खेतीयोग्य जमिनको लगभग २० प्रतिशत हिस्सा बाँझो राखिएको छ ।
- करिब २ लाख १७ हजार परिवार बासविहीन छन् ।
- १०.८४ प्रतिशत महिलाहरूसँग मात्र धेरथोर भूमिको स्वामित्व छ ।

**किसानलाई जग्गासँग जोडिदिने तर अधिकार भने नदिने र सँगै पेटभर खानबाट पनि वञ्चित गर्ने अवस्था सृजना गरी वर्तमान भूमि व्यवस्थाले मुलुकको उत्पादक, श्रमजीवी शक्तिलाई स्वतन्त्र हुनबाट वञ्चित गरेको छ ।**

माथिका तथ्याङ्कहरूको श्रोत मूलतः गरीब मुलुकहरू हुन् । आधारभूत रूपमा एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा बसोबास गर्ने जनताहरू सामाजिक न्याय र समृद्धिबाट वञ्चित छन् । यसको मूलकारण सम्बन्धित देशको सामाजिक अर्थराजनीति हो । जसले करोडौं जनतालाई श्रोतहरूमाथिको स्वामित्वबाट बेदखल गरिदिएको छ भने किसानहरू भूमिको अधिकारबाट वञ्चित बनाइएका छन् । परिणामत गरिबी बढिरहेको छ, असामानता चुलिँदो छ, विभेद र शोषणले

विश्वका अरबौं जनता कष्टपूर्ण जीवन बाँच्न बाध्य रहेका छन् ।

नेपालमा सामाजिक रूपान्तरणको बहस गरिरहँदा अहिलेसम्म अन्यायमा पारिएका गरीब र अपहेलित वर्गको समुन्नति नै सबैभन्दा मुख्य र महत्वपूर्ण कुरा हो । त्यसका लागि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण हुनु अपरिहार्य छ । तर, यस्ता वर्गीय सवालहरूसँगै जातीय, लैङ्गिक, क्षेत्रीय समस्याहरूलाई समेत जोडेर हेर्नु पर्दछ । अधिकतम पाखा पारिएका, अधिकारबाट वञ्चित र गरीब समुदाय मूलत कृषि पेसासँग सम्बधित भएको हुँदा उनीहरूको भूमिअधिकारको सुनिश्चितता बिना नयाँ नेपालको कल्पना सम्भव हुँदैन । यसो भएपछि भूमिलगायतका प्राकृतिक स्रोतमाथिको अधिकारबाट वञ्चित दलित, गरिब, हलिया, हरूवा, चरुवा, मुक्त कमैया, कृषिश्रमिक, अव्यवस्थित बसोबासी, मोही तथा साना किसान, गुठी एवम् चुरेपीडित, गाउँ ब्लकवासी, भूमिहीन तथा सुकुमबासीहरूको समस्याको न्यायिक हल नभई मुलुकको पुर्नसंरचनाले मूर्त रूप लिन सक्दैन ।

## १. विषय प्रवेश

नेपालमा अहिले सामाजिक न्याय र आर्थिक उन्नतिको बहस सबैभन्दा तीव्र छ । विद्यमान शोषण, विभेद र गरिबीको अन्त्य गर्ने राजनीतिक प्रयत्नहरू जारी छन् । कसरी सामाजिक, आर्थिक र राजनीतिक न्याय सबैको पहुँचमा पुऱ्याउन सकिन्छ यसैको सेरोफेरोमा राज्य पुर्नसंरचना को खाका कोरिँदै छ । नेपालका दलितहरू, महिलाहरू, जनजातिहरू र गरीब किसानहरूको जीवनमा खुसियाली ल्याउन विगतमा भएका प्रयत्नहरूको समीक्षा र भावी रूपरेखा कोर्न छलफल र बहसहरू भइरहेका छन् । यो स्वभाविक पनि छ, किनभने नेपालका गरीब र पछाडि पारिएको समुदायको जीवनमा परिवर्तन र उनीहरूका लागि न्याय स्थापित नगरी न त जनआन्दोलनको सपना पूरा हुन्छ न त नयाँ नेपाल नै बन्ने छ ।

सामाजिक न्याय र आर्थिक समृद्धिको चर्चा गर्दा स्वभाविक रूपमा श्रोतको न्यायोचित वितरण र पहुँच मुल मुद्दाको रूपमा अगाडि आउँछ । किनभने श्रोतहरू माथिको अधिकार नै यस्तो अधिकार हो जसले अन्य अधिकारहरू सुरक्षित गर्न हरेक समुदायलाई सक्षम, सबल र सशक्त बनाउँछ । आर्थिक, सामाजिक र राजनीतिक अधिकारहरूको उपयोग त्यो अवस्थामा मात्र सम्भव हुन्छ जुनबेला कहालिलाग्दो गरिबीबाट व्यक्ति र समुदायलाई मुक्त गर्न सकिन्छ । त्यसपछि मात्र गरीबीबाट मुक्ति सम्भव हुन्छ, जुनबेला श्रोतहरूमाथि सबैको र मूलभूत रूपमा गरिब समुदायको अधिकार सुनिश्चित हुन्छ ।

नेपालको सन्दर्भमा वा सबै गरीब र सामन्तवादी आर्थिक ढाँचा भएका मुलुकहरूमा भूमि जीविकाको महत्वपूर्ण श्रोत र समृद्धिको आधार भएको हुँदा भूमिअधिकार र भूमिको वितरण व्यवस्थाले सम्बन्धित देशको विकासको आधारहरू निर्धारण गर्दछ । त्यसैले भूमिसुधार र भूमिमाथि किसानहरूको अधिकार नेपालका लागि , नेपाली किसानहरूका लागि समृद्धि र सामाजिक न्यायको महत्वपूर्ण श्रोत हो । नेपालको सन्दर्भमा भूमि वितरण र व्यवस्थापनमा देखिएका अन्यायपूर्ण अवस्थाहरूका कारण नै सामाजिक-आर्थिक अन्तरविरोधहरू सृजना भएका हुन् । यिनै कारणहरूको समाधानका लागि लामो द्वन्द्व र रक्तपातका समेतको पृष्ठभूमिमा दृष्टिगत गर्दै किसानको अधिकार स्थापित गर्नु आवश्यक छ ।

**अधिकतम् पाखा पारिएका, अधिकारबाट वञ्चित र गरीब समुदाय मूलत कृषि पेसासँग सम्बधित भएको हुँदा उनीहरूको भूमिअधिकारको सुनिश्चितता बिना नयाँ नेपालको कल्पना सम्भव हुँदैन ।**

## २. नेपालमा भूमिसुधारको राजनीति

नेपालमा भूमिअधिकारको सवाल २००६ सालदेखि नै उठाइएको सवाल हो । यो नेपालको प्रजातान्त्रिक आन्दोलनसँगै अगाडि बढाइएको उत्तिकै पुरानो आन्दोलन पनि हो । तर, राजनीतिक उतार-चढावहरू, परिवर्तनहरू र आन्दोलनहरूले राजनीतिक ढाँचा र प्रणलीमा धेरै परिवर्तन गरेको भए पनि आर्थिक सामाजिक संरचनामा कुनै महत्वपूर्ण एवम् सार्थक परिवर्तन गर्न सकेको छैन । त्यसैले भूमिसुधार नेपालमा राजनीतिक नाराको रूपमामात्र रहेको छ । त्यसैले अहिले पनि भूमि अधिकारको आन्दोलन जारी छ । सामन्तवादी आर्थिक रूपान्तरणको मुद्दा जस्ताको तस्तै छ । किसानहरू उही अभाव, गरीबी र शोषणमा बाँच्न बाध्य छन् ।

भूमिसुधार भनेको राज्यको चरित्रको रूपान्तरणसँग जोडिएको विषय हो । यो वर्गीय शक्तिसम्बन्धसँग सम्बन्धित विषय हो । यो नेपाली समाजको क्रन्तिकारी रूपान्तरणसँग जोडिएको सवाल हो । नेपालको वर्तमान भूमि वितरण व्यवस्था सामन्तवादी जगमा उभिएको छ । यो व्यवस्थामा ठूला भू-स्वामीहरूले आफ्नो खेतीपाती गर्नका लागि जमिन नहुने वा थोरै हुनेको श्रम शोषण गर्दछन् । पहाड, तराई र भित्री मधेशमा पाइने विभिन्न कमैया, बटैया, हलिया, उखडा र हरूवा-चरुवा जस्ता मध्ययुगीन दासप्रथा यही प्रणालीका उपज हुन् । कृषिमा अर्धबेरोजगारी हुनु, गैरकृषि क्षेत्रको विकास नहुनु, सुकुमवासी समस्या, अव्यवस्थित आवासका कारणहरू पनि यही त्रुटिपूर्ण भूमि व्यवस्था नै हो । किसानलाई जग्गासँग जोडिदिने तर अधिकार भने नदिने र सँगै पेटभर खानबाट पनि वञ्चित गर्ने अवस्था सृजना गरी वर्तमान भूमि व्यवस्थाले मुलुकको उत्पादक, श्रमजीवी शक्तिलाई स्वतन्त्र हुनबाट वञ्चित गरेको छ । यो अन्यायलाई टिकाउन हाम्रो भूमि प्रशासनले भूमिपतिहरूको पक्षमा काम गरिरहेको छ । खेतमा काम गर्ने अन्न फलाउने तर जमिनको अधिकार पनि नपाउने र अघाउँजी खानबाट पनि वञ्चित गरीबहरू नै राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रूपमा शोषित छन् । र,वर्तमान शक्ति सम्बन्धले यस्तो अन्यायपूर्ण भूमि

वितरण र व्यवस्थापनलाई जोगाइ राखेको छ ।

नेपालको सन्दर्भमा जमिन हुनेहरू नै सबै तहबाट माथि देखिएका छन् । राजनीतिमा यही वर्ग माथि छ । कर्मचारीतन्त्रमा भूमि हुनेहरूकै वर्चस्व छ । कसैलाई राजनीति, जागिर, ठेकेदारी, विदेशयात्रा र राज्यप्रदत सुविधाहरू सबै उपलब्ध हुने तर गरीब किसानहरूलाई जमिन समेत प्राप्त नहुनु आफैँमा अन्याय हो । राज्यको नीतिगत तहमा हुनेहरू कृषिमा सुधार गरेर उत्पादन बढाउने र प्रविधिको विस्तार गर्ने कुरा गरिरहेका छन् । तर एकोहोरो उत्पादन वृद्धिले मात्र सामाजिक रूपान्तरण हुँदैन । भूसम्बन्ध जस्ताको त्यस्तै राखेर उत्पादन बढ्दैमा गरीब किसानलाई नै फाइदा पुग्छ भन्ने निश्चित छैन । उत्पादन बढ्दैमा सामन्ती शोषण समाप्त हुन्छ भन्ने पनि छैन । जमिनको न्यायोचित वितरणले मात्र शोषणको अन्त्य, उत्पादन वृद्धि, आधारभूत अधिकारको प्रत्याभूत, किसानको समुन्नत जीवन सम्भव छ । किसानहरूलाई जमिन दिएरमात्र पुग्दैन । सो जमिन फेरि सामन्तको हातमा नपुग्ने व्यवस्था सँगैसँगै गरिनु पर्दछ ।

### ३. खाद्य सुरक्षा र प्राकृतिक श्रोतको अधिकार

भूमिअधिकारको सवाल खाद्य सम्प्रभुताको समेत मुख्य सवाल हो । खेतमा काम गर्नेहरू भोकै बस्नुपर्ने अन्यायपूर्ण उत्पादन सम्बन्धले खाद्य अधिकारलाई कुण्ठित पारेको छ । खासगरी उत्पादन सम्बन्धमा नै फेरबदल नगरी उब्जनी बढाउन सम्भव छैन र उब्जनी नबढाई सबैका लागि खाद्यान्न सुनिश्चित गर्न सकिँदैन । खेत जोत्नेहरूले आफ्नो भकारीमा धान थन्क्याउन नपाउने र व्यापारीले धानको मूल्य तोक्ने असङ्गतिपूर्ण व्यवस्था रहेसम्म खाद्य सुरक्षाले गरीबलाई भोकबाट बचाउन सक्दैन । त्यसैले भूमिअधिकारको सवाल खाद्य सम्प्रभुताको समेत सवाल हो । यसर्थ, खाद्य सम्प्रभुताको बहस भूमिसुधार सँग नजोड्ने हो भने यो सतही तर्क मात्र बन्न जान्छ ।

प्राकृतिक श्रोतमाथिको अधिकारका विषयमा आई.एल्.ओ. १६९ को समेत अहिले व्यापक चर्चा र बहस भइरहेको छ । राज्यको पुर्नसंरचनासँग सम्बन्धित यी मुद्दाहरू भूमिअधिकारसँग समेत सम्बन्धित छन् । स्थानीय श्रोत साधनका मालिक स्थानीय जनता नै हुन् । यसको अर्थ स्थानीय जमिनका मालिक पनि स्थानीय जनता नै हुन् । यसर्थ खाद्य सुरक्षाको प्रत्याभूत प्राकृतिक श्रोतमाथि स्थानीय जनता र आदिवासी जनजातिहरूको अधिकार स्थापनाका लागि समेत भूमिअधिकार सुरक्षित गर्न आवश्यक छ ।

### ४. भूमिसुधार आधा शताब्दीदेखिको राग :

#### क) पञ्चायत कालमा भूमिसुधारः

राणाकालमा जमिन मुठ्ठीभर मान्छेहरूमा केन्द्रित हुँदै जाने, उनीहरूले नै राजकीय सविधा प्राप्त गर्ने र जमिन नहुने गरीब सबै सुविधाहरूबाट वञ्चित हुनुपर्ने कारण जनतामा विद्रोहको वीजारोपण भयो । नक्कली तमसुक बनाउने, तालुकदारी प्रथा, चक्रबृद्धि ब्याज र भूमिपतिहरूको धेरैखाले चरम आर्थिक, सामाजिक शोषणबाट जनता आक्रान्त हुँदै गए । विश्वभर फैलिएको राजनीतिक चेतना विकसित बन्दै गयो र त्यसले प्रजातान्त्रिक चाहनालाई सङ्गठित गऱ्यो । वि.स. २००४ सालमा स्थापित काङ्ग्रेस पार्टी तथा वि.सं. २००६ सालमा स्थापित कम्युनिष्ट पार्टीले सामाजिक, आर्थिक विभेदबाट भड्किएको गरीब जनताको मनलाई राजनीतक ढङ्गले मलमपट्टी लगायो र सुरु भयो राणाशाही विरुद्धको जनआन्दोलन ।

जनआन्दोलनमा बहुमत गैरराजनीतिक समुदायको सहभागिता जुटाउन राजनीतिक दलहरूले किसानको पक्षमा नारा घन्काए । तत्काल सपना पूरा नहुँदा **"जसको जोत उसको पोत"** को नाराबाट जुर्मुराएका किसानहरू ००७ सालको प्रजातन्त्र पछिपनि विद्रोहमा उत्रिए । बारा, पर्सा, रौतहट लगायतका जिल्लाहरूमा किसानहरूले अधिकारको लागि बगावत गरे । २००८ सालदेखि नै व्यापक किसान आन्दोलन उठ्यो । भकारी फोड आन्दोलन, तमसुक जलाउने आन्दोलन, कृषि मजदुरहरूको हलो बन्द आन्दोलन जस्ता चर्चित किसान आन्दोलनहरू भए । किसान नेता भीमदत्त पन्तको सहादत भयो र यसले नेपालका जोताहा किसानहरूको सङ्गठित आन्दोलनको विजारोपण गऱ्यो ।

२०१६ सालमा ल्याइएको विर्ता उन्मूलन ऐनले मुलुकका सामन्तहरूको मुटुमा ढ्याङ्ग्रो बज्यो । जमिनदारहरू दलहरूसँग त्रसित भए र राजालाई तत्काल केही गर्न दवाब दिन थाले । सँगसँगै बढ्दै गएको राजनीतिक अन्तरविरोधले उग्ररूप लिएपछि तत्कालीन राजा महेन्द्रले दलहरूमाथि प्रतिबन्ध लगाए । राजा महेन्द्रलाई भलिभाती के थाहा थियो भने आफ्नो कदमलाई टिकाउने हो भने किसानहरूलाई विद्रोह गर्ने अवसर दिनु हुँदैन । त्यसैले सस्तो लोकप्रियता, किसान आन्दोलनको स्थगन र अनुपस्थित भूमिपतिहरूलाई जमिनमा स्वामित्व स्थापित गरिदिन भूमि ऐन २०२१ को घोषणा गरियो ।

पञ्चायती कालखण्डमा पनि नेपालको अर्थराजनीतिको मूल प्रश्न भूमि नै रह्यो । खासगरी राजा महेन्द्रको सामन्ती भूमि वितरण, कम्युनिष्टहरूको जनवादी भूमि वितरण र काङ्ग्रेसको कृषि उत्पादकत्व बृद्धि बीचको आन्तरिक राजनीतिक टकराव, वर्गीय स्वार्थ र मुक्तिको आपसी लडाइ पञ्चायतकाल भर चलिरह्यो ।

#### ख) प्रजातन्त्रमा भूमिसुधारः

२०४६ सालमा प्रजातन्त्र स्थापना होउन्जेलसम्म पनि नेपालको आर्थिक प्रणाली कृषिनिर्भर नै थियो । जनसङ्ख्याको ठूलो हिस्सा रहेको कृषक वर्गलाई आफ्नो पक्षमा ल्याउन **"जमिन कस्को जोत्नेको"** भन्ने नारालाई चरितार्थ गर्नैपर्ने अवस्था आयो । त्यसैले आफ्नो सैद्धान्तिक दिशा निरूपण गर्दा वा संसदीय निर्वाचनमा सहभागी हुँदा दलहरूले किसानहरूको समस्या सम्बोधन गर्न केही महत्वपूर्ण प्रगतिशील प्रस्तावहरू पनि प्रस्तुत गरे ।

सबैभन्दा पुरानो राजनीतिक दल नेपाली काङ्ग्रेसले २०४८ सालको चुनावी घोषणापत्रमा नै जमिनमा जोत्नेको अधिकार कायम गराउने र द्वैध स्वामित्वको अन्त्य गर्ने नीति र कार्यक्रम अगाडि साऱ्यो । मोहीको हित संरक्षण गर्ने, उत्पादन बृद्धिका लागि किसानहरूलाई प्रोत्साहन गर्ने, सीमाभन्दा बढी जमिन राख्नेलाई कर लिने

र सुकुमबासी जनताहरूलाई भूमि वितरण गरी बसोबास गराउने कार्यक्रमहरू काङ्ग्रेसको चुनावी घोषणापत्रमार्फत सार्वजनिक गरियो । २०५१ सालको दोस्रो निर्वाचनमा पनि काङ्ग्रेसले अघिल्लो प्रतिबद्धतालाई पूरा गर्ने कुरा दोहोऱ्यायो । तर उसले आफ्नो घोषणापत्रलाई कार्यान्वयन गर्न सकेन । तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री जगन्नाथ आचार्यले २०४८ सालको आफ्नो कार्याकालमा शुरु गरेका नयाँ कामहरूको कार्यान्वयन नहुँदै उनी मन्त्रीमण्डलबाट हटाइनु र काङ्ग्रेसको नेतृत्वबाटै न्यायोचित भूमि वितरणमा भाँजो हालिनुले भूमि राजनीतिमा नेपाली काङ्ग्रेसको प्रतिबद्धता र उसको चरित्र माथि पुनरावलोकन गर्नु पर्ने आवश्यकता देखियो ।

झापा किसान विद्रोह र वर्गीय युद्धको घोषणाबाट जन्मिएको नेकपा एमालेले आफ्नो राजनीतिको मुख्य शक्ति किसानलाई ठान्यो र भूमिहीन, गरीब र शोषितहरूको पक्षमा नयाँ जनवादी सत्ता स्थापना गर्ने राजनीति सुरु गऱ्यो । किसानहरूले सचेत विद्रोह गरी आफ्नो हक सामन्तहरूबाट छिन्ने छन् भन्ने मान्यताबाट राजनीति सुरु गरेको एमाले बहुदलीय जनवादको बाटो हुँदै अहिलेसम्म आइपुग्दा हदमाथिको जमिन सामन्तलाई क्षतिपूर्ति दिएर राष्ट्रियकरण गरिने मान्यतामा आइपुगेको छ ।

२०४८ सालको निर्वाचनमा **बेघरबारलाई घर घरेडी, बेरोजगारलाई काम, जोताहालाई खेतबारी भोकालाई माम** भन्ने नाराबाट चुनावी अभियान सुरु गर्ने नेकपा एमालेले सामन्ती उत्पीडनबाट किसानहरूलाई मुक्त गर्ने घोषणा गऱ्यो । मोहीयानी हक दिई जमिनको द्वैध स्वामित्व अन्त्य गर्ने, भूमिको न्यायोचित वितरण गर्ने, विर्ता, गुठी जमिन जोताहालाई दिने, सहकारितालाई प्रोत्साहन गर्ने र भूमिमा प्रगतिशील सुधार गर्ने एमालेले कार्यक्रम अगाडि साऱ्यो । बहुमत नआएको कारण ०४८ मा एमाले सरकारमा जान सकेन । २०५१ सालमा सबैभन्दा ठूलो राजनीतिक दलको रूपमा संसद्मा उपस्थित भई एमालेले ९ महिना सरकार सञ्चलान गर्ने अवसर प्राप्त गऱ्यो । **"सामन्ती भू-स्वामित्वको अन्त्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरता"** भन्ने नाराका साथ विजय हासिल गरेको एमालेले सामाजिक न्याय र उत्पादन बृद्धिका लागि नेपालको भूमि व्यवस्था र कृषि विकासका लागि सुझाव पेश गर्न केशव बडालको अध्यक्षतामा ०५१ सालमा बडाल आयोगको गठन गरी काम गर्ने तत्परता देखाए तापनि त्यसले निरन्तरता पाउन सकेन । यो पार्टीले त्यसपछिका वर्षहरूमा आफूलाई भूमिसुधारको आन्दोलनको नेताको रूपमा स्थापित गर्न सकेन ।

पूर्वपञ्चहरू सम्मिलित राष्ट्रिय प्रजातन्त्र पार्टीले २०५६ सालको आफ्नो चुनावी घोषणापत्रमा **"उत्पादन वृद्धि र न्यायका लागि भूमिसुधार"** भनेर आफ्नो अवधारणालाई अगाडि सारे । नेकपा एमाले र काङ्ग्रेसको झैं यसले पनि जमिनमा दोहोरो स्वामित्वको अन्त्य गर्ने र भूमिहीनका समस्या समाधान गर्ने घोषणा गऱ्यो । तर आफ्नो पुरानो पञ्चायती पृष्ठभूमि, वर्गीय चरित्रका कारण राप्रपाले आफ्नो घोषित कार्यक्रमहरू कार्यान्वयन गर्न प्रयत्न गरेको देखिँदैन ।

### ग) लोकतन्त्रमा भूमिसुधार

लोकतान्त्रिक आन्दोलनमा अधिकतम् गरीब किसानहरूको सहभागिता थियो । त्यसो त १० वर्षे माओवादी जनयुद्धमा समेत गरीबहरूको सहभागिता र आकर्षण व्यापक थियो । यसको मूल कारण हो कि गरीब किसानहरू तत्कालीन राजनीतिक प्रणालीले उनीहरूको जीवनमा परिवर्तन ल्याउन सकेन र लोकतन्त्रले उनीहरूलाई समृद्धि दिने छ भन्ने अपेक्षामा थिए । जनअपेक्षा अनुसार नै पार्टीहरूले समेत जनतालाई आश्वस्त गरेकै हुन् । त्यसैले भूमिसुधारलाई शान्ति सम्झौता अन्तरिम संविधान र अन्य सबै सम्झौता र बाचाहरूमा समेत प्रमुखताका साथ उठाइएको थियो । संविधानसभाको निर्वाचनमा दलहरूले आफ्नो घोषणा र प्रतिबद्धतापत्र जारी गरेका थिए र त्यसमा पनि भूमिसुधारले यथेष्ठ स्थान पाएको थियो । तर फेरि पनि नेपालका राजनीतिक दलहरूको बाचा बिर्सिने समस्या दोहोरियो । उनीहरूको भूमि सुधारको प्रतिबद्धता कमजोर हुँदै गयो । लोकतान्त्रिक आन्दोलन पछिको अन्तरिम सरकार र संविधानसभाको निर्वाचनपछि बनेको एनेकपा माओवादीले नेतृत्व गरेको सरकारले समेत भूमिसुधारका पक्षमा काम गर्न सकेन । माओवादी जनयुद्धकालमा जमिन कब्जा गरेर उधुम मच्चाएको ए माओवादी ले न त कब्जा गरिएको जमिनको स्वामित्वको छिनोफानो गऱ्यो न त भूमिसुधार नै । एमाले कालमा बनेको उच्चस्तरीय भूमिसुधार आयोगकै निरन्तरताको रूपमा भूमिसुधारको सुझाव दिन माओवादी सरकारले समेत हरिबोल गजुरेलको अध्यक्षतामा उच्चस्तरीय भूमिसुधार आयोगको गठन गऱ्यो । तर, आयोगले आशातित रूपमा कामलाई अगाडि बढाउन सकेन । माओवादी सरकारको विघटनपछि बनेको नेकपा एमालेको नेतृत्वमा बनेको संयुक्त सरकारले समेत उही पुरानै बाटो समात्यो ।

अहिलेको सन्दर्भमा सुझाव आयोग नभई कार्यान्वयन आयोगको आवश्यकता हो । तर सरकार भूमिसुधारको अपेक्षा पूरा गर्न कार्यान्वयको चरणमा प्रवेश नै गरिरहेको छैन । बरु, उस्तै प्रकृतिका सुकुमवासी आयोग, कमैया आयोगहरू बनाई विषयलाई अल्झाईरहेको छ । जसका कारण लोकतन्त्र प्रति नै गरिब किसानहरूको अनास्था सृजना भइरहेको छ । निरासा अझ गहिरो हुँदै गएको छ । विद्यमान विभेद र शोषणको अन्त्य हुने सपना सपनामा मात्र सिमित भएको छ ।

राजनीतिक दलहरू स्वार्थमुखी देखिए । आफ्ना सिद्धान्तबाट विचलित, मूल्य मान्यताहरूलाई भत्काउने र सत्तालिप्त हुने हुँदा राजनीतिक दलहरूका लागि भूमि अधिकारको सवाल फगत किसानको भोट तान्ने खेलमात्र बन्न पुग्यो । विश्व व्यापार सङ्गठनमा नेपालको सदस्यता, कृषि अनुदान कटौती लगायतका प्रस्ताव किसानको विपरीत गरिएका सरकारी प्रस्तावहरू हुन् ।

### ५. भूमिअधिकार स्थापनाका लागि राजनीतिक दलहरूको भूमिका :

किसान सङ्घ सङ्गठनहरूमा पदासिन गैरकिसानहरूबाट किसानहरूमा नेतृत्व हस्तान्तरण गर्नु, आन्दोलनमा गरीब किसानहरूको नेतृत्व स्थापित गर्नु, आन्दोलनका सवालहरूलाई जनताका आधारभूत सवालहरूसँग जोड्नु र समस्या

समाधानको लागि किसानहरूलाई व्यापक परिचालन गर्नु आवश्यक छ । यसरी किसानहरूको आन्दोलन बलियो हुँदै जान्छ ।

भूमिसुधारका लागि राजनीतिक दलहरूको सहयोग चाहिन्छ । किनभने भूमिसुधार राजनीतिक काम हो । यसलाई सामाजिक आन्दोलनले सहयोग गर्नु पर्दछ । अर्को तिर राज्यको वर्तमान शक्ति सन्तुलन र चरित्रबाट किसानहरूको हित प्रवर्द्धन हुन सक्ने अवस्था नदेखिएको हुँदा राज्यको संरचनागत परिवर्तन, लोकतान्त्रिकीकरण र व्यापक जनसहभागितामा जनअधिकारको बहालीका लागि हुने आन्दोलनमा ऐक्यबद्धता साथ अगाडि बढ्नु आवश्यक छ । सबै परिवर्तनको केन्द्र राजनीति नै हो अतः किसान आन्दोलनलाई राजनीतिक आन्दोलन र रूपान्तरणसँग जोडेर हेर्नु पर्दछ। लोकतन्त्रलाई भूमिसुधारसँग जोड्न आवश्यक छ। अनिमात्र लोकतन्त्र नेपालका गरिब किसानहरूको आगन र खेतमा समेत आएको आभास मिल्नेछ ।

**६. भूमिसुधारका लागि केही प्रस्तावहरू:**

- भूमिसुधार भनेको भूमिको स्वामित्वलाई किसानमुखी बनाउनु मात्र हैन अझ अगाडि बढेर उत्पादकत्व बृद्धि, कृषिको आधुनिकीकरण, सहकारिकरण र बजार प्रवर्द्धनहरू पनि हुन् । यो गरीब किसानहरूको मात्र मुद्दा नभई आधुनिक र औद्योगिक राष्ट्र निर्माण र पूँजिको विकास गर्ने काम पनि हो । यो निरन्तर अगाडि बढाउनु पर्ने राज्यको आधारभूत काम हो । यसका लागि निम्नानुसार काम थाल्न सकिन्छ ।
- खेतीमा आश्रित, खेतीमै श्रम गर्ने भूमि अधिकारबाट वञ्चितहरूका लागि भूमिअधिकार सुनिश्चित हुने गरी जनमुखी र सामाजिक न्यायमा आधारित भूमिसुधार कार्यक्रम यथाशीघ्र कार्यान्वियन आवश्यक छ ।
- जोताहामुखी भूमिसुधारका निम्ति जोत्नेलाई भूमिको मालिक बनाउने र अन्यायपूर्ण ढङ्गले जमिन कब्जा गर्नेहरूलाई विना "क्षतिपूर्ति" (सर्तयुक्त क्षतिपूर्ति) लगाउन सकिने संवैधानिक प्रावधान स्थापित गर्ने गरी जल, जमिन, जङ्गल जस्ता प्राकृतिक स्रोतलाई निजी सम्पत्ति मानिने संवैधानिक व्यवस्था खारेज गरी सामुदायिक स्रोतको रूपमा स्थापित गरिनु पर्दछ ।
- सामन्ती भूमि व्यवस्थाका कारण सृजित कुप्रथाहरू कमैया, कम्लरी, हलिया, बालीघरे, डोली, गुहारे, हरूवा चरुवाहरू र उनीहरूको नाममा रहेको ऋण खारेज गरी जोत भोगका आधारमा पाउने मोहियानी हक कायम गरी जमिनको मालिक बनाउन राज्यले नै तत्काल तदारुकता लिनु पर्दछ ।
- वास्तविक सुकुमवासीलाई बास र कृषिमा आधारित सुकुमवासी किसान परिवारलाई खेतीका लागि आवश्यक (स्थानीय स्तरमा भूमि नक्शाङ्कनका आधारमा) जमिन उपलब्ध गराई उनीहरूको जीविकाको प्रत्याभूत गरिनुपर्दछ । अव्यवस्थित बसोबासीहरूले भोग गरिरहेको जग्गा उनीहरूकै नाममा दर्ता गरी जमिनको मालिक बनाउनु पर्दछ ।
- गुठीका जग्गालाई वर्गीकरण गरी शहरी क्षेत्रका गुठीका जग्गाहरूलाई व्यापारिक भवनहरूमा उपयोग गर्ने र खेतीमा उपयोग भइरहेका गुठीका जग्गाहरू जोताहा कृषकहरूको नाममा रैकर गरिनु पर्दछ । बाग, बगैंचा र मठ मन्दिरले ओगटेका जग्गा गुठी संस्थानकै नाममा रैकर गरिनु पर्दछ ।
- दर्ता नभएका तर जोतिरहेका सबै मोहीहरूको स्थलगत लगत लिई स्थानीय निकायको सिफारिश, सर्जमिन र साक्षीहरूको बयान समेतका आधारमा तत्काल मोहियानी हक दर्ता प्रमाणपत्र वितरण गरी हकले पाउने जग्गा दिने व्यवस्था मिलाइनु आवश्यक छ ।
- एक व्यक्ति वा परिवारका नाममा देशभरि एउटै धनीपूर्जा नम्बर कायम गरी लैङ्गिक समानताको ग्यारेन्टीका लागि त्यस्तो धनीपूर्जा पति पत्नी दुवैको संयुक्त नाममा वितरण गरी महिलालाईसमेत जमिनको मालिक बनाउनु पर्दछ ।
- आदिवासी जनजातिले परम्परागत रूपमा चर्चिँदै आएका एवं संरक्षण गर्दै आएका सामुदायिक भू-क्षेत्रलाई (चरन, खोरिया इत्यादी) सम्बन्धित जनजातिको सामूहिक अधिकार स्थापित हुने कानुनी व्यवस्था गर्नु आवश्यक छ ।
- कुनै पनि विदेशी बहुराष्ट्रिय कम्पनीले नेपाली भूमिको स्वामित्व पाउन सक्ने तथा कृषि उत्पादनको क्षेत्रमा लगानी गर्न बन्देज आवश्यक छ । कृषि उद्यमका निम्ति किसानहरूकै सहकारीलाई प्रोत्साहन गरी कृषिमा संलग्न नहुने विशुद्ध नाफामुखी लगानीकर्ताहरूलाई कृषि क्षेत्रमा प्रवेश नदिने व्यवस्था गरिनु पर्दछ ।
- अहिलेको न्याय प्रशासन ढिलो, झन्झटिलो र खर्चिलो छ । त्यसैले जमिनको विषयलाई लिएर हुने विवादमा गरीबहरू नै मर्कामा पर्ने गरेका छन् । भूमि सम्बन्धी मुद्दाहरूलाई सही ढङ्गले निरूपण गर्न भूमि अदालत खडा गरिनु पर्दछ ।
- भूमि वितरण, व्यवस्थापन र सुधार सम्बन्धी व्यवस्थालाई नियमन गर्न र सरकारलाई सघाउनको लागि भूमिअधिकारबाट वञ्चित, अधिकारवादी र विज्ञहरू समेतको सहभागितामा अधिकारसंपन्न स्थायी प्रकृतिको भूमिसुधार प्रतिष्ठान खडा गरिनु पर्दछ ।
- गयल जमिन्दारीमाथि कानुनतः प्रतिबन्ध लगाउनु पर्दछ । जमिनमाथि हदबन्दी तोकिनु पर्दछ । हदबन्दी तोक्दा जग्गाको गुणस्तर, मूल्य र भौगोलिक बनावट एवम् जग्गाको उपलब्धताको आधारमा तोकिनुपर्दछ । कीर्ते बाँडफाँड, झुठा, व्यक्तिका नाममा जग्गा दर्ता वा नक्कली पारपाचुके गरी लुकाइएका जग्गाको राष्ट्रियकरण गरिनुपर्दछ ।
- कुनै मुनासिब कारण बिना दुई वर्षभन्दा बढी बाँझो जग्गा राखेमा सो जग्गा राष्ट्रियकरण गरिनुपर्दछ । खेतीयोग्य जग्गामा घर बनाउने र बस्ती बसाल्ने कुरामा प्रतिबन्ध लगाइनु पर्दछ । शहरी विकास र भूउपयोगको राष्ट्रिय नीति तर्जुमा गरिनु पर्दछ ।

# वर्तमान तराई/मधेशको आन्दोलनका समस्या र समाधान



**लालबाबु यादव**
सहप्राध्यापक राजनीतिशास्त्र

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपाल : २००८ ले नेपालको मधेश/तराईको द्वन्द्व सम्बन्धी तयार पारेको प्रतवेदनमा जनाइएअनुसार विस्तृत शान्ति सम्झौता २०६३ पछि नेपाल सरकारको सबैभन्दा ठूलो चुनौती जनताको सुरक्षा र मानवअधिकारको सुरक्षा हो। खास गरेर मधेश/तराई मा ५७ जना नेपाली सुरक्षा निकायबाट मारिएका छन्। जसमा ३९ घटनामा १६ वटा मुद्दामा व्यक्तिलाई गिरफ्तार गरिसकेपछि हत्या गरिएको उल्लेख छ।**

*"शान्ति जहिले पनि शान्तिको माध्यमबाट नै आउँछ"।*

**– गौतम बुद्ध**

**द्वन्द्व उद्गमन्का कारण**

द्वन्द्वविश्लेषक ब्राउनले द्वन्द्वलाई चार किसिममा विभाजन गरेका छन्। मुख्यतः यी नै चारओटा कारणले समाज वा राज्यमा द्वन्द्वको प्रार्दुभाव हुन्छ। पहिलो कारण संरचनागत दोश्रो राजनीतिक तेश्रो आर्थिक तथा सामाजिक कारण र चौथो साँस्कृतिक कारण रहेका छन्। यी सबै कारणहरूको विश्लेषण गर्न सम्भव न भएकोले केही मात्र कारणहरूको यहाँ मधेशसँग सन्दर्भ गाँसेर व्याख्या गरिएको छ। राज्य प्रणाली र श्रोत र साधनमा केही व्यक्ति र निश्चित समूहको लामो समयसम्म आधिपत्य रह्यो भने र समाजमा रहेका अन्य वर्ग वा समूहलाई उपेक्षा वा सहभागी गराइएन भने द्वन्द्वको सृजना हुने पृष्ठभूमि तयार हुन्छ। यिनै पृष्ठभूमिमा मधेश आन्दोलन वा मधेशमा द्वन्द्व सृजना भएको हो भन्ने विषयमा कुनै विवाद छैन। तर, द्वन्द्व समाधानका लागि सार्थक प्रयत्न नभएका कारण मधेशको मानवअधिकार अवस्था दिनानुदिन बिग्रँदै गइरहेको छ।

**तराई/मधेश र मधेशी मूलको नागरिकको समस्या**

मधेशी मूलका नेपालीलाई पहिचानको समस्या अहिलेसम्म पनि विद्यमान छ। उनीहरूलाई अझै पनि भारतीय मुलका नागरिक जस्तो व्यवहार गरिन्छ। साथै उनीहरूको राष्ट्रियतामा जहिले पनि शङ्काको दृष्टिले हेर्ने गरिएको छ। मधेशीले विद्रोह गर्दा राज्यले सम्झौता गर्छ। तर, व्यवहारिक धरातलमा यसको कार्यान्वयनको पक्ष एकदमै कमजोर रहेको छ। राज्य र मधेशी मोर्चाले गरेको सम्झौता व्यवहारमा कार्यान्वयन नगर्नु, सरकार र मुख्य राजनीतिक दलले अग्रसरता देखाउन नसक्नु वा न चाहनु, राज्यको हरेक अङ्ग कार्यपालिका, न्यायपालिका र राजनीतिक नियुक्तिहरूमा मधेशी समुदायलाई उचित प्रतिनिधित्व दिन नसक्नु, प्रमुख राजनीतिक दलले आफ्नो केन्द्रीय कार्यसमिति र महत्वपूर्ण (पार्टी) पद दिन नसक्नु, लोकसेवा आयोग, प्रहरी प्रशासन, सैनिक सेवा आदिमा मधेशीमूलका नेपालीलाई उचित समावेश नगराउनु आदि। नेपालको मधेश/तराईमा ४२ वटा सशस्त्र समूहहरू सक्रिय छन्। तर, उनीहरूको वास्तविक माग अध्ययन अनुसन्धान गरी, राजनीतिक दल, विद्रोही समूह र अपराधी समूह आदि छुट्ट्याउन सरकार असक्षम भएको देखिन्छ। केही सशस्त्र समूह र सरकारले शान्ति सम्झौता गर्ने, हतियार बुझाउने, आममाफी, रिहाइ तथा मुद्दा फिर्ता लिने सहमति गर्ने तर कार्यान्वयन गर्न नसक्ने। राज्य र सरकारले मधेश/तराईमा विकास कार्यक्रम रोजगारको प्याकेज कार्यक्रममा ध्यान दिन असक्षम भएको देखिन्छ।

मधेश/तराईमा पहाडीमूलका नेपाली नागरिकले जनआन्दोलन २०६३ पछि असुरक्षित अनुभव गर्नु, उनीहरूको सम्पति, ज्यानको असुरक्षा महसुस हुन थालेको छ जसबाट भएको विस्थापनको विषयमा कसैले चासो राखेका छैनन्। पहाडी मूलका नेपाली नागरिकको जनसङ्ख्या मधेश तराईमा ३४ प्रतिशत छ। उनीहरू पुस्तौँदेखि बस्दै आएका छन्। उनीहरू त्यहींको संस्कतिमा समाहित भइसकेका छन्। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपाल : २००८ ले नेपालको मधेश/तराईको द्वन्द्व सम्बन्धी तयार पारेको प्रतवेदनमा जनाएअनुसार विस्तृत शान्ति सम्झौता २०६३ पछि नेपाल सरकारको सबैभन्दा ठूलो चुनौती जनताको सुरक्षा र मानवअधिकारको सुरक्षा हो। खास गरेर मधेश/तराई मा ५७ जना नेपाली सुरक्षा निकायबाट मारिएका छन्। जसमा ३९ घटनामा १६ वटा मुद्दामा व्यक्तिलाई गिरफ्तार गरिसकेपछि हत्या गरिएको उल्लेख छ। त्यो प्रतिवेदन अनुसार बढ्दो असुरक्षालाई नियन्त्रण गर्न राज्यले कानुनलाई सम्मान गर्ने र अनुशासन लागू गरे पनि ती नियमहरू अन्तर्राष्ट्रिय मानवअधिकार अनुसार हुनुपर्छ भन्नेमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको जोड छ।

नेपालको राजनीतिमा सीमान्तकृत समूहहरू जस्तै महिला, मधेशी, (तराई), जनजाति र दलित आदिलाई अत्यन्त न्यून भूमिका दिएको थियो। खास गरेर नेपालमा मधेश/तराईमा बसोवास गरेका मधेशी समुदायप्रति नेपालको एकीकरणदेखि नै विभेद गर्ने र दोस्रो दर्जाको नागरिक भनेर

हेपिएको र अन्याय परेको अवस्था रहेको थियो । जसले गर्दा २०६३ को जनआन्दालनको सफलता र त्यसपछि नेपालको अन्तरिम संविधान ०६३ को घोषणाको भोलिपल्टदेखि नै मधेश/तराईको आन्दोलन सशक्त रूपमा देखिन थाल्यो । नेपालको अन्तरिम संविधान, २०६३ माघ १ गते अन्तरिम व्यवस्थापिका/संसदबाट अनुमोदन भई नेपालको अन्तरिम संविधान घोषणा भयो ।

मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा ०६३ माघ २ गते काठमाडौंको माइतीघर मण्डलामा अन्तरिम संविधान जलाउने र अन्तरिम संविधान मधेशी समुदायको मुद्दा समावेश नगरेको र विभेद कायमै रहेको भनी मधेश/तराई आन्दोलन भयो । फोरमको अध्यक्ष उपेन्द्र यादवसहित केही फोरमका कार्यकर्ताहरू संविधान जलाएको आरोपमा गिरफ्तार भए । यसको विरूद्ध मधेश/तराई विराटनगर, सिरहा, मलङ्गवा र वीरगञ्ज आदि ठाउँमा हिंसात्मक आन्दोलन आरम्भ भयो । रमेश महतोको मृत्युपछि मधेश आन्दोलनले झन उग्र रुप लियो । मधेशीहरूको आन्दोलनको दवावमा तत्कालीन अन्तरिम सरकार मधेशी समुदायले उठाएका मागहरू बारे बोल्न बाध्य भयो । नेपाल सरकारले अन्तरिम संविधानमा ०६३ साल फाल्गुन २५ गते संशोधन गऱ्यो ।

मधेशीहरू खास गरेर आफ्ना तीन वटा प्रमुख माग पहिचान, पहुँच र प्रतिनिधित्वका माग गर्दै आन्दोलनमा सक्रिय भएका थिए । खास गरेर २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि नेपाल तराई काङ्ग्रेस (वेदानन्द झा) ले नेपालमा तराईलाई सङ्घ (फेडरल) बनाउनु पर्छ र हिन्दी भाषालाई राष्ट्रिय मान्यता दिनुपर्छ भनेर आन्दोलन गरेका थिए । त्यस्तै, २०४२ सालमा नेपाल सद्भावना परिषद् ( गजेन्द्रनारायण सिंह) गठन भइ पञ्चायतकालमा पनि आन्दोलन गरेका थियो ।

२०४६ को जनआन्दोलनमा पनि मधेशीहरूको महत्वपूर्ण योगदान रह्यो । जनआन्दोलन ०६२-०६३ मा प्रमुख राजनीतिक दलहरूको मुख्य नारा नै राज्यको पुर्नसंरचना, समावेशी लोकतन्त्र र सङ्घीयता थियो । जसको वैधता संविधानसभाको निर्वाचनमार्फत हुने अपेक्षा गरिएको थियो । तर, ०६२-०६३ को जनआन्दोलनबाट लोकतन्त्रको स्थापना भए पनि राजनीतिक दल र सरकारको मधेश र मधेशीप्रतिको धारणामा कुनै खास परिवर्तन आएन । २०६३ सालमा भएको मधेश विद्रोहले सरकारलाई नेपालको अन्तरिम संविधानमा संशोधन गर्न बाध्य पाऱ्यो । नेपाल सरकारले अन्तरिम संविधानमा २०६३ फागुन २५ गते संशोधन गरी निम्नलिखित बुँदाहरू संविधानमा थप गऱ्यो ।

- राज्य संरचनामा मधेशी, दलित, महिला जनजाति, पछिडिएको आदिलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।
- जनसङ्ख्याको आधारमा संविधानसभाको निर्वाचन क्षेत्र कायम गर्ने ।
- सङ्घीय शासन प्रणाली अवलम्बन गरिने ।

> **मधेशीमूलका नागरिकलाई राज्यको हरेक अङ्गको साथै राजनीतिक दलहरूले पनि आफ्नो मातहतको निकायमा सम्मान र समान सहभागिता गराउनु पर्छ । नेपाल सरकार र संयुक्त मधेशी मुक्ति मोर्चाबीच भएको सहमति व्यवहारिक रूपमा अक्षरशः कार्यान्वयन गर्नुपर्छ । सङ्घीय शासन व्यवस्था लागू गर्न सरकार र प्रमुख राजनीतिक दलहरू प्रष्ट हुनुपर्छ ।**

**तराई मधेश आन्दोलनउत्तरको अवस्था**

- नेपालको अन्तरिम संविधान ०६३ मा पहिलो पटक मधेशी शब्दको उल्लेख गरिएको छ ।
- संविधानसभामा मधेशी समुदायको प्रतिनिधित्वको सुनुश्चित गरियो जसमा मधेशका महिला, जनजाति र दलितको पनि प्रतिनिधित्व रहेको छ ।
- नेपालका प्रथम राष्ट्रपति तथा उपराष्ट्रपतिको पदमा मधेशी समुदायका व्यक्ति आसिन भए ।
- उपराष्ट्रपतिले मैथिली भाषामा सपथग्रहण गरी मैथिली भाषालाई पनि मान्यता दिए ।

**नेपाल सरकार र संयुक्त मधेशी लोकतान्त्रिक मोर्चाबीचको सम्झौता**

नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री र मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रिक पार्टी र नेपाल सद्भावना पार्टीबीच आठ बुँदे सम्झौता भएको थियो ।

१. मधेश आन्दोलनमा शहादत प्राप्त गरेका नेपालीहरूलाई सहिद घोषणा र परिवारलाई १० लाख रूपिया राज्यले प्रदान गर्ने ।
२. मधेशलाई स्वायत प्रदेशको घोषणा गरिने ।
३. नेपाल सरकारले राज्यको हरेक अङ्गमा राजनीति नियुक्ति, पदोन्तति र सुरक्षा अङ्गहरूमा मधेशी, दलित तथा जनजाति आदिलाई जनसङ्ख्याको आधारमा प्रतिनिधित्व गराउने ।
४. नेपाली सेनामा मधेशी र सीमान्तकृत समूहलाई समावेशीको आधारमा भर्ना गर्नुपर्ने ।
५. मधेशमा सक्रिय रहेका सशस्त्र समूहहरूलाई वार्तामा आउन नेपाल सरकार र संयुक्त मधेशी मोर्चाले संयुक्त रूपमा अनुरोध गर्ने ।
६. २२ बुँदे सम्झौतामा उल्लेख भएअनुसार नेपाल सरकारले मधेशी जनअधिकार फोरमका नेता तथा कार्यकर्तालाई रिहाई गर्ने र मुदा फिर्ता लिने ।
७. सबै प्रकारको विरोध र हिंसा मधेशमा अविलम्ब समाप्त पार्ने लगायतका

सम्झौताहरू भए। तर, राज्यले यी सबै सम्झौता व्यवहारमा लागू गरेको देखिएन। यसबाट राज्य र विरोधी पक्ष सहमति र सम्झौता गर्ने तर कार्यान्वयन गर्न न चाहने वा गर्न नसक्ने देखियो।

**मधेश द्वन्द्वका समाधानका उपायहरू**

नेपालमा महिलाको शोषण पुरूषबाट, मधेशी मुलका व्यक्तिलाई पहाडी मुलको व्यक्तिबाट, जनजातिको शोषण खस (बाहुन क्षेत्री) र दलितको शोषण गैरदलितबाट भएको हो त ? के सबै सीमान्तकृत समूह यिनीहरू पीडित छन् त ? उनीहरूले यी समुदायलाई शोषकको रूपमा हेरेका हुन् त ? यसलाई कुन रूपमा र कसरी लिइएको छ त ? यसको गलत बुझाइले समस्याहरू सृजना भइरहेका त छैनन् ? यस विषयमा सञ्चारजगत सचेत हुँदै सामाजिक उत्तरदायित्व निर्वाह गर्नु जरुरी छ।

**राज्य प्रणाली र श्रोत र साधनमा केही व्यक्ति र निश्चित समूहको लामो समयसम्म आधिपत्य रह्यो भने र समाजमा रहेका अन्य वर्ग वा समूहलाई उपेक्षा वा सहभागी गराइएन भने द्वन्द्वको सृजना हुने पृष्ठभूमि तयार हुन्छ। यिनै पृष्ठभूमिमा मधेश आन्दोलन वा मधेशमा द्वन्द्व सृजना भएको हो भन्ने विषयमा कुनै विवाद छैन। तर , द्वन्द्व समाधानका लागि सार्थक प्रयत्न नभएका कारण मधेशको मानवअधिकार अवस्था दिनानुदिन बिग्रँदै गइरहेको छ।**

नेपालका मधेशी मुलका नागरिकलाई 'पहिचान' को समस्या छ। मधेशी मूलका नागरिक नेपालका आदिवासी नेपाली हुन्। यिनीहरू भारतीय मुलका होइनन् भन्ने पहिले सम्पूर्ण गैरमधेशी नेपाली तथा राज्यले बुझ्नु र बुझाउन सक्नुपर्छ। साथै पहाडी मुलका नागरिकले आफूभित्रको अहंकार, एकाधिकारवादी सोच छाडेर भावनातत्मक रूपले मधेशीहरू पनि नेपाली हुन् भन्ने आत्मसात गर्नुपर्छ।

राज्यको स्रोत र साधनमा मधेश र मधेशीलाई समान वितरण गरिनुपर्छ। स्रोत र साधनलाई केन्द्रिकृत गर्नु हुँदैन। साथै बजेट बनाउँदा पनि संवेदनशील हुनुपर्छ। अहिलेको को पुस्ता लोकतन्त्र (प्रजातन्त्र) को तेस्रो पुस्ता हो। मधेशीमूलका नागरिकलाई राज्यको हरेक अङ्गको साथै राजनीतिक दलहरूले पनि आफ्नो मातहतको निकायमा सम्मान र समान सहभागिता गराउनु पर्छ। नेपाल सरकार र संयुक्त मधेशी मुक्ति मोर्चाबीच भएको सहमति व्यवहारिक रूपमा अक्षरश: कार्यान्वयन गर्नुपर्छ। सङ्घीय शासन व्यवस्था लागू गर्ने सरकार र प्रमुख राजनीतिक दलहरू प्रष्ट हुनुपर्छ।

निष्कर्ष

द्वन्द्व रूपान्तर तथा शान्ति स्थापनाका लागि अहिले खास गरी तीनवटा प्रकृया अपनाउनु जरूरी देखिन्छ।

**१) पुनर्निर्माणबाट शान्ति**

- मधेश तथा मुलुकमा भइरहेका सशस्त्र सङ्घर्षलाई राज्य र राज्यइतर दुवै पक्षले गम्भीरतापूर्वक लिनुपर्छ। जसको हत्या भएपनि नेपाली नै हो भन्ने कुरा बुझ्नु पर्छ।
- सशस्त्र समूहहरूलाई निशस्त्र बनाउने, मानवअधिकारको संरक्षण र प्रवर्धन गर्नुपर्छ।
- राष्ट्रसङ्घको मानवअधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ को पालना सबैले गर्नुपर्छ।
- राज्यको शासन व्यवस्थालाई सहभागितामूलकरुपमा विस्तार गर्दै लैजानुपर्छ।

**नेपालका मधेशी मुलका नागरिकलाई "पहिचान" को समस्या छ। मधेशी मूलका नागरिक नेपालका आदिवासी नेपाली हुन्। यिनीहरू भारतीय मुलका होइनन् भन्ने पहिले सम्पूर्ण गैरमधेशी नेपाली तथा राज्यले बुझ्नु र बुझाउन सक्नुपर्छ। साथै पहाडी मुलका नागरिकले आफूभित्रको अहङ्कार, एकाधिकारवादी सोच छाडेर भावनातत्मक रुपले मधेशीहरू पनि नेपाली हुन् भन्ने आत्मसात गर्नुपर्छ।**

**२ शान्तिका लागि रूपान्तरण**

- सबैभन्दा पहिला द्वन्द्वको जड पत्ता लगाउने र त्यसको समाधान गर्न अध्ययन अनुसन्धान गर्नुपर्छ।
- आधारभूत आवश्यकताको पूर्ति गरी कानुनी राज्यको स्थापना गर्नुपर्छ।

**३ शान्तिका लागि मेलमिलाप**

- प्रमुख राजनीतिक दल तथा नागरिक समाजले एकताबद्ध भई मुलुकलाई शान्त, समृद्ध र विकासमा फड्को मार्न सफल बनाउन अघि बढ्नु पर्छ। यसका दूरगामी समाधानको बाटो अपनाउनु पर्छ। प्रमुख राजनीतिकदलहरूबीच नै समझदारी भएन भने अरु समूहलाई वार्तामा ल्याउन, राष्ट्रिय समस्या समाधान गर्न, संविधान बन्न आदि कार्य असम्भव देखिन्छ।

# मधेशको सशस्त्र विद्रोह


अर्जुन थपलिया

**मधेसमा अचाकली आपराधिक घटनामा बृद्धि भएपछि तत्कालीन परराष्ट्र तथा उपप्रधानमन्त्री उपेन्द्र यादवले वीरगञ्जको एक सभामा भनेका थिए- तराईका सशस्त्र समूहहरू अपराधिक समूहहरू हुन् । यसलाई नियन्त्रण गरिने छ । यादवको उपरोक्त भनाइको लिएर ज्वाला सिंहले यादवलाई मधेस र मधेसी प्रति गद्दारी गरेको आरोप लगाएर विज्ञप्ति पनि जारी गरेका थिए ।**

नेकपा माओवादीको भातृ सङ्गठन मधेस मुक्ति मोर्चाबाट २०६१ सालमा जयकृष्ण गोइतको नेतृत्वमा एउटा भङ्गालो छुट्टिएर अलग पार्टी गठन भएको घोषणा भएपछि मधेसमा सशस्त्र विद्रोहको नयाँ आयाम सुरु भयो । छुट्टै स्वतन्त्र र सार्वभौम मधेस राष्ट्रको मागसहित जनतान्त्रिक तराई मुक्ति मोर्चाले सशस्त्र गतिविधिहरूलाई तीव्र बनाएपछि तराई हिंसाको भूमिमा परिणत भयो । मधेस आन्दोलनमा देखिएको मधेसी आक्रोश र सशस्त्र गतिविधिहरूको मिश्रणको परिणाम हेर्दै राज्य व्यवस्था र राजनीतिक पार्टीका माउ नेताहरू कसरी मधेसको असन्तोषलाई साम्य पार्ने भन्ने चिन्तामा थिए । एमालेको अध्यक्ष पद वरण गरेलगत्तै सिराहा आएका झलनाथ खनालले "नेपालले अहिले सुगौली सन्धि भएको बेलाको भन्दा पनि भीषण सङ्कटको सामना गर्दैछ" भनेका थिए । मधेसमा रहेका सशस्त्र समूहहरू ज्यादै भीमकाय आकारको देखिन्थे । मधेस आन्दोलनले झन समग्र मधेसलाई तातो तावा बनाई दिएको थियो । यहाँसम्म की मधेसका सशस्त्र समूहहरूले संविधानसभाको निर्वाचनमा विघ्न बाधा पुऱ्याउने घोषणा गरेपछि सरकारले संविधानसभाको निर्वाचनपछि बन्ने सरकारले सशस्त्र समूहहरूलाई मूलधारमा ल्याई नेताहरूलाई सम्मानजनक स्थान दिने भन्दै मूलधारका मधेसवादी दलहरूलाई उनीहरूलाई मनाउन पठाएको थियो ।

तर, अहिले स्थिति फेरिएको छ । सरकारको ठम्याइमा २०६१ देखि २०६५ सम्मको स्थितिलाई हेरेर तुलनात्मक रूपमा भन्नु पर्दा मधेसमा अहिले अपेक्षाकृत रूपमा शान्ति सुरक्षाको स्थिति सुदृढ भएको छ । अलग राष्ट्रको मागसहित उठेको बन्दुक केही मथ्थर भएको छ । सरकारको विश्लेषणमा मधेसका सशस्त्र समूहहरू विप्लवको स्थिति श्रृजना गर्ने वा सङ्कटकालीन स्थिति निम्त्याउन सक्ने हैसियतमा छैनन् । समाजमा भइरहेका वारदातहरू फगत आपराधिक घटना मात्र हुन् । यसलाई प्रहरीको सकृयताबाटै नियन्त्रण गर्न सकिन्छ । सशस्त्र विद्रोह दमन गर्ने प्रकृतिको सुरक्षा संयन्त्रको तैनाथी र तयारी पूरा गरेको सरकारले अहिलेको कारबाहीलाई आपराधिक समूहहरूलाई नियन्त्रणमा लिने स्तरमा झारेको छ ।

**सशस्त्र गतिविधिमा कमी आउनुको कारणः**

मधेसमा सशस्त्र समूहहरूको गतिविधिमा कमी आउनुको प्रमुख पाँचवटा कारणहरू छन् । पहिलो कारण उनीहरू आफैँमा फुटेर गुट उपगुटमा परिणत हुनु हो । २०६१ सालमा जयकृष्ण गोईतको नेतृत्वमा बनेको जनतान्त्रिक तराई मुक्ति मोर्चा २०६७ सालको सुरुवातसम्म आईपुग्दा ११ पटक फुट्यो । मूल पार्टीबाट फुटेका समूहहरू पनि अन्य दर्जनौं गुटहरूमा विभाजित भए । संविधानसभाको निर्वाचनको बेला वीरगञ्जदेखि पूर्व झापासम्ममा ३२ वटा घोषित सशस्त्र सङ्ख्यामा सदस्य रहेको सशस्त्र समूहहरू त अनगिन्ति नै खुले । फुटले गर्दा शक्ति छिन्नभिन्न भयो ।

दोश्रो, कारण हो, सरकारी सुरक्षा कारबाहीमा तीव्रता । सरकारले सुरक्षा निकाय तथा अनुसन्धान निकायहरूले दिएको प्रतिवेदनको आधारमा मधेसका सशस्त्र समूहहरूलाई सामान्य सुरक्षा कारबाहीबाटै तह लगाउन सकिने निष्कर्ष निकाल्यो । सशस्त्र प्रहरीको तैनाथी र सुरक्षा कारबाहीले मधेसका धेरै जसो सशस्त्र समूहहरूको गतिविधिलाई हदैसम्म खुम्च्याउन सफल भयो । नेपालमा अपराध गरेर सीमावर्ती बिहारका बजारहरूमा लुक्न जाने सशस्त्र समूहका कार्यकर्ताहरू सुरक्षा कारबाही तीव्र भएपछि दक्षिण भारततर्फ पलायन भए ।

तेश्रो, कारण हो, वार्ता । पटक पटकको प्रयासपछि सरकारले तराईमा सशस्त्र सङ्घर्षरत सात वटा समूहहरूलाई शान्ति वार्तामा ल्याउन सफल भयो । वार्तामा आउने समूहहरूले आफ्ना सशस्त्र गतिविधिहरूलाई स्थगित गरेको घोषणा गरे । सरकारले पनि वार्तामा आएका समूहहरूका नेता तथा कार्यकर्ताहरूलाई सुरक्षाको प्रत्याभूति दिने घोषणा गऱ्यो । जसले गर्दा हतियारको बलमा हुने गतिविधिहरूमा कमी देखिन थाल्यो ।

चौथो, कारण हो संविधानसभाको निर्वाचनपछि मधेसी जनता संविधानसभाबाटै अधिकारसम्पन्न हुने कुरामा केही हदसमम आश्वस्त हुनु ।

संविधानसभामा एक हदसम्म मधेसीको सम्मानजनक सहभागिता हुनु र वैधानिक मोर्चाबाटै अधिकार प्राप्त गर्ने लडाईको अगुवाई गर्दै मूलधारका मधेसवादी दल र तिनका नेताहरूले मुहिम चलाएपछि मधेसी जनताले सशस्त्र सङ्घर्षमा अभिरुचि देखाउन छाडे। मधेसी जन समुदायको ठूलो हिस्साले वैधानिक सङ्घर्षतिर आशाको दृष्टिकोणले हेर्न थाले।

पाचौं, कारण हो, मूलधारका मधेसवादी दल र सशस्त्र समूहबीच तिक्तता बढनु । विजया दशमी र दीपावलीको शुभकामना आदान प्रदान कार्यक्रम लिएर सिरहाको गोलबजार आईपुगेका तमलोपाका अध्यक्ष महन्थ ठाकुरलाई पत्रकारहरूले सोधे "स्वायत्त मधेस नपाए अलग मधेसको मागले गति लिन सक्ला ?" उनको जबाफ थियो जनताको बेगलाई कसैले रोक्न सक्दैन । "समग्र मधेस एक स्वायत्त प्रदेश नदिए नेपालबाट अलग मधेस" मूलधारका मधेसवादी दलहरूले राज्यसँग मोलतोल ( वार्गेनिङ्ग) गर्ने कार्ड भएको छ । त्यसकारण समग्र मधेस एक स्वायत्त प्रदेशको माग पूरा नहुञ्जेल तराईका सशस्त्र समूह र सशस्त्र विद्रोहलाई विसर्जन गर्न हुन्न भन्ने मान्यतामा देखिन्छन् मुलधारका मधेसवादी दलहरू पनि । तर, पछिल्लो समयमा मूलधारका राजनीतिक दल र सशस्त्र समूहहरू बीच सम्बन्ध चिसिएको छ । मधेसवादी दलहरूले राज्यमाथि यथेष्ठ दवाव बनाई राख्न सशस्त्र समूहहरूलाई अघोषित रूपमा वार्गेनिङ् कार्डको रूपमा प्रयोग गरेकोमा सशस्त्र समूहहरू खुशी छैनन् । "संविधानसभाको निर्वाचन निर्विघ्न सम्पन्न हुन देऊ, यसले मधेस र मधेसीको हित गर्छ" भन्ने मूलधारका मधेसवादी दल र संविधानसभाको निर्वाचन रोक्नु पर्छ भन्ने सशस्त्र समूहहरू बीच त्यतिबेला दरो बहस चलेको थियो । निर्वाचनपछि समग्र मधेस स्वायत्त प्रदेश बनाउन संविधानसभाभित्र र बाहिर दुवै मोर्चाबाट सङ्घर्षलाई तीव्र बनाउनु पर्छ भन्ने रणनीतिमा सहमति भएपछि निर्वाचनमा वाधा गरिएन । सशस्त्र समूहहरूलाई मूलधारमा आउन सम्मानजनक वातावरण बनाउन मधेसवादी दलहरूले सहयोग गर्ने पनि सहमति थियो ।

मधेसमा अचाकली आपराधिक घटनामा वृद्धि भएपछि तत्कालीन परराष्ट्र तथा उपप्रधानमन्त्री उपेन्द्र यादवले वीरगञ्जको एक सभामा भनेका थिए- "तराईका सशस्त्र समूहहरू अपराधिक समूहहरू हुन् । यसलाई नियन्त्रण गरिने छ" । यादवको उपरोक्त भनाइको लिएर ज्वालासिंहले यादवलाई मधेस र मधेसी प्रति गद्दारी गरेको आरोप लगाएर विज्ञप्ति पनि जारी गरेका थिए । सरकारमा रहेका मधेसवादी दलहरूले मधेसका सशस्त्र समूहहरूप्रति कटाक्ष गरेपछि सुरक्षा निकायलाई कारबाही गर्न सजिलो भयो र सरकारी कारबाहीमा वृद्धि भयो भन्ने सशस्त्र समूहहरूको ठम्याई रह्यो । सुरक्षा सक्रियता बढेपछि त्यसको विरोधमा मधेसवादी दलहरूले नबोलेका कारण सशस्त्र समूहहरू र मधेसवादी दलहरूबीच तिक्तता बढ्यो । सशस्त्र समूहहरूले मूलधारका मधेसवादी दलहरूले "आफूहरूलाई मौका पर्दा बाहुबलीको रूपमा उपयोग" गरेको ठाने । उनीहरूले दलहरूका नेतालाई सत्ताभोगमा लिप्त भएर मधेसको भविष्यसँग खेलवाड गरेको आरोप लगाउन थाले ।

**रणनीति**

माओवादीबाटै अलग भएर सशस्त्र विद्रोहको सुरुवात गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले मधेसबाट माओवादीलाई सफाया गर्ने मूल नीति बनाएको थियो । तर, माओवादीकै स्कूलिङमा दीक्षित नेताहरू भएको कारण सशस्त्र युद्धको शैली माओवादीको जस्तै अपनाउन खोजेका थिए । सरकारी सुरक्षा निकायहरूको पोष्टहरू माथि आक्रमण गर्न सक्ने शक्ति सञ्चय नहुञ्जेल उनीहरूले मुख्य रूपमा दुईवटा रणनीति अख्तियार गरेका थिए । २०६१ सालतिर तराईमा मधेसीहरूद्वारा सञ्चालित सशस्त्र समूहहरूले जातीय विद्वेष फैलाउने र पहाडे समुदायलाई तराईबाट विस्थापित गराउने मुख्य रणनीति अख्तियार गरेका थिए । यसका लागि उनीहरूले पहाडे समुदायलाई अपहरण गर्ने र पहाडे मूलका नेताहरूको हत्या गर्ने योजनाको कार्यान्यिन थालेका थिए। तराईमा बस्ने पहाडे समुदायले मधेस सरकारलाई कर बुझाउनु पर्छ भन्दै कर असुल गर्न अपहरण गर्ने गरेको दावी गर्थे। यसो गर्नुको उद्देश्य मधेसमा बस्ने पहाडे समुदायमा त्रास फैलिने र नेपाल सरकारलाई कर उठाएर मधेसमा समानान्तर सरकार छ भनेर चुनौती दिनु थियो । २०६१ सालमा अपहरणमा परेका मुक्सार गाविस सिरहा बस्ने तत्कालीन जिल्ला पञ्चायतका उपसभापति वद्री शाही भन्छन् "सम्भवत चन्द्रकुमार श्रेष्ठ र म दुई जना सिरहाबाट पहिलोपटक अपहरणमा परेका थियौं । हामीलाई १५ दिन बन्दी बनाएर राखियो । त्यतिबेला अपहरणकारीहरूले हामीलाई भन्थे अब पहाडेहरूले मधेस खाली गर्नु पर्छ र पूरै मधेस हाम्रो हुन्छ ।" सिराहामा तत्कालीन सांसद् तथा नेता कृष्णचरण श्रेष्ठको हत्या त्यही रणनीतिको कार्यान्वयन थियो ।

उनीहरूको अर्को रणनीति थियो- मधेसी र पहाडी समुदायबीच जातीय घृणा र विद्वेषलाई चरमरूपमा फैलाउने। फलतः यी दुवै समुदाय एक आपसमा मिलेर बस्नै सक्दैनन् । मधेसलाई अलग सार्वभौम सत्तासम्पन्न राष्ट्र बनाउन त्यसले हदैसम्म मद्दत गर्छ। ज्वालासिंह र जयकृष्ण गोईतले नेतृत्व गरेको पार्टीहरूले दर्जनौं पटक विज्ञप्ति निकालेर पहाडे समुदायलाई मधेस खाली गर्न र मधेसीलाई पहाड खाली गर्न

**शान्ति तथा पुनर्निर्माण मन्त्रीको अध्यक्षतामा बसेको सशस्त्र समूहहरू सागको वैठकमा जम्मा दुईवटा प्रस्तावमा छलफल र निर्णय भएको छ। विगतका सहमतिहरूको कार्यान्वयनको समीक्षा गरियो र आगामी वार्ताको मिति तय गरियो भनेर चार हरफ लेखेर वार्ता टुङ्ग्याइन्छ। मधेसको मूल मुद्दा र सशस्त्र समूहहरूको मागमा वार्ता अझै प्रवेश गरेको छैन।**

समयसीमा तोकेर अल्टिमेटम दिएका थिए। पहिलो रणनीति एक हदसम्म सफल पनि भयो। धेरै पहाडेहरू मधेसमा भएको श्रीसम्पती कौडीको भाउमा बेचेर मधेस छाडेर भागे। तर जातीय विद्वेष फैलाउने रणनीति भने सफल हुन सकेन। नेपाली समाज भित्रको जातीय तथा सामुदायिक सद्भाव हल्लिएन। पहाडे र मधेसी समुदाय एक आपसमा मिलेर बस्न नसक्ने स्थिति उत्पन्न हुन सकेन। सरकारले वार्ता गर्न आउनुस् भनेर पठाएको निम्तोको जवाफमा अब नेपाल र मधेसको सीमा छुट्याउन मात्र वार्ता गर्ने जवाफ पठाएका ज्वाला सिंहले संयुक्त राष्ट्रसङ्घको मध्यस्थता हुने र सशस्त्र प्रहरीको तैनाथी हटाए वार्तामा आउछौं भन्न थालेका थिए। यो परिवर्तनलाई रणनीतिक सफलता र असफलतासँग गाँसेर हेर्नै पर्छ।

**सशस्त्र समूहहरूको वर्तमान अवस्था :**

टुटफुटले गर्दा कमजोर भएको देखिए पनि विचारक र संस्थापक नेता भएको कारण जयकृष्ण गोईत र उनले नेतृत्व गरेको मूल भँगालो अखिल तराई मुक्ति मोर्चाको विश्वसनीयता गुमिसकेको छैन भन्दा अतियुक्ति नहोला। सरकारले गरेको वार्ताको प्रयासमा गोईतलाई समेटन् नसक्दा गोईतलाई वार्तामा नल्याएसम्म मधेसमा दिगो शान्ति कायम हुदैन भन्ने विश्लेषकहरूले राय व्यक्त गरेका थिए। सशस्त्र समूहको नाममा आपराधिक चरित्रको अपहरण र फिरौती असुल्ने कार्यले तीव्रता लिएपछि गोईतले आफ्ना तर्फबाट सम्पूर्ण सशस्त्र गतिविधि माथि रोक लगाएका थिए। विगत दुई वर्षदेखि गोईतको समूहले कुनै कारबाही गरेको देखिएको र सुनिएको छैन। कतिपय सशस्त्र समूहहरूले पनि उनीहरू अहिले सुरक्षात्मक स्थितिमा रहेको स्वीकार गरेका छन्।

आफूहरू कमजोर भएको र सुरक्षा सतर्कतालाई छिचोल्न नसकेको कारण अन्य समूहहरूको गतिविधिहरू पनि तुलनात्मक रूपमा कम देखिन्छ तर जनकपुर क्षेत्रमा वचर्स्व भएको राजन मुक्तिले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले भने सो क्षेत्रमा व्यक्ति हत्या गर्ने कारबाहीमा कुनै कमी आएको छैन।

सशस्त्र समूहहरूले मधेसी धनाढ्य र व्यापारीहरू माथि निशाना लगाउन थालेपछि सशस्त्र समूहहरूको साख धमिलियो। मधेसमा कोकोहोलो मच्चियो। मधेस र मधेसीका लागि लडिरहेका छौं भन्नेहरूले मधेसीलाई लुट्न थाले भन्ने आम जनमत सुनिन थाल्यो। मधेसमा मधेसीहरू बीच नै सशस्त्र समूहहरूको साख धमिलियो। धेरै जसोले लुटेरा भन्न थाले। यसको असर राजनीतिक वृतमा पनि पऱ्यो। मूलधारका राजनीतिक दलका नेताहरूले मधेसका कतिपय सशस्त्र समूहहरूलाई आपराधिक समूह भन्न थाले। फिरौतीको अर्थ राजनीतिले अधिकांश सशस्त्र समूहहरूलाई राजनीतिक चरित्र त्यागेर आपराधिक चरित्र धारण गर्ने स्थितिमा पुऱ्यायो। संविधानसभाको निर्वाचन ताका तमलोपाका अध्यक्ष महन्त ठाकुरले सशस्त्र समूहहरूवारे सञ्चार माध्यममा प्रतिकृया दिँदै भनेका थिए "उनीहरू जस्ता छन् जे छन् हाम्रा हुन् र हाम्रा लागि लडिरहेका छन्।" तर अहिले उनको धारणामा परिवर्तन आएकोछ "हामी स्वायत्तताका लागि लडदै छौं उनीहरू राष्ट्र टुक्र्याउने कुरा गर्छन्। हाम्रो यसमा विमति छ।"

अन्तर्राष्ट्रिय मानवअधिकार निकायहरू पनि यसबाट अछुतो रहन सकेनन्। संविधानसभाको निर्वाचनताका सरकार र विद्रोही पक्ष दुवै राजी भए संयुक्त राष्ट्रसङ्घका मानवअधिकार निकाय र अनमिनले पनि मध्यस्थता गरी वार्ता गराउने रुचि देखाएको थिए। तर, आपराधिक कृयाकलाप बढ्दै गएपछि

> **संविधानसभाको निर्वाचन ताका तमलोपाका अध्यक्ष महन्त ठाकुरले सशस्त्र समूहहरूवारे सञ्चार माध्यममा प्रतिकृया दिदै भनेका थिए "उनीहरू जस्ता छन् जे छन् हाम्रा हुन् र हाम्रा लागि लडिरहेका छन्।"**

उनीहरूले सरकारलाई अपराध नियन्त्रण गरी दण्डहीनता समाप्त पार्न दवाव दिन थाले। सशस्त्र समूहका नाममा आपराधिक गतिविधि यति बिघ्न बढ्यो कि स्वयम् जयकृष्ण गोईतले पनि "मधेसका सशस्त्र समूहहरूको नाममा खुलेका विभिन्न समूह र तिनका नेता भनाउँदाहरू मधेसवादी र स्वतन्त्रतादी हो होइनन् सुद्धीकरण हुनुपर्छ र गर्नु पर्छ" भनेका थिए।

**मधेसको वर्तमान स्थिति :**
**मानव अधिकारको व्यापक उल्लङ्घन र आपराधिक घटनामा वृद्धि :**

छुट्टै तराई राज्यको मागसहित २०६१ सालमा मधेसमा हिंसात्मक द्वन्द्वको नयाँ संस्करण सुरु भएयता मधेस अशान्त छ र लामो कालखण्डसम्म हत्या हिंसा लुटपाट अपहरण र फिरौतीको अपराध जारी रहँदा सामाजिक सम्बन्धका तन्तुहरू र आर्थिक उन्नतिका संभावनाहरूमा क्षति पुगेको छ।। मधेसमा बसोवास गर्नेहरू हत्या, डकैती, अपहरण, जबरजस्ती चन्दा, लुटपाट र फिरौती जस्ता श्रृङ्खलाबद्ध अपराधबाट यतिबेला आक्रान्त छ। उनीहरूले अमन चयनको सास फेर्न पाएका छैनन्। मानवअधिकारको उल्लङ्घनमा व्यापक वृद्धि भएको छ। दिउँसै राजमार्गमा लुटपाट हुन्छ। घरैबाट अपहरण गरिन्छ। विद्यालय गएको छोराछोरी घर फर्किने हो की होइन अविभावकलाई त्रास हन्छ। धेरै बालबालिकाहरू अपहरणमा परे। यहाँसम्म की तीन वर्षीय बालकलाई आमाको दूध चुसिरहेको बला बन्दुक देखाएर आमाको काखबाट खोसेर अपहरण गरिएको र चर्को फिरौती असुल गरिएको छ। अपहरित बालकको ज्यान बचाउन आमाबुबाले घडेरी बेचेर ५ देखि २५ लाखसम्म अपहरणकारीहरूलाई फिरौती बुझाएर बच्चा फिर्ता लिएका घटना पनि सतहमा देखा परे। यस्ता दर्जनौं घटना भएका छन्। सशस्त्र समूहहरूले चन्दा नमागेको विरलै व्यापारी होलान् मधेसमा। सशस्त्र समूहहरूको सङ्ख्या पनि झण्डै चार दर्जनको हाराहरीमा छ। कतिवटालाई दिने चन्दा ? चर्को चन्दाको धम्कीले कतिपय व्यापारीहरू व्यापार र उद्योग वन्द गरेर

पलायन भए मधेसबाट । लासको खेती भइरहेको छ मधेसमा । कहिले सशस्त्र समूहले निर्दोष सर्वसाधारणको ज्यान लिन्छ । कहिले सशस्त्र समूहहरू आफैं आफैंबीच गोली हानाहान गर्छन् । कहिले प्रहरीले फर्जी मुठभेड गर्छ र मुठभेडमा मारिएको सूचना प्रसारण गर्छ। जे भए पनि लासको गिन्ती बढाउने काम जारी छ।

सुरक्षा निकायको कारबाहीमा मारिने, सशस्त्र समूहको कारबाहीमा मारिने र सशस्त्र समूहहरू कै बीचमा झगडा परेर एक समूहको मानिसलाई अर्को समूहले मार्ने खेलले लासको सङ्ख्यामा ह्वात्तै वृद्धि भएको छ । जेल र हिरासतहरूमा हात हतियार तथा खरखजाना मुद्दामा आरोपित १६ वर्ष माथिका मधेसी युवाहरू भरिभराउ छन् । विस्फोटनहरूबाट भौतिक पूर्वाधारको क्षति भइरहेको छ । सामुदायिक सद्भाव खलवलिएर सामाजिक सम्बन्धहरूमा क्षति पुगेको छ । पहाडे र मधेसी समुदाय बीच शङ्का उपशङ्काको स्थिति उत्पन्न भएको छ । सामुदायिक मेलमिलाप घटेर गएको छ । साना घरेलु हतियारको भण्डारस्थल बनेको छ- मधेसको समाज । स्थानीय निकायहरू पुनरस्थापित हुन सकेन । उद्योगीहरू विस्थापित भइरहेका छन् । धेरै पहाडे समुदायहरू विस्थापित भए मधेसबाट । सँगसँगै पूजी पनि पलायन भएर गयो । अपहरण, जबरजस्ती चन्दा, फिरौती डकैती र लुटपाटको वारदातमा वृद्धि भएको छ। समाज त्रासमा छ।

**कमाउने साधन बन्यो हातहतियार खरखजाना ऐन**

समाजमा तत्कालै शान्ति कायम गर्न विधायिकाले कार्यपालिकाको एक अङ्ग प्रमुख जिल्ला अधिकारीलाई अर्धन्यायिक अधिकार दिएको छ । हातहतियार खरखजाना ऐन अन्तर्गत प्रजिअले पाँच वर्षसम्म कैद गर्ने अधिकार दिएको छ। तर, मधेसमा प्रजिअ र प्रहरी प्रमुखहरू यस ऐनले दिएको अधिकार प्रयोग गरी कमाउनमा व्यस्त छन् । एउटा व्यक्ति हतियार सहित पक्राउ पर्छ । एक लाख रुपियाँ दिए पछि प्रहरी कार्यालयले ऊ माथि मुद्दा नै नचलाई रिहा गरिदिन्छ । अर्थात मुद्दा चलाए पनि १० हजार धरौटीमा रिहा गरिन्छ । अर्को साता त्यही व्यक्ति पुन हतियार सहित पक्राउ पर्छ । यस्ता दर्जनौं घटना भइसकेका छन् तराईमा । जमदहका महादेव साह सिरहा जेल तोडेर भागेका थिए । पुनः लुटपाट गरिरहेको अवस्थामा फुलकाहाकट्टीका जनताले समातेर प्रहरीलाई बुझाए । उनी ३ महिना मै रिहा भएर घर आए । तराईमा एउटा भनाइ प्रचलित छ 'कट्टुवा किन्न ५ हजार बोकर हिँड्न १ लाख' । सिरहामा विगत ४ वर्षमा शस्त्र प्रहरीले हतियार सहित करिब तीनसय जनालाई पक्राउ गरेर जनपद प्रहरीलाई बुझायो । तर हातहतियारसम्बन्धी मुद्दा सय जना जतिलाई मात्र कारागार पठाइएको छ । अन्य सवै रिहा भएका छन् । यसरी ऐनले दिएको अधिकार दुरूपयोग गरेर मोटाउदैछन् प्रजिअ र प्रहरी प्रमुख तर, समाजमा भने अमन चयन बिग्रिएको छ ।

**मधेसमा बसोवास गर्नेहरू हत्या, डकैती, अपहरण, जबरजस्ती चन्दा , लुटपाट र फिरौती जस्ता श्रृङ्खलाबद्ध अपराधबाट यतिबेला आक्रान्त छ । उनीहरूले अमन चयनको सास फेर्न पाएका छैनन् । मानव अधिकारको उल्लङ्घनमा व्यापक वृद्धि भएको छ । दिउसै राजमार्गमा लुटपाट हुन्छ । घरैबाट अपहरण गरिन्छ । विद्यालय गएको छोराछोरी घर फर्किने हो की होइन अविभावकलाई त्रास हुन्छ । धेरै बालबालिकाहरू अपहरणमा परे ।**

**भन्सार**

तराईका जिल्लाहरूमा मूल भन्सार नाकाहरू तस्करहरूलाई अघोषित रूपमा ठेक्कामा दिइएको छ । यसलाई स्थानीय भाषमा लाइन दिने भनिन्छ । तस्करहरूले मासिक ५० लाख रकम प्रमुख जिल्ला अधिकारी , सशस्त्र प्रहरीका एसपी , जनपद प्रहरीका एसपी र राष्ट्रिय अनुसन्धानका प्रमुखलाई बुझाए पछि आफूले चाहे जति माल समान भन्सार नतिरी निर्वाध रूपमा नेपाल भित्र्याउँछन् । अहिले तराईका हरेक जिल्लाहरूमा भन्सारमा लाईन बिक्री गरिएको छ। सङ्क्रमणकालीन राजनीतिक अस्थिरता र मधेसमा भएको थप सशस्त्र गतिविधिले निम्त्याएको अराजकताको फाइदा उठाउँदै स्थानीय प्रशासन र प्रहरीका अधिकारीहरू मालामाल भइरहेका छन् । जिल्लामा उठेको रकम तह अनुसार भागबण्डा हुँदै एसएसपी, डिआईजी, आईजी र गृह मन्त्री तथा अर्थमन्त्रीसम्म पुग्ने गर्छ । भन्सार ठेक्काले एउटा प्रथाको रूप लिँदैछ ।

**महिला माथि हुने हिंसात्मक घटनामा वृद्धि**

तराईमा सशस्त्र द्वन्द्वको सुरु भएपछि बलात्कारका घटनामा वृद्धि भएको छ। हतियारधारी अज्ञात सशस्त्र समूहहरूले लुटपाट, हत्या, अपहरण , डकैती र फिरौती असुली मात्र गरेका छैनन् हतियारको बलमा बलात्कार पनि गरेका छन् । सिरहा जिल्लामा मात्र २०६२ साल देखि यता १२५ जना भन्दा बढी महिलाहरू बलात्कृत भएका छन् । यो सङ्ख्या प्रकाशमा आएको बलात्कारका घटनाहरूको सङ्ख्या हो । प्रकाशमा नआएका घटनाहरूको खोजी गर्ने हो भने त कहालि लाग्दो स्थिति देखिन्छ। औसतमा हेर्दा प्रत्येक महिनामा दुईवटा विभत्स बलात्कारको घटना भएको देखिन्छ। बलात्कारको घटना गराउन साना घरेलु हतियार प्रयोग भएको पीडित महिलाहरूको भनाइबाट पुष्टि हुन्छ । सशस्त्र समूहले हतियारको बलमा पूरै गाउँ कब्जामा लिएर गाउँबाट छानी छानी महिलाहरू माथि सामूहिक बलात्कार गरेको र कञ्चटमा बन्दुक तेर्स्याएर घरबाट अपहरण गरी महिलाको बलात्कार गरेको घटनाहरू प्रकाशमा आएका छन् ।

**विकास बजेट :**

मधेसमा अराजकता बढेको छ । संवेदनशील राजनीतिक अवस्थाको फाइदा

उठाउँदै मधेसका केही सम्भ्रान्त वर्गका मानिसहरू र बाहुबलीहरू धनार्जन गरिरहेका छन् । मधेसवादी नेताहरूले राज्यले मधेसको किासका लागि येथेष्ठ बजेट दिएन, श्रोतको बाँडफाँडमा न्यायोचितता गरेन भन्ने गरेको आम रूपमा सुनिने कुरा हो । तर दशैंको नवमीको दिन सिरहाको भगवानपुर ठाडीमा मन्दिरभित्र निर्मित वगैंचा उद्‌घाटन गर्न आएका उपराष्ट्रपति परमाननद झाले भने "मधेसमा आउने विकास बजेटको अधिकांश हिस्सा दुरूपयोग हुने गरेको छ ।"

**चार जनाको क्याविनेट :**

जिल्ला स्थित प्रशासनिक निकायका मुख्य ओहदामा आसिन प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, राष्ट्रिय अनुसन्धानका प्रमुख र सशस्त्र प्रहरीका प्रमुख चार जनाको अघोषित क्याविनेट छ । निर्वाचित जनप्रतिनिधि रहदा जिल्लामा शान्ति सुरक्षा कायम गर्ने लगायत अन्य प्रशासनिक व्यवस्था गर्ने निर्णयहरूमा जिल्ला विकास समितिको पनि हस्तक्षेप रहन्थ्यो । तर, अहिले जनप्रतिनिधिहरू नहुँदा चार सदसीय क्याविनेट कै पूर्ण हालिमुहाली रहेको छ । यी चार जनाबीच सहमति भएपछि जिल्लामा जे गरे पनि हुन्छ । जिल्लामा हुने कुनै पनि घटना बारे चार जनाले जे निर्णय गर्छन् वा जे रिपोर्टिङ्ग गर्छन् केन्द्रले त्यसैलाई आधिकारिक मान्छ ।

**राजनीतिक दल र स्थानीय प्रसाशन वीच आरोप प्रत्यारोप**

प्रशासन यन्त्रलाई सोध्दा भन्छन् राजनीतिक दलका नेताहरू हतियार सहित पक्राउ परेका मानिसहरूलाई छुटाउन दवाव दिन्छन् । दलका नेताहरूलाई सोध्दा भन्छन् प्रशासन भ्रष्ट छ । आखिर यो दुवै क्षेत्रको कमजोरी भने उत्तिकै देखिन्छ । भ्रष्टाचारको कारण प्रशासन संयन्त्र निकम्मा भएको छ । बाहुबलको रूपमा उपयोग गर्न राजनीतिक दलका नेताहरूले आपराधिक व्यक्तिहरूलाई संरक्षण दिन्छन् । यसबाट मधेसका जनताले मुक्ति खोजी रहेका छन् । तर अल्झिँदो राजनीतिक विवाद, राजनीतिक दलहरूको अकर्मण्यता र भ्रष्टाचारको दलदलमा फसेको प्रसाशनयन्त्रले यसलाई झन संस्थागत गर्दैछ । राजनीति र प्रसाशन दुवैको आपराधिकरण हुदैछ । अपराध र अपराधीहरूलाई मौलाउन तथा फस्टाउनका लागि मलजल गरिँदैछ ।

**वार्ता बैलगाडीको गतिमा**

सरकार मधेसका सशस्त्र समूहहरू बीच राजनीतिक वार्ता आरम्भ भएको पनि दुई वर्ष नाघिसकेको छ । तर, वार्ताले मधेसका सशस्त्र समूहहरूलाई राजनीतिक मूलधार फर्काउन सकेको छैन । जारी हत्या हिंसालाई पनि घटाउन सकेन । वार्ता कुनै निष्कर्षतिर लम्केन । वार्ता वैलगाडीको गति भन्दा पनि सुस्त गतिमा चलिरहेको छ । वार्तामा आएका मधेसका तीन वटा सशस्त्र समूहले सरकार वार्ता प्रकृयामा उदासीन रहेको र इमानदार नभएको आरोप लगाउँदै एक पक्षीय रूपमा वार्ता भङ्ग भएको घोषणा गर्दै पुन हतियार उठाएका छन् । बाँकी चार वटा समूहले पनि आफ्नो धैर्यताको बाँध टुटन थालेको बताउन थालेका छन् ।

शान्ति तथा पुनर्निर्माण मन्त्रीको अध्यक्षतामा बसेको सशस्त्र समूहहरू सँगको बैठकमा जम्मा दुईवटा प्रस्तावमा छलफल र निर्णय भएको छ । "विगतका सहमतिहरूको कार्यान्वियनको समीक्षा गरियो र आगामी वार्ताको मिति तय गरियो" भनेर चार हरफ लेखेर वार्ता टुङ्ग्याइन्छ । मधेसको मूल मुद्दा र सशस्त्र समूहहरूको मागमा वार्ता अझै प्रवेश गरेको छैन ।

वर्तामा अझै डटिरहेका सशस्त्र समूहहरूले शान्तिपूर्ण राजनीतिमा अवतरण गर्न आतुरता देखाएका छन् । उनीहरू खुला आमसभा गर्दै प्रतिस्पर्धात्मक राजनीतिमा आउने बताइरहेका छन् । तर, सरकार र राजनीतिक दलहरूको कुन स्वार्थले काम गरेको छ ? उनीहरूलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन ढिलाइ गरिँदै छ । स्थिति बिग्रँदा वार्ता र शान्तिको कुरा गर्ने तर सशस्त्र समूहहरूलाई कमजोर आँकलन गरेपछि वार्ताको साटो बल प्रयोग गरेर तह लगाउने प्रवृति राजनीतिक बेइमानी हुनेछ ।

**मधेस आवाद की बर्वाद**

गत १५ देखि १७ गते साउनमा ३ दिन सिरहाको प्रहरी प्रसाशनले राजमार्गमा विशेष सर्च अप्रेशन सञ्चालन गरेको थियो । मात्र ३ दिनमा १० वटा विभिन्न स्तरका हतियार सहित १७ जनालाई प्रहरीले पक्राउ गर्न सफल भयो । १८ गते साउनमा सिरहाको प्रहरी प्रसाशनले आफ्नो सफलतालाई पत्रकार सम्मेलन गरेर पक्राउ परेकाहरूलाई हतियार सहित सार्वजनिक गऱ्यो । पक्राउ पर्नेहरू १६ वर्ष टेकेका र २५ वर्ष भन्दा कम उमेरका थिए । मधेसमा प्रहरीको हिरासत र कारागारहरू १६ देखि २५ वर्ष उमेर समूहका कलकलाउँदो वैंशका युवाहरूले टनाटन भरिएको छ । जुन समाजका अधिकांश युवाहरू अपराध वृतिमा संलग्न छन् त्यो समाजको भविष्य कस्तो होला सहजै अनुमान लगाउन सकिन्छ । हतियारधारी समूहहरू खडा गरेर राज्यलाई कमजोर पार्ने र समुन्नत मधेसको सपना देख्ने नेताहरूलाई अहिले हतियार बोकेर अपराध गर्ने समूहहरू गलपासो बन्दै गएको छ । हतियारको बलमा मधेस आवाद होला की बरबाद ? राजनीतिको आलोक हतियार हो की विचार ? यो सवालले वहसको रूप लिन थालेको छ ।

राज्य सत्ताले मधेसी नेतृत्वको विकास हुन दिएन । लामो कालखण्डसम्मको नेतृत्वविहीन मधेस र मधेसीको लागि पतनको कारण बन्यो । यसलाई सत्य मान्नेहरको सङ्खायामा कमी थिएन । तर, अहिले मधेसले सक्षम नेतृत्व प्राप्त गर्न सकेन र मधेसमा नेतृत्वको खडेरी छ भन्नेहरूको सङ्ख्या पनि कम छैन । मधेसी लेखकहरूले छापाहरूमा यो तथ्यलाई लेख्न थालेका छन् । फोरम फुटेपछि त झन यो सवालले वहसको रूप लिँदै गएको छ । मधेसमा अहिले नेतृत्वको सक्षमता माथि परिचर्चा सुरु भएको छ । मूलधारका मधेसवादी दलका नेताहरू प्रति मधेसी जनताले निराशा व्यक्त गर्न थालेका छन् । आफ्नो र दलीय स्वार्थभन्दा माथि उठेर मधेशको यथार्थलाई आत्मसात गरेर मधेशको नेतृत्वको गर्न सक्षम नेतृत्वको पर्खाइमा मधेशका जनता रहेका छन् ।

२०६१ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चाको गठन

- २०६३ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट फुटेर जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूहको गठन)
  - २०६५ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंह समूहबाट विवस विद्रोही लगायत ५ जना प्रमुख कमाण्डरहरूले फुटेर जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) को गठन गरे । जनकपुर सिरहा र सप्तरीमा सक्रिय ।
  - २०६५ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंह समूहबाट रणवीर सिंह र विवश विद्रोही फुटेर जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर सिंहको) को गठन गरे । सिरहा र सप्तरीमा सक्रिय ।
  - २०६५ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चा को समूहहरूमा प्रवेश गर्दै अनी निष्काषणमा पर्दै एक्लिएका मैनेजर महतोद्वारा तराई मधेस जनतान्त्रिक पार्टीको गठन । सिरहा र सप्तरीमा सक्रिय ।
- २०६३ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट फुटेर जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी सिंह समूहको गठन) पृथ्वी सिंह द्वारा नेतृत्व
- २०६३ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट फुटेर जनतान्त्रिक तराई मुक्ति मोर्चा (हिम्मत सिंह समूहको गठन) हिम्मत सिंहद्वारा नेतृत्व
- २०६४ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट फुटेर दाश्रो जनतान्त्रिक तराई मुक्ति मोर्चा समूहको गठन विस्फोट सिंह (राम शंकर साह द्वारा नेतृत्व) उनी पक्राउ परेर जेल परे । हाल सिरहा जेलबाट फरार । समूहको अस्तित्व छैन । अर्को पार्टीमा प्रवेश गर्ने हल्ला चलेको छ ।
- २०६४ सालमा जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट नाम परिवर्तन । अखिल तराई मुक्ति मोर्चा नामाकरण । जयकृष्ण गोईतद्वारा नेतृत्व । तर २०६५ असोजमा फुटेर प्रतिक समूह अलग भयो । अहिले अखिल तराई मुक्ति मोर्चा दुई समूह अस्तित्वमा छ

पार्टी धेरै फुटेपछि जयकृष्ण गोइतले महाधिवेशन गर्नका लागि पार्टीको नाम परिवर्तन गरी वि.सं. २०६४ फागुन १९ गतेदेखि 'अखिल तराई मुक्ति मोर्चा' राखे । त्यही अखिल तराई मुक्ति मोर्चा पनि अहिले जयकृष्ण गोइतले नेतृत्व गरेको र रामविलास यादवले नेतृत्व गरेको गरी दुई भागमा विभाजित भएको छ ।

नोट :- हरेक समूह फुट्ने वेलामा गोईत पासवान र नागेन्द्र सावान ( ज्वाला सिंहलाई ) पनि पार्टीको साधारण सदस्यबाट समेत निकालेको घोषणा गरेका छन् ।

# शान्ति प्रक्रियाको स्वरूप र अन्तर्राष्ट्रिय शान्ति दिवस


गणेश भण्डारी

**द्वन्द्वको क्रममा १३ हजार २ सय ३६ जना मानिसको हत्या भएको इन्सेकको अभिलेख रहेको छ भने सरकारले छानबिन गर्न बनाएको समितिले १६ हजार २ सय भन्दा बढी मारिएको प्रतिवेदन बुझाएको छ। तत्कालीन सरकार र एकीकृत माओवादीद्वारा बेपत्ता बनाइएका १ हजार ६ जना भन्दा बढीको अवस्था आजसम्म अज्ञात नै छ भने सत्य निरुपण तथा मेलमिलाप आयोग पनि गठन हुन सकेको छैन।**

शान्ति मन्त्रालयले ०६७ असोज ५ गते "शान्ति र संविधानः हाम्रो भविष्य" भन्ने मूल नाराका साथ शान्ति दिवस मनायो । शान्ति मन्त्रालयले आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री माधवकुमार नेपालले "समयमै संविधान निर्माण गरेर शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउनु पर्ने" बताए । कार्यक्रममा प्रधानमन्त्री नेपालले भने- "हामी सबै शान्तिका लागि इमान्दार प्रयत्न र प्रण गऱ्यौं भने शान्ति प्रक्रियालाई आगामी चार महिनाभित्र सकारात्मक निष्कर्षमा पुऱ्याई ऐतिहासिक संविधानसभाबाट हामी समयमै संविधान जारी गर्न सक्षम हुने छौं ।" यसैगरी, विभिन्न जिल्लामा स्थानीय शान्ति समितिहरूले पनि यस दिवसलाई मनाए । तर, के यही औपचारिकताले नेपालमा दिगो शान्ति स्थापना होला त ?

संयुक्त राष्ट्र सङ्घले आफ्नो ५५ औं वार्षिक साधारण सभाको अवसरमा प्रस्ताव पारित गरी हरेक वर्ष सेप्टेम्वर २१ लाई विश्वव्यापीरूपमा हिंसा र युद्ध समाप्तिको दिनका रुपमा अन्तर्राष्ट्रिय शान्ति दिवस मनाउने घोषणा गरेको थियो । संयुक्त राष्ट्र सङ्घको एक सदस्य राष्ट्रको हैसियतले नेपालले सन् २००० देखि अन्तर्राष्ट्रिय शान्ति दिवस मनाउन थालेको हो ।

शान्ति प्रकृयालाई निर्ष्कषमा पुऱ्याउन बृहत् शान्ति सम्झौताका बुँदालाई आधार बनाएर त्यहींबाट यसलाई अघि बढाउनु पर्छ ।

**शान्ति सम्झौताको केही बुँदाहरू**

५.२.२ आफ्ना कब्जामामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिन भित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मन्जुर गर्दछन् ।

५.२.३ दुवै पक्षद्वारा बेपत्ता पारिएको व्यक्तिहरू तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउने ।

५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवता विरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोवासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

७.१.३ दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतलाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित तथा बेपत्ता परिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

बृहत् शान्ति सम्झौताका यी बुँदाहरूले मानवअधिकार र शान्ति स्थापनार्थ मार्गदर्शन गर्ने दिशामा पर्याप्त छन् भन्न सकिन्छ । तर, यी माथिका बुँदाहरू उल्लेख गरिएका विषयहरू आजका मितिसम्म पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् । द्वन्द्वको क्रममा १३ हजार २ सय ३६ जना मानिसको हत्या भएको इन्सेकको अभिलेख रहेको छ भने सरकारले

छानबिन गर्न बनाएको समितिले १६ हजार २ सय भन्दा बढी मारिएको प्रतिवेदन बुझाएको छ। तत्कालीन सरकार र नेकपा माओवादीद्वारा बेपत्ता बनाइएका १ हजार ६ जना भन्दा बढीको अवस्था आजसम्म अज्ञात नै छ भने सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन हुन सकेको छैन।

**शान्ति प्रक्रियाको एक पाटो संविधानसभा निर्वाचन**

शान्ति प्रक्रिया सुरु भइसकेपछि पनि तराई-मधेसमा व्याप्त हिंसा र मधेसवादी दलको आन्दोलनका कारण राजनीतिक अन्योल कायमै थियो । तर, अन्तिम समयमा मधेसवादी दल र सरकारबीच सम्पन्न सम्झौताले संविधानसभा निर्वाचनको बाटो खोल्यो । दुईपटकसम्म स्थगन भएको पृष्ठभूमिमा संविधानसभा चुनाव अन्योल, आशङ्का र कठिन परिस्थितिबीच २०६४ चैत २८ गते सम्पन्न भयो । संविधानसभाको चुनाव सम्पन्न हुनु पनि शान्ति प्रक्रियाको एक महत्वपूर्ण पाटो थियो ।

तर, निर्वाचनको सफलतापछि विश्वास गरिए अनुरूप राजनीतिक सहमति भने कायम हुन सकेन । दलहरूबीचको असहमति र विवाद राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव अनि सरकारको गठनका क्रममा खुला रूपमा प्रकट भयो। संविधानसभा गठनको अढाई महिनापश्चात् एकीकृत माओवादीको नेतृत्वमा त्यस पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भए ।

प्रमुख प्रतिपक्षी काङ्ग्रेसले आफ्नो नौबुँदे मागको कार्यान्वयन नभएको जनाउँदै विरोध जनाएपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। त्यसक्रममा प्रधानमन्त्री दाहालले द्वन्द्वकाल र त्यसपछि कब्जा गरिएका घरजग्गा सम्पत्ति तत्काल फिर्ता गर्ने, मङ्सिरभित्र फिर्ता नभए समय अवधिको आय मूल्याङ्कन गरेर क्षतिपूर्ति दिने, जग्गा फिर्ता तथा क्षतिपूर्तिको अनुगमन गर्ने समिति बनाउने, वाईसीएलको अर्धसैनिक क्रियाकलाप अन्त्य गर्नेलगायतका वचनबद्धता व्यक्त गरेका भए पनि कार्यान्वयन पक्ष अपूरै रह्यो ।

नेपाली जनताले दिगो शान्ति तथा मानवअधिकार, मौलिक स्वतन्त्रता र सामाजिक सुरक्षाको परिकल्पना गर्दै संविधानसभा निर्वाचनमा भाग लिएका थिए। आमजनता शान्ति सुरक्षाको अभाव र विभिन्न सशस्त्र समूहहरूबाट दिनहुँ भइरहेका आपराधिक क्रियाकलापबाट आजको यो विश्व शान्ति दिवस मनाई रहँदा पनि सो आभास हुन सकेको छैन ।

संविधानसभा निर्वाचनअघि त्यसको सफलता काङ्ग्रेस, एकीकृत माओवादी र एमालेको साझा लक्ष्यका रूपमा देखिएको थियो। तर, निर्वाचनपछि पहिलेदेखि थाँती राखिँदै आएका समस्याहरूले द्वन्द्व बढाउन थाले। निर्वाचनपछि आफ्ना लडाकूहरूको रेखदेख, व्यवस्थापन र समायोजनलाई एकीकृत माओवादीले दुई सेनाको एकीकरणका रूपमा व्याख्या गर्न थाल्यो । एमाले र काङ्ग्रेसले यही विषयलाई लडाकूहरूको व्यवस्थापनका रूपमा व्याख्या गरे। एक महिना लामो अयोग्य लडाकुलाई विदाइ गर्ने कार्य २०६६ माघ ३ गते सम्पन्न भयो ।

प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप अयोगसम्बन्धी कानून पनि पारित हुन सकेन । विधेयकको मस्यौदा मेलमिलापमा मात्र बढी केन्द्रित रहेको र पीडकहरूलाई आममाफी दिने तयारी भइरहेको आशङ्का भने व्यापक रह्यो ।

हस्ताक्षर गरिएको चार वर्ष पूरा हुनलाग्दा पनि शान्ति सम्झौता अझै पूर्णरूपमा कार्यान्वयन हुन सकेन । ६० दिनभित्र बेपत्ता नागरिकहरू सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्ने राजनीतिक दलहरूले त्यस विषयमा अहिलेसम्म जवाफदेहिता प्रदर्शन गरेका छैनन्। बेपत्ता नागरिकका परिवारले झक्झक्याउँदा पनि सरकारले खोजबिनका निम्ति आयोग बनाउन सकेको छैन । विस्थापितहरूको कब्जा गरिएका घरजग्गा अझै फिर्ता गरिएका छैनन् । द्वन्द्वको अवस्थामा विस्थापित भएका कतिपय पीडितहरूले घर फर्के पनि सम्पत्ति फिर्ता नगरिएको र उचित सुरक्षा प्रबन्ध नमिलाइएको कारण ढुक्क भएर आफ्नो थातथलोमा बस्न पाएका छैनन्।

शान्ति सम्झौता अनुसार नै गठन गरिने भनिएका सत्य निरूपण तथा मेलमिलाप आयोग, राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग गठनलगायतका संयन्त्रहरू पनि गठन हुन सकेनन् ।

यिनै कारणले सरकार र एकीकृत माओवादीबीच २०६३ मङ्सिर ५ गते बृहत् शान्ति सम्झौताको मितिदेखि २०६७ भदौ ३० (सेप्टेम्बर १५, २०१०) गतेसम्म आइपुग्दा राज्य पक्षबाट १ सय ५० जना र विभिन्न राजनीतिक दल, तीनका भातृ सङ्गठनहरू, लगायतका सशस्त्र समूहबाट १ हजार ५ सय ४८ जना गरी जम्मा १ हजार ६ सय ९८ जना व्यक्तिहरूको हत्या भएको अभिलेख इन्सेकमा रहेको छ । यसैगरी, यही अवधिमा विभिन्न राजनीतिक दल, तीनका भातृ सङ्गठनहरूलगायतका सशस्त्र समूहबाट जम्मा २ हजार ३ सय ६० जना व्यक्तिहरू अपहरणमा परेको अभिलेख पनि इन्सेकमा छ । यसले पनि नेपालमा बृहत् शान्ति सम्झौतापछि पनि मानवअधिकारको अवस्था दयनीय रहेको देखिन्छ ।

**शान्ति प्रक्रियामा सरकार, नेपाली सेना र भर्ना विवाद**

संविधानसभा निर्वाचनपछि गठित पहिलो सरकारको नेतृत्व गर्ने एकीकृत माओवादी र नेपाली सेनाबीच अदृश्य द्वन्द्व चर्किँदै गयो । दाहाल नेतृत्वको सरकारले प्रधानसेनापति रुकमाङ्गत कटवाललाई अवकाश दिई उपरथी कुलबहादुर खड्कालाई प्रधानसेनापति नियुक्ति गर्ने निर्णयमा राष्ट्रपतिले चालेको कदमको विरोध गर्दै अनेपक्षित रुपमा एकीकृत माओवादी सरकारबाट बाहिरियो । दाहाल सरकारले दिएको अवकाश पत्रमा राष्ट्रपति डा.रामवरण यादवले २०६६ वैशाख २० गते राति सेनापति कटुवाललाई यथास्थानमा रही कार्य गर्नु भनी पत्र पठाएपछि दाहाल सरकार र राष्ट्रपतिबीच कटुता उत्पन्न भएको थियो ।

यसबीचमा २०६५ कार्तिकमा नेपाली सेनाले भर्ना आह्वान गरेपछि भर्ना प्रक्रिया शान्ति सम्झौता विपरीत भएको भनी फागुन २५ गते सर्वोच्च अदालतमा भर्ना खारेजीको माग गर्दै दायर गरेको मुद्दामा सर्वोच्चले फागुन २७ गते भर्ना

तत्काललाई रोक्न सेनाको नाममा अन्तरिम आदेश जारी गर्‍यो । नेपाली सेनाले सर्वोच्च अदालतको यो आदेशपछि पनि पुनः २०६७ वैशाख ६ गते विभिन्न तहमा भर्ना आह्वान गर्‍यो । यस विरुद्ध पनि इन्हुरेड इन्टरन्याशनलको तर्फबाट भर्ना प्रक्रिया रोक्न सर्वोच्च अदालतमा मुद्दा दायर भयो । तर, यसपल्ट सर्वोच्च अदालतले २०६७ साउन १२ गते सो मुद्दा नै खारेज गरिदियो । यसपछि सेनाले भर्ना प्रक्रिया शुरु गर्ने विज्ञापन साउन १७ गते प्रकाशन गरेपछि माओवादीले भोलिपल्टै साउन १८ गते आफ्नो जनसेनामा पनि भर्ना खोलेको सार्वजनिक गर्‍यो ।

संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न संविधानसभा सदस्यमा मनोनित भई संविधान निर्माण समितिका अध्यक्ष बनेका नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपाल प्रधानमन्त्री भए । तर, एकीकृत माओवादीले राष्ट्रपतिको कदम नागरिक सर्वोच्चता विपरीत भएको भन्दै सरकार विरुद्ध सडक र सदन दुवै स्थानमा विरोध प्रदर्शन गर्दै २०६७ वैशाखमा भने एकीकृत माओवादीले सरकारलाई सडकबाटै विस्थापित गर्न अनिश्चित आम हड्तालको समेत आयोजना गर्‍यो ।

एकीकृत माओवादीपक्षबाट मात्र हैन आफ्नै पार्टी नेकपा (एमाले) को असहयोगबीच पनि प्रधानमन्त्री नेपाल सरकारमा कायम नै रहे जसको एक मात्र भरोसा नेपाली काङ्ग्रेसको पूर्ण समर्थन प्राप्त हुनु थियो । यसबीचमा जेठ १४ गते संविधानसभाको म्याद थप्ने तीनबुँदे सहमति एकीकृत माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच भएपछि सोही सहमतिको आधारमा नेपालले प्रधानमन्त्री पदबाट एक महिनापछि राजिनामा दिए ।

माधवकुमार नेपालले राजीनामा गरेको (असार १४ गते) महिनौ बितिसक्दा पनि नया प्रधानमन्त्रीको चयन हुन सकेको छैन ।

यही असोज १ गतेबाट माओवादी लडाकुलाई सेना समायोजन विशेष समिति अन्तर्गत राख्न एकीकृत माओवादी र प्रधानमन्त्रीबीच भएको सहमतिलाई शान्ति प्रकृयाको एक कोसेढुङ्गो सावित हुनसक्छ ।

**शान्ति स्थापनाको बाधक : सहमतिको कार्यान्वयन नहुनु**

आत्मनिर्णय तथा पहिचानको माग गर्दै विभिन्न जनजाति समूहले विभिन्न मितिमा अघि सारेका मागहरूलाई सम्बोधन गर्दै गरिएका सहमति समयान्तरमा लत्याउने गरिएको देखियो । यस्ता सहमतिहरूमा सरकारले नेपाल आदिवासी जनजाति महासङ्घ तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिसँग २० बुँदे सहमति, नेपाल सरकार र मधेसी जनअधिकार फोरमबीच २२ बुँदे सहमति, निजामती कर्मचारी र नेपाल सरकारबीच चारबुँदे सहमति, सरकारले चुरेभावर प्रदेश एकता समाजसँग पनि नौबुँदे सहमति आदि मध्ये नेपाल आदिवासी जनजाति महासङ्घ तथा जनजाति आदिवासी सङ्घर्ष समितिसँग नेपाल सरकारले गरेको

**एकीकृत माओवादीपक्षबाट मात्र हैन आफ्नै पार्टी नेकपा (एमाले) को असहयोगबीच पनि प्रधानमन्त्री नेपाल सरकारमा कायम नै रहे जसको एक मात्र भरोसा नेपाली काङ्ग्रेसको पूर्ण समर्थन प्राप्त हुनु थियो । यसबीचमा जेठ १४ गते संविधान सभाको म्याद थप्ने तीनबुँदे सहमति एकीकृत माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच भएपछि सोही सहमतिको आधारमा नेपालले प्रधानमन्त्री पदबाट एक महिनापछि राजिनामा दिए । माधवकुमार नेपालले राजीनामा गरेको (असार १४ गते) महिनौँ बितिसक्दा पनि नयाँ प्रधानमन्त्रीको चयन हुन सकेको छैन ।**

संविधानसभामा समानुपातिक प्रतिनिधित्व गराउने सहमति भने कार्यान्वयन भएको पाइयो । यस अघिको सरकारले हलियासँगको सहमतिका अतिरिक्त संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन सिंह)सँग पाँचबुँदे सहमतिलगायत तराईका अन्य सशस्त्र समूहसँग विभिन्न सहमति कायम गर्‍यो । त्यसैगरी, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने र अन्तरिम संविधानमा राष्ट्रपति निर्वाचनको प्रक्रियालगायतको व्यवस्थाका लागि अन्तरिम संविधान संशोधन गर्न सात दलबीच पुनः २२ बुँदे सहमति भएको थियो । यसैगरी, सरकारले हलिया मुक्तिको घोषणा पनि गर्‍यो । तर, विगतमा कमैया मुक्तिको घोषणा गरिएझैं कानुन नै नबनाई गरिएको घोषणा व्यवहारमा प्रभावकारी हुन सकेको छैन । ०५७ सालमा मुक्तिको घोषणापछि जमिनदारबाट अलग भएका कैयौं तत्कालीन कमैया अझै पुनःस्थापित हुन सकेका छैनन् । उनीहरूको दीर्घकालीन व्यवस्थाका लागि राज्यले आफ्नो दायित्व बहन नगरेका कारण पूर्वकमैया अझै पनि आन्दोलनरत छन् । गत वर्ष सरकार र कमैया मुक्ति सङ्घर्ष समितिबीच ११ सूत्रीय मागमा सहमति भएको थियो ।

नेपाल सरकार र एकीकृत माओवादीबीच ०६४ पुस ८ गते सम्पन्न २३ बुँदे सम्झौताको ९ नम्बर बुँदामा पनि द्वन्द्वका क्रममा हालसम्म एकीकृत माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घरजग्गा, जमिन एक महिनाभित्र सम्बन्धित व्यक्ति तथा निकायहरूकलाई फिर्ता गर्ने सहमति भएको थियो । तर, उक्त सहमति कार्यान्वयन हुन सकेन ।

**दिगो शान्ति स्थापनामा चुनौति : सशस्त्र समूह**

सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य भई युद्धरत पक्षहरू राज्य सञ्चालन प्रक्रियामा आइसकेपछि पनि हत्या हिंसाको शृङ्खला रोकिएन । हिंसाका झन् नयाँ स्वरूपहरू देखा परेका छन् । तराईमा देखिएका र दिन-प्रतिदिन गठन हुँदै गएका विभिन्न सशस्त्र समूहहरूको आपराधिक कार्य रोकिएको छैन । यसबाहेक पूर्वी पहाडमा देखापरेका समूहहरूले पनि स्थितिलाई तनावपूर्ण

बनाए । आफ्नो अधिकारका लागि छुट्टै वा स्वायत्त सरकारको माग राखी आन्दोलनरत पहाडी जनजाति दलहरू पनि बन्द-हडताललगायतका कार्यमा सक्रिय भइ नै रहे ।

तराईका समूह र सरकारबीच वार्ता हुने भनिएको अवधिमा पनि तराईमा आपराधिक घटनाहरू पटक-पटक दोहोरिइरहे । ती समूहहरूले आफ्ना गतिविधिलाई राजनीतिक आन्दोलनको नाम दिए तापनि गतिविधि आपराधिक कार्यतर्फ बढी लक्षित छन् । मधेसी समूहमाथि भएको अत्याचारका विरुद्ध आफ्ना गतिविधि लक्षित गरिएको उनीहरूले बताए पनि उनीहरूको हिंसा मधेसी समुदायमाथि पनि लक्षित देखियो । इन्सेकमा रहेको हत्या तथा अपहरणको तथ्याङ्कलाई हेर्ने हो भने मधेसी समुदाय नै बढी परिमाणमा हिंसाको सिकार भए । तराई क्षेत्रमा बढेको असुरक्षाबाट पहाडी मूलका मानिस विस्थापित हुने क्रम बढेको पाइन्छ । यो समस्या तराईका बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिराहा र सप्तरीमा बढी मात्रामा देखिएको छ । तराईका सशस्त्र समूहहरूले सर्वसाधारण नागरिकसहित पेसाकर्मी, स्वास्थ्यकर्मी, व्यापारी, सरकारी कर्मचारी, गाविस सचिव, शिक्षकलगायतलाई आफ्नो निसाना बनाए । पूर्वी पहाडी भेगमा देखिएका तामासालिङ, लिम्बूवान, किराँत जनवादी वर्कर्स पार्टी, मगरातलगायतका जातिगत समूह आफ्नो जाति अनुसारको राज्यको माग गर्दै आन्दोलनमा संलग्न भए ।

स्थायी शान्तिको प्रमुख आधार मानवअधिकारको प्रत्याभूति र कानुनको शासनको स्थापना हो । तर, नेपालमा मौलाइरहेको दण्डहीनताको संस्कृति शान्तिप्रक्रियाको प्रमुख बाधकका रूपमा रहेको छ । दण्डहीनताको संस्कृति रहेसम्म मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा कठिनाइ उत्पन्न हुन्छ । दण्डहीनता संस्कृतिका कारण नेपालमा अपराध र मानवअधिकार उल्लङ्घनको प्रवृत्ति कायमै रहेको पाइन्छ ।

दण्डहीनताको संस्कृतिलाई ऊर्जा दिने काम जिम्मेवार राजनीतिक दल तथा सरकारबाटै बाटै भइरहेको छ । मन्त्रिपरिषद्को ०६५ असोज १७ र कात्तिक ११ गते गम्भीर अपराधको सजाय पाएका अभियुक्तहरूलाई कानुन अनुसारको सजाय भोग्न लगाउनुको सट्टा उनीहरूमाथि लागेको मुद्दा राजनीतिक हो भनी माफी दिइयो ।

स्थायी शान्तिको बलियो आधार लोकतन्त्रको संस्थागत विकास र देशका सम्पूर्ण जनताको मानवअधिकारको संरक्षण हो । जनताको नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूतिको प्रमुख जिम्मेवारी वहन गर्ने दायित्व राज्यको हो । तर, जनताको मानवअधिकार संरक्षणको दायित्वप्रति जनआन्दोलपछिका सरकारहरू पनि सजग देखिएनन् । नेपालको पश्चिमी भेगका जनताले गएको वर्ष भोकमरीको सिकार हुनुपर्‍यो । खाद्यान्नको अभावका कारण मध्यपश्चिम र सुदूरपश्चिमाञ्चलका केही जिल्लाका जनताले दुःख र कष्ट भोग्नु पर्‍यो । जिल्लाहरूमा देखा परेको खाद्य सङ्कट र भोकमरीको समस्या मूलरूपमा सुशासनको अभाव, परनिर्भरता र केन्द्रमुखी गलत विकासको नीतिको परिणाम भएको खाद्यअधिकार सञ्जाल नेपालले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको थियो । पश्चिमाञ्चलका पहाडी र हिमाली जिल्लामा देखिएको खाद्य सङ्कटको समाधानका लागि जनतालाई राज्यले सर्वसुलभ रूपमा खाद्यान्न उपलब्ध गराउन सकेको पाइएन । राजनीतिक विवादहरूमै तल्लीन लोकतान्त्रिक सरकारका लागि जनताका आधारभूत अधिकारको सवालले महत्व पाएन । सर्वोच्च अदालतले सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सरकारले सशक्त भूमिका खेल्न नसकेको ठहर गर्‍यो । आपराधिक घटना बढ्दो क्रममा रहेका कारण मानिसले भयरहित वातावरणमा स्वतन्त्रतापूर्वक बाँच्न पाउने अवस्था छैन ।

**दीगो शान्ति र आत्मनिर्णयको अधिकार**

विगतमा नेपालमा सधै एकात्मक राज्य व्यवस्था कायम रह्यो । बहुजाति, बहुभाषी, बहुसांस्कृतिक नेपालमा सबैको कदर भएन भन्ने आवाज जनआन्दोलन ०६२/६३ पछि व्यापक रूपमा उठ्यो । यस विषयमा सबैजसो राजनीतिक दलहरूमा सैद्धान्तिक रूपमा मतैक्य रहेको देखिन्छ । विभिन्न जातजातिका समुदायलाई राज्यको नीति निर्माण तहमा प्रतिनिधित्व दिलाउने वा सङ्घीयतामार्फत उनीहरूको अधिकार स्थापित गराउने विषयले पनि शान्ति प्रक्रियालाई प्रभावित पारेको छ ।

**शान्तिका लागि सहमति**

अन्तरिम संविधान अनुसार गणतन्त्रात्मक व्यवस्थाको स्थापना भए पनि सङ्घीय गणतन्त्र राज्य व्यवस्था नयाँ संविधान निर्माणपश्चात् मात्र संस्थागत हुनेछ । संविधानसभा निर्वाचनअघिको राजनीतिक समीकरणमा आएको परिवर्तन, एकीकृत माओवादीले निर्वाचनपछि पुराना सहमतिप्रति दर्शाएको उदासीनता अनि लोकतान्त्रिक मूल्य र मान्यताप्रति गरेको प्रहारका कारण भने संविधान निर्माण प्रक्रियासामु चुनौती खडा भएको छ । जनआन्दोलन र लोकतन्त्रको भावना अनुसार नयाँ संविधान बनाई देशमा दिगो शान्ति स्थापना गर्ने दलहरूको संविधानसभाअघिको सहमति ओझेलमा पर्नु हुँदैन । कुनै दलले बहुलवाद, कानुनको शासन, मानवअधिकारजस्ता लोकतन्त्रका आधारभूत मान्यताभन्दा बाहिर जान खोज्नु जनआन्दोलनको मर्मविपरीत हुन जान्छ । नयाँ नेपालमा जनताको राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सुनिश्चितताको प्रत्याभूति समावेशी संविधानबाट मात्र सम्भव हुनेछ । तर, राजनीतिक दलहरूबीच देखिएका अन्तरविरोध र असहमतिका कारण यथासमयमा नयाँ लोकतान्त्रिक संविधान निर्माण हुने जनताको आशामा तुषारापात हुनसक्ने शङ्का उब्जिएको छ । तसर्थ संविधानसभाको समय अवधि थप भएपछि देखिएको राजनीतिक अन्तरविरोधको अन्त्य गरी सहमति र सहकार्यको नीति अँगाल्नु पर्छ ।

# खाद्य डिपोको भरमा बाँचेका सुदूरपश्चिमेली



लोकराज अवस्थी

**नेपाली युवाहरू स्वदेशमा काम नपाएर बेलुका हातमुख जोर्न पनि भारत तथा अरबका खाडीहरूमा २४ घण्टा काम गर्न बाध्य छन् । दुई छाक खान र परिवार पाल्नाका लागि सस्तोदरमा आफ्नो परिश्रम बेच्न बाध्य छन् । काम गर्न भनेर २०६६/०६७ मा मात्र २ लाख ९४ हजार जना श्रमिकहरू विदेशिएका छन् ।**

खाना, नाना र छाना नागरिकका नैसर्गिक अधिकार हुन् । नागरिकले जन्मेपछि निर्धक्क भएर आवश्यकताअनुसार खान, लगाउन र बस्न पाउनु पर्छ । यी नैसर्गिक अधिकारहरूलाई कसैले खोस्न वा मास्न सक्दैन । नागरिकका मौलिक तथा नैसर्गिक अधिकारहरूको प्रत्याभूत गर्नु राज्यको दायित्वभित्र पर्दछ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ,नेपालको अन्तरिम संविधान २०६३ मा पनि खानाको अधिकारलाई मौलिक अधिकार अर्न्तगत राखी खानाको अधिकारको सुनिश्चितता गरेको छ । सर्वोच्च अदालतले यही तथ्यलाई मध्यनजर गरी इतिहासमा पहिलोपटक खानाको अधिकारको सम्मान गर्न र भोकमरीबाट ग्रसित जनतालाई खाद्यान्न उपलब्ध गराउन आदेश दिएको लगभग एक वर्ष पूरा भएको छ । र, पनि सरकारले भोकमरीबाट पिल्सिएका जनतालाई उचित राहत दिन सकेको छैन ।

बर्सेबाली भित्र्याउने बेलामा त हिमाली तथा पहाडी क्षेत्रका बासिन्दाहरू भोकमारीको मार खेपिरहेका छन् । हिउँदका महिनामा त झन् हिमाली जिल्लाका खाद्यान्न डिपो रित्तिने निश्चित छ । जनता खाद्यान्न नपाएर रित्तै फर्कन बाध्य छन् । अहिलेदेखि कसरी दुई छाक खाने र परिवार पाल्ने भन्ने चिन्ताले सताउन थालेको छ । कहिले खाद्य डिपोमा खाद्यान्न आउला र एक छाक पेटभरी खान पाइएला भन्ने मीठो कल्पनामा दिनहरू बिताइराखेका छन् । खाद्यान्न डिपो जानु, रित्तै फर्केर आउनु उनीहरूको दैनिकी बनेको छ । छोराछोरीले खानेकुरा माग्दा "अहिले यतिकै सुत भोलि चिलगाडी (हवाइजहाज) आउँछ अनि पेटभरी खाउला" भन्नु बाहेक उनीहरूसँग कुनै विकल्प छैन ।

सन २००८ को ग्लोबल हङ्गर इन्डेक्स (विश्व भोकमरी परिसूचक-जिएचआई) ले नेपाललाई भोकमरी हुने देशहरूको सूचिमा ५७ औं स्थानमा राखेको छ । राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमका अनुसार नेपालमा ५० लाख ग्रामीण क्षेत्रका र शहरी क्षेत्रका ६ लाख बासिन्दा भोकमारी ग्रस्त हुने गरेको तथ्याङ्क सार्वजनिक गरेको थियो । नेपाल सरकारले अनुसार यो वर्षमात्र ३ लाख १६ हजार मेट्रिक टन खाद्यान्न अपुग हुने र कृषि उत्पादनमा ४ दशमलब ३३ प्रतिशतले उत्पादन घटेको जनाइसेकेको छ ।

यो वर्ष पहाडी तथा हिमाली जिल्लामा खडेरीका कारण अन्न बाली चाहेजस्तो उत्पादन हुन सकेन । पानी नपरेका कारण उत्पादनमा पचास प्रतिशत कमी आएको पीडा सार्वजनिक भइरहेका छन् । खडेरी यसैगरी बढदै गएमा हिउँदेबालीमा पनि प्रभाव पर्ने देखिन्छ । त्यसै त हिमाली तथा पहाडी जिल्लामा उत्पादित अन्नले तीन चार महिनाभन्दा बढी खान पुग्दैन, त्यसमा पनि खडेरीले बर्सेबाली उत्पादनमा कमी आउनाले भोकमरीले विकराल रूप लिन सक्ने प्रबल सम्भावना देखिन्छ ।

नेपालको तराई भागमा अन्न राम्रो उत्पादन हुने गर्दछ । भनिन्छ, तराईमा उत्पादन भएको अन्नले पूरै देशका जनतालाई खान पुग्छ । तर, पनि किन नेपाली जनताले खाना खान नपाएर भोकै मर्नु पर्ने स्थिति रहेको छ । सरकारले खाद्यान्नको उचित व्यस्थापन गर्न नसक्दा लाखौं नेपाली भोकमरीको शिकार हुने गरेका छन् । नेपालले भारतबाट विगत पाँच वर्षमा १ लाख ४६ हजार टन चामल आयात गरेको छ । भोकमरीग्रस्त क्षेत्रका बासिन्दाका लागि यस वर्ष जापानले ९५ हजार मेट्रिक टन र विश्व खाद्य कार्यक्रमले विगतका वर्षमा ५० हजार मेट्रिक टन र यस वर्ष ७० हजार मेट्रिक टन खाद्यान्न उपलब्ध गराएको छ । तर पनि भोकमरी कम हुनुको सट्टा दिनानुदिन विकराल रूप लिइरहेको छ ।

नेपाली युवाहरू स्वदेशमा काम नपाएर बेलुका हातमुख जोर्न पनि भारत तथा अरबका खाडीहरूमा २४ घण्टा काम गर्न बाध्य छन् । दुई छाक खान र परिवार पाल्नका लागि सस्तोदरमा आफ्नो परिश्रम बेच्न बाध्य छन् । काम गर्न भनेर २०६६/०६७ मा मात्र २ लाख ९४ हजार जना श्रमिकहरू विदेशिएका छन् । विदेशबाट पठाएको पैसाले घरमा परिवार पालिएका छन् । श्रम गरेजस्तो पारिश्रमिक नपाएका कारण आफ्नो व्यवस्था गर्न सकिरहेका छैनन् । जसको कारण उनीहरूको जीवनस्तर माथि उठन सकेको छैन । तलको तथ्याङ्कबाट पनि थाहा हुन्छ प्रत्येक वर्ष नेपालीहरू विदेशिने क्रम बढ्दो छ ।

| देश | विदेशिनेको सङ्ख्या |
|---|---|
| मलेशिया | १,१३,९०० |
| साउदी अरब | ६३,७०० |
| कतार | ५७,३४० |
| यूएइ | ३३,८४० |
| कुवेत | ८२,२५५ |
| ओमान | ३,२८५ |

| वर्ष | विदेशिनेको सङ्ख्या |
| --- | --- |
| ०६३-०६४ | २,०४,५३३ |
| ०६४-०६५ | २,४९,०५१ |
| ०६५-०६६ | २,१९,९६५ |
| ०६६-०६७ | २,९४,०९४ |

सरकारको उचित नीति तथा व्यवस्थापनको अभावको कारण गरिबहरू झन झन गरीब हुँदै गएका छन् भने धनि मान्छे धनि हुँदै गइरहेको अवस्था छ । गरिबीका बारेमा अक्सफोर्ड युनिभर्सिटीले सार्वजानिक गरेको तथ्याङ्क अनुसार नेपालमा ६५ प्रतिशत अर्थात १ करोड ८३ लाख नेपाली अहिले पनि गरिबीको रेखामुनि रहेका छन् । यसको अर्थ हो १ करोड ५५ लाख नेपालीले दैनिक ९४ रुपियाँ कमाउन नसक्ने अवास्थामा रहेका छन् । दैनिक १ सय ५० रुपियाँमा गुजारा चलाउनेको सङ्ख्या २ करोड १८ लाख रहेको जनाएको छ । उसले अध्ययनमा २ करोड ८३ लाख जनसङ्ख्यलाई आधार मानेर सर्वेक्षण गरेको हो । राष्ट्रिय तथ्याङ्कले भने गरिबी ३१ प्रतिशतबाट २८ प्रतिशतमा झरेको जनाएको छ ।

**जबसम्म जनताको जीवनस्तर माथि उठन सक्दैन तबसम्म भोकमरी समस्याको रुपमा रही रहन्छ । हिमाली तथा पहाडी जिल्लाको बासिन्दालाई राजनीतिक स्वतन्त्रता भन्दा पनि जीवन चाहिएको छ । आफ्नै परिश्रममा एक छाक पेटभरी खान पाउनु उनीहरूका लागि सबैभन्दा ठूलो उपलब्धि हो । उनीहरू सिंहदरबारमा हुने राजनीतिक परिवर्तनसँग कुनै चासो राख्दैनन् । उनीहरूको चासो भनेको खाद्य डिपोमा कहिले खाद्यान्न आउँछ र कहिले छोराछोरीलाई खाना खुवाउन सकिन्छ भन्ने कुरासित जोडिएको हुन्छ ।**

प्रभावकारी आर्थिक नीतिको अभावले गरिबले कोल्टे फेर्न सकेका छैनन् । देशको पूजीको सही उपयोग हुन सकिराखेको छैन । नेपालमा सीमित हुनेखाने वर्गले लाखौ हुँदा खाने वर्गकाहरूलाई ओझेलमा पार्दै आएका छन् । राज्य सञ्चालन तथा नीति निर्माणको तहमा जहिले पनि हुने खाने धनाढ्य तथा सामन्त वर्गको प्रभाव रहँदै आयो र उनीहरूले आफू तथा आफ्ना समकक्षीको हितका लागि लागि नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएका कारण गरिब तथा निम्नवर्गीय जनता उनीहरूका लागि दोस्रोसुचीमा पर्दै गएका हुन् ।

अब नेपाली जनतालाई राजनीतिक परिवर्तन भन्दा आर्थिक क्रान्ति तथा परिवर्तनको खाँचो छ । नयाँ बन्ने संविधानमा खानाको अधिकारलाई मौलिक अधिकार अर्न्तगत राखिनु पर्छ । राज्यले उनीहरूलाई खाद्यान्न उपलब्ध गराउन नसके क्षतिपूर्ति दिने प्रावधान संविधानमा समावेश गरिनु पर्छ । गास, बास र कापास प्रत्येक जनताका जन्मसिद्ध अधिकार हुन भन्ने विश्व्यापी मान्यताअनुसार नेपाल सरकारले संवैधानिक सुनिश्चित गरी कार्यान्वयनमा प्रभावकारी कदम चाल्नु पर्छ ।

जबसम्म जनताको जीवनस्तर माथि उठन सक्दैन तबसम्म भोकमरी समस्याको रुपमा रही रहन्छ। हिमाली तथा पहाडी जिल्लाको बासिन्दालाई राजनीतिक स्वतन्त्रता भन्दा पनि जीवन चाहिएको छ। आफ्नै परिश्रममा एक छाक पेटभरी खान पाउनु उनीहरूका लागि सबैभन्दा ठूलो उपलब्धि हो । उनीहरू सिंहदरबारमा हुने राजनीतिक परिवर्तनसँग कुनै चासो राख्दैनन् । उनीहरूको चासो भनेको खाद्य डिपोमा कहिले खाद्यान्न आउँछ र कहिले छोराछोरीलाई खाना खुवाउन सकिन्छ भन्ने कुरासित जोडिएको हुन्छ । यसकारण सरकारले रित्तिएका खाद्य डिपोमा खाद्यान्न उपलब्ध गराउनु पर्छ । मीठो भाषणभन्दा पर्याप्त मात्रामा खाद्यान्नको व्यवस्था गरी जनताप्रतिको आफ्नो कर्तव्य पूरा गर्नु पर्छ ।

छोराछोरीलाई एक छाक दालभात खुवाउन हवाइजहाजको आवाज कुर्ने विकट

**यो वर्ष पहाडी तथा हिमाली जिल्लामा खडेरीका कारण अन्न बाली चाहेजस्तो उत्पादन हुन सकेन । पानी नपरेका कारण उत्पादनमा पचास प्रतिशत कमी आएको कुरा सार्वजनिक भइरहेका छन् । खडेरी यसैगरी बढ्दै गएमा हिउँदेबालीमा पनि प्रभाव पर्ने देखिन्छ । त्यसै त हिमाली तथा पहाडी जिल्लामा उत्पादित अन्नले तीन चार महिनाभन्दा बढी खान पुग्दैन, त्यसमा पनि खडेरीले वर्सेबाली उत्पादनमा कमी आउनाले भोकमरीले विकराल रूप लिन सक्ने प्रवल सम्भावना देखिन्छ ।**

क्षेत्रका बासिन्दालाई उचित विकल्प दिन सक्नु पर्छ । भाते संस्कृतिको अन्त्य गर्दै स्थानीय खाद्य पदार्थ उपभोगमा जोड दिनु पर्छ । परम्परागत कृषि प्रणालीमा परिवर्तन गरी आधुनिक प्रविधिको प्रयोगसँगै उच्च उत्पादनमा ध्यान दिनु त्यतिकै आवश्यकता भएको छ । समग्रमा भन्नु पर्दा कृषि क्रान्तिको युगमा कृषिमा लगानी गरी आत्मनिर्भरतातिर अघि बढ्न सबैको बेलैमा ध्यान जानु आवश्यक भइसेकेको छ ।

विश्वमा गुणस्तरीय र पौष्टिक आहारको चर्चा चलेको छ। विश्व स्वास्थ्य सङ्गठनलगायतका संस्थाहरूले सबै मानिसले स्वस्थ, पौष्टिक र गुणस्तरीय पाउनु पर्छ भनेर करोडौ रुपिया लगानी गरिरहेका छन् । तर पनि नेपालका जनता खान पाउने मौलिक हक उपयोग गर्नबाट वञ्चित छन् । राज्य जनतालाई खाद्यान्न उपलब्ध गराउने आफ्नो कर्तव्यबाट भागिरहेको छ ।

# मध्यपश्चिममा महिला हिंसाको सवाल र चुनौती



दुर्गा थापामगर

**रक्षक नै भक्षक भने झैं कानूनको पालना गर्ने गराउने निकायबाटै यस्ता हिंसाका घटना हुनु अशिक्षा, गरिबी आर्थिक विकृतिकै कारण बोक्सीको आरोपमा अभक्ष खुवाउँने, दाइजो नलिएको भनी जिउँदै जलाउँने, दोश्रो विवाह गर्न नदिएमा घरबाट निकाला हुनुपर्ने, कठित तल्लो जातको भनी घरभित्र पस्न नदिने, विदेश पठाइदिन्छु भनी यौनशोषण गर्ने, मदिरा सेवन तथा हतियार देखाई बलात्कार गर्ने जस्ता घट्नाहरू जतिसुकै बढेपनि यस क्षेत्रका महिलाहरूले कानूनी कार्यान्वयनको अभावमा चुपचाप सहेर समेत बस्न बाध्य हुनुपरेको छ ।**

**विषय प्रवेश**

नेपालमा कुल जनसङ्ख्या मध्ये ५१ प्रतिशतको हाराहारीमा रहेको महिला अहिले पनि पछाडि पारिएका छन् । परापूर्वकालदेखि नै दबाईएका महिलाको स्थिति नेपालकै मध्यपश्चिमको हिमाली तथा पहाडी जिल्लामा व्याप्त रहेको बहुपतिप्रथा, छाउपडी, जारी विवाह र बहुविवाह गर्ने संस्कारले अझैपनि जरो गाडेको कारण त्यहाँका महिलाहरू हिंसाको चपेटामा परेका हुन् । यता तराई जिल्लाहरूमा रहेको कम्लहरी प्रथा,दाइजो प्रथा,हिन्दु तथा मुस्लिम समाजमा रहेको धार्मिक विकृति, अशिक्षा र गरिवीका कारण महिलाहरू अझैपनि हिंसाको सिकार हुनुपरेको छ । शताब्दीऔं देखि विभेदको निशाना बनेका यस क्षेत्रका महिलाहरूको राज्यमाथिको स्वामित्व तथा राज्यका विभिन्न निकाय एवम् अङ्गमा पहुँच नहुनाले यस क्षेत्रमा महिलाहरू हिंसाका प्रयायवाची बनेका हुन् ।

**मध्यपश्चिममा महिला हिंसाको अवस्था**

छोरा नपाएको निहुँमा घरबाट निकालिनु, बहुविवाह पछि जेठी पत्निले घर छोड्न बाध्य हुनु, दाइजो नल्याएमा यातनाको शिकार हुनु, दोश्रो विवाह गर्न नदिएमा मृत्युवरण गर्नु, छाउपडीमा नबसे घर छोड्न बाध्य पारिनु, आफ्नो अधिकारको बारेमा आवाज उठाएमा ज्यानको बाजी लगाउँनु, सानातिना झगडामा मुख लागेमा कुटपिट गरिनु, बहुपतिप्रथा अस्वीकार गरेमा हातमुख जोर्न नपाउँनु जस्ता घट्ना यस क्षेत्रका प्रतिनिधीमुलक महिला हिंसाका घट्ना हुन् । यसबाहेक कठित बोक्सीको आरोपमा अभक्ष खुवाउँने, परपुरुषसंग लागेको भनी कुटपिट गर्ने सार्वजनीक सभा समारोहमा उपस्थित भएकै कारण दुर्व्यवहार सहनुपर्ने र जातीय विभेदको कारण घरभित्र पस्न नदिनु जस्ता घट्नाहरू बाट पनि यहाँका महिलाहरू हिंसाको चपेटामा परेका छन् । इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्ष पुस्तक सन २०१० मा एक वर्षको अवधिमा मात्रै सबै भन्दा बढी सुर्खेतमा १ सय ८, बर्दियामा २१, दाङ्मा ११, सल्यानमा ११, बाँकेमा ५, जुम्लामा ४, दैलेख र कालीकोटमा ३/३, मुगु र जाजरकोटमा २/२ र प्यूठानमा १ वटा यस्तै महिलामाथि हुने जघन्य हिंसाका घट्ना भएका छन् । महिलामाथि हुने पारिवारिक हिंसाका घट्नाको सङ्ख्या दोब्बर छ । यसले के प्रष्ट पार्दछ भने मध्यपश्चिमका महिलाहरूले अहिलेपनि मध्ययूगीन कालका महिलाहरूले झैं जीवनयापन गर्न बाध्य छन् । २१ औं शताब्दीमा महिलामाथि हुने गरेका यस्ता घट्ना दोहोरिनु दुःखद् विषय हो ।

**महिला हिंसा बढ्नुको कारण**

राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक विकासको दृष्टिकोणले पछाडि परेको मध्यपश्चिम भागोलिक विकटताले पनि जकडिएको क्षेत्र हो । यसक्षेत्रमा बहुधार्मिक, बहुसाँस्कृतिक र बहुजातीय समाजको बसोबास रहेको छ । राजनीतिक सचेतना र पहुँचको कमी, सामाजिक मान्यता, आर्थिक पछौटेपन, जातीय विभेद र परम्परादेखि चलिआएको सँस्कृतिले जरो गाडेको कारण यहाँका महिलाहरू हिंसाका शिकार बनेका हुन् । जसको उदाहरणको रुपमा जागीर वा काम मिलाईदिन्छु भन्ने बहानामा इज्जत लुटिनु, पाँचवटा पतिसँग समेत पालैपालो सहवास गर्न बाध्य हुनु, छोरा नभए स्वर्ग गइदैन भन्ने साँस्कृतिक मान्यताको कारण पत्निलाई कुटपिट गरी घरबाट निकाला गर्ने, सम्बन्ध विच्छेद नै गर्ने, दाइजो नल्याएको भनी जिउँदै जलाउने, दोश्रो विवाह गर्न नदिएमा मृत्युको मुखमा पुऱ्याउने जस्ता घटनाहरूलाई लिन सकिन्छ । अशिक्षा, गरिबी, भोक, शोक र अभावले जकडिएका यस क्षेत्रका महिला यसबाट त झन अझ प्रातदित बनेका छन् । बढ्दो सहरीकरणसँगै फस्टाएको वेश्यावृत्ति, मदिरा सेवन, युवायुवतीमा मौलाएको देखासिकीले पनि यस क्षेत्रका महिलाहरूले हिंसाका पीडा खेप्नुपरेको हो । यस्तै खुला सिमाना, कामको खोजीमा विदेश पलायन तथा शहर केन्द्रित हुन खोज्दा मानवबेचबिखन तथा बलात्कारको शिकार हुनु, घरेलु कामदारका रुपमा राखिएका कम्लहरीलाई निर्लज्जताका साथ आर्थिक पछौटेपनको फाईदा लेई यौनशोषण गर्नु आदि जस्ता कारण

यसक्षेत्रका महिलाहरूले अहिले पनि नारकीय जीवन बिताउनु परेको छ ।

**हिंसा पीडित महिलाको अवस्था**

विभिन्न कारणबाट हिंसामा परेका यस क्षेत्रको हिंसा पीडित महिलाहरूको एकीन तथ्याङ्क अहिले सम्म कुनै संघसंस्थासँग छैन । तर, दिनानुदिन यस क्षेत्रका महिलाहरू कुनै न कुनै बहानामा हिंसाको चपेटामा भने परेका छन् । उनीहरूलाई छुट्टै स्थानमा संरक्षण गर्नका लागि जिल्ला स्तरमा समेत कुनैपनि सङ्घसंस्थाले पहल त गरेका छैनन नै, यसतर्फ राज्यको ध्यान पनि गएको छैन । जसले गर्दा हिंसामा परेका त्यस्ता महिलाहरूले संरक्षणको खोजी गर्दा थप हिंसाको पीडा खेप्नुपरेको छ । यस्तै संरक्षणको अभाव, कानूनी कारवाही र क्षतिपुर्तिको व्यवस्था समेत नहुँदा बेघरबार तथा अभिभावकत्व गुमाएका कतिपय महिलाहरू वेश्यावृतीमा लाग्न बाध्य छन् । भारत तथा स्वदेशमै मजदुरी गरेर कहालीलाग्दो जीवनयापन गर्ने र विदेश पलायन हुने सङ्ख्याको पनि कमी छैन ।

**कानूनी कार्यान्वयनका स्थिति**

मध्यपश्चिम क्षेत्रमा कहालीलाग्दो जुन महिला हिंसाको घट्ना बढ्दो छ । सो भन्दा पनि कानूनी कार्यान्वयनको स्थिति अझ दर्दनाक छ । महिला अधिकारको आवाज उठाउने सङ्घसंस्था मात्रै किन नहुन? समग्र मानवअधिकारको आवाज उठाउनेहरू कसैले पनि त्यस्ता हिंसा पीडित महिलाहरूको आँसु पुछ्न सकेका छैनन् । त्यसरी नै कानूनी उपचार तथा राहत दिलाउन पनि । राज्य त झन यसतर्फ मुकदर्शक बनेको भन्दा अत्युक्ति नहोला । बाँके जिल्ला शम्शेरगज गाविस-२ की २५ वर्षीया रेखा तमोलीलाई पति जागेश्वर तमोलीले ०६६ जेठ २६ गते विष खुवाई हत्या गरेको घटनाका सम्बन्धमा अधिकारबादी संस्था र महिला अधिकारकर्मीहरूल दवाव दिएपछि इलाका प्रहरी कार्यालय कोहलपुरले ०६६ भदौ १२ गते पक्राउ गरेपनि जागेश्वरलाई १३ दिनपछि रिहा गरेको घटनामात्र होइन बर्दिया जिल्ला ढोढरी गाविस ७ की एक महिलालाई इलाका प्रहरी कार्यालय ढोढरीका इन्स्पेक्टर भीमलाल भट्टराईले ०६५ फागुन २९ गते दुर्व्यवहार गरेको घटनामा इन्स्पेक्टर भट्टराईलाई कुनै कारवाही नभएको जस्ता घट्नालाई राज्य मुकदर्शक भएको मान्न सकिन्छ । यस्तै सुर्खेत बसपार्ककी २१ वर्षीया खगिसरा थापालाई दोश्रो विवाह गर्न नदिएको झोंकमा ०६७ वैशाख १६ गते पति धर्मराज थापाले जिउँदै आगो लगाई हत्या गर्न खोजेको र कालिकोट जिल्ला बदालकोट गाविस १ की ६५ वर्षीया वृद्ध महिलालाई सोही स्थानका वीरेन्द्र दमाईले बलात्कार गरेको घटनामा दोषीलाई कुनै कारवाही भएन । न त प्रहरीले उनीहरूको खोजी नै गऱ्यो । यसले पनि यस क्षेत्रमा महिला माथि हुने हिंसाका घटनाहरूलाई प्रश्रय दिएको छ । रक्षक नै भक्षक भने झैं कानूनको पालना गर्ने गराउने निकायबाटै यस्ता हिंसाका घटना हुनु अशिक्षा, गरिबी आर्थिक विकृतिकै कारण बोक्सीको आरोपमा अभक्ष खुवाउने, दाइजो नलिएको भनी जिउँदै जलाउने, दोश्रो विवाह गर्न नदिएमा घरबाट निकाला हुनुपर्ने, कठित तल्लो जातको भनी घरभित्र पस्न नदिने, विदेश पठाइदिन्छु भनी यौनशोषण गर्ने, मदिरा सेवन तथा हतियार देखाई बलात्कार गर्ने जस्ता घट्नाहरू जतिसुकै बढेपनि यस क्षेत्रका महिलाहरूले कानूनी कार्यान्वयनको अभावमा चुपचाप सहेर समेत बस्न बाध्य हुनुपरेको छ । आफूहरू माथि भएको जस्तोसुकै बज्रपातको सामना गर्नु उनीहरूको यतिखेरसम्म नियति बन्नु अशोभनीय पनि हो ।


**हिंसा न्यूनीकरणका चुनौतीहरू**

धर्ममा विश्वास राख्नु पाप त होइन धर्मको आडमा मानवको भावना कुल्चनु भने हुँदैन । सँस्कृति एकैचोटी तोडिँदैन तर संस्कृति र सामाजिक मान्यताको नाममा मानव मूल्यलाई तिरस्कार पनि गर्नुहुँदैन । बहुपति, दाइजो, कम्लहरी र छाउपडी प्रथा त झन मानवता विरोधी नै छन भन्दा फरक पर्दैन । जारी विवाह , बहुविवाह गर्नु पनि मानवको भावनामा ठेस लगाउने काम

**मध्यपश्चिम क्षेत्रमा कहालीलाग्दो जुन महिला हिंसाको घट्ना बढ्दो छ । सो भन्दा पनि कानूनी कार्यान्वयनको स्थिति अझ दर्दनाक छ । महिला अधिकारको आवाज उठाउँने सङ्घसंस्था मात्रै किन नहुन? समग्र मानवअधिकारको आवाज उठाउनेहरू कसैले पनि त्यस्ता हिंसा पीडित महिलाहरूको आँसु पुछ्न सकेका छैनन् । त्यसरी नै कानूनी उपचार तथा राहत दिलाउन पनि । राज्य त झन यसतर्फ मुकदर्शक बनेको भन्दा अत्युक्ति नहोला ।**

बाहेक केही होइन । आर्थिक पछौटेपन, गरिबी, भोक र शोकसँग लड्नु यस क्षेत्रका महिलाहरूको रहर पनि होइन बाध्यता हो । सामाजिक न्याय पाउनु उनीहरूको अधिकार हो । यस क्षेत्रका महिलाहरूले धर्म सँस्कृति, सामाजिक मान्यता विभिन्न प्रथाहरू अशिक्षा, गरीबी र भोकैको कारण हिंसाको चपेटा खेप्नुपरेको हो । धर्मको आडमा चलिआएको सामाजिक मान्यता र सँस्कृतिकै कारण अहिलेको अवस्थामा समेत बहुपति, छाउपडी, बहुविवाह र जारी विवाह जस्ता महिला हिंसा विरोधी कार्य हुन भन्ने थाहा हुँदाहुँदै यसलाई रोक्ने कसरी? आवाज उठाउँने कसले ? आर्थिक पछौटेपनको कारण कम्लहरी बस्न बाध्य भएका कम्लहरीलाई जिविकोपार्जनको आधार बनाईदिने कसले? यही नै यसक्षेत्रको महिलाहिंसा न्यूनीकरणको प्रमुख चुनौती हो ।

# एउटा सत्य के हो भने माओवादी सहमत नभई संविधानको 'स' पनि लेखिँदैन अर्थात माओवादी नभई संविधान पारित गर्न चाहिने दुई तिहाइ मत पुग्दैन



**खिमलाल देवकोटा** एकीकृत माओवादी सभासद् हुनुहुन्छ । संविधानसभामा माओवादीका फरक मतहरू तथा संविधान निर्माण प्रक्रियाका बारेमा देवकोटासँग गोपिकृष्ण भट्टराईले गर्नुभएको कुराकानी यसपटकको प्राचीमा प्रकाशित गरेका छौं ।

**संविधान निर्माणको काम कुन हदसम्म सम्पन्न भइसकेको छ ? निर्धारित समयमा संविधान जारी हुन सक्ने अवस्था छ ?**

संविधान निर्माणको काम आजभन्दा एक वर्ष अगाडि नै सक्नुपर्ने थियो सकिएन थप गरेको एक वर्षभित्र पनि जुन गतिकासाथ अघि बढनुपर्ने थियो त्यो पनि सन्तोषजनक ढङ्गले अघि बढन सकिरहेको छैन्। तैपनि, लगभग २०६५ पुस १ गतेदेखि २०६६ वैशाख २० गतेसम्मको जम्मा पाँच महिना उत्साहजनक ढङ्गले काम हुँदा संविधान लेखनको लगभग असी प्रतिशत काम भने सकिएको छ । बाँकी बीस प्रतिशत काम सम्पन्न गर्ने जिम्मा शीर्ष नेताहरूको हातमा छ । संविधानसभाका समितिहरूले जनताको मत प्रत्यक्ष रुपमा सङ्कलन गरी सोको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने र सो विषयमा संविधानसभामा छलफल गरी आफ्ना धारणा राख्ने काम पनि सम्पन्न भइसकेको अवस्था छ। समितिहरूले काम गरिरहेकै बेला राजनीतिक असमभ्रूदारी नबढिदिएको भए तोकिको समय भित्रै संविधान बनिसकेर पनि यतिवेला हामी अर्को निर्वाचनको तयारीमा लागिसकेका हुने थियौं । अनायासै सरकार र सरकारको नेतृत्वको विवाद आयो । त्यसैकारणले सहज ढङ्गले नै अगाडि बढेको शान्ति प्रकृयामा पनि गतिरोध आयो र परिणामतः संविधान निर्माणको काममा बाधा आयो । यतिबेला बाँकी काम सम्पन्न गर्नका लागि शीर्ष नेताहरूको कार्यदल वनेको छ त्यसलाई सघाउने समितिहरू पनि बनेका छन्। तर सरकारको मामला टुङ्गिएको छैन । सो नटुङ्गिदासम्म संविधान निर्माणको काम सहजरूपमा अगाडि जान्छ जस्तो लागेको छैन । त्यसमा पनि संविधान र सरकार निर्माणको काम अलग गरौं र संविधान लेख्ने काम नरोकौं भन्ने निष्कर्षमा पुग्ने अवस्था हो भने पनि संविधानसभामा कम उपस्थित भएका विवादको मामला कम थाह पाएका शीर्ष नेताहरूले विवाद निप्टारा गर्ने जिम्मा लिनु भएको छ । प्रकृया अलि सुल्टोबाट गएको भए सहज हुने थियो भन्ने मलाई लाग्दछ । यही नै तरिकाले त संविधान बन्न कठिन छ। नेताहरूमा हेक्का आयो र तरिका सुल्टाएर अगाडि बढ्न सकियो भने संविधान बन्न सक्छ र परिस्थिति यस्तो छ संविधान बन्नै पर्छ अर्को विकल्प नै छैन। त्यसकारण आशावादी हुनै पर्छ । बढ्दै गएको राजनैतिक असमभ्रूदारी घटाउन सकियो भने सरकारको नेतृत्वको विवाद टुङ्गियो र शक्ति बाँडफाँडको विवादमा कुनै उपाय निकाल्न सकियो भने समय वाधक हुदैन ।

**संविधान निर्माणका क्रममा एकीकृत नेकपा माओवादीका फरक मत के के हुन् ?**

संविधान निर्माणका क्रममा फरक मतहरू थुप्रै छन् । केही प्रतिवेदनहरू माओवादीको प्रस्ताव बमोजिम पारित भएका छन्। तिनमा अरु दलका फरक मत छन् । भने, केही प्रस्तावहरू काङ्ग्रेस र एमालेका मत बमोजिम पारित भएका छन् तिनमा माओवादी लगायत अरु दलका फरक मत छन् । जहाँसम्म माओवादीका फरक मतको कुरा छ नयाँ संविधान हामी लेख्दै छौं तसर्थ नयाँ अर्थात जनयुद्ध जनआन्दोलन र मधेश आन्दोलनको मर्म र भावना वमोजिम विषय वस्तु समेटने कि पुरानै तरिकाले पुरानै प्रावधान राख्ने भन्ने नै मुख्य विवाद हो । खासगरी पुरानो असफल भइसकेको संसदीय प्रणालीबाट हुँदैन नयाँ जनउत्तरदायी प्रणाली अवलम्वन गरौं भन्ने माओवादी र खास गरी काङ्ग्रेस र एमालेका साथीहरू संसदीय व्यवस्थाका पुराना कुराहरू छोड्न नचाहने प्रवृत्ति नै मुख्य समस्या हो । अन्यथा राज्य पुनरसंरचनाको मामला न्याय प्रणालीको मामला लगायत थुप्रै प्रतिवेदनहरू समितिले पारित गरिसकेको अवस्था हो । टुङ्गो लगाउन नसकेको विषय भनेको शासकीय स्वरुप र निर्वाचन प्रणाली हो । त्यसमा माओवादीलगायतका धेरै दलको शासकीय स्वरुप राष्ट्रपतीय बनाउने प्रस्ताव छ भने एमाले काङ्ग्रेसको केही सुधार गरेर पुरानै संसदीय प्रणाली कायम राख्ने प्रस्ताव छ। मुल मुद्दा यिनै हुन् यी मुद्दा टुङ्गिने कुरा सरकार कसले नेतृत्व गर्ने भन्ने कुराले निर्धारण गर्नेवाला छ । त्यसैकारण मुद्दा विहीन मुद्दाका रुपमा लगभग दुई सय जति विवाद बनाइएको छ त्यो बेग्लै कुरा हो । जेहोस् यतिवेलाको माओवादीको मुख्य मुद्दा भनेको आर्थिक सामाजिक साँस्कृतिक अधिकारको ग्यारेण्टी गर्ने कुरा शिक्षा स्वास्थ्य र रोजगारीको ग्यारेण्टी गर्ने कुरा समानुपातिक समावेशी व्यवस्था गर्ने कुरा जनताप्रति उत्तरदायी शासन व्यवस्था स्थापना गर्ने कुरा नै मुख्य हुन् ।

**तपाईहरूको धारणालाई अरु राजनीतिक दलले स्वीकार गरेनन् भने के हुन्छ ?**

यहाँ विवाद माओवादी र अरु दलको मात्रै छैन । नयाँ गरौं वा पुरानैमा टासिइरहने भन्ने हो । खासगरी हिजोदेखि शासनमा रही आएका काङ्ग्रेस एमालेले पुरानोप्रतिको मोह त्याग गर्न नसकेको अवस्था र अरुहरूलाई पुरानैमा बसिरहन सकिँदैन नयाँ व्यवस्थामा जानुको विकल्प छैन भन्ने कुरा नै यतिबेलाको विवादको विषय बनेको छ । जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली सहितको शासकीय स्वरुपमा माओवादीसँग अरू धेरै दलहरूको मत मिल्छ त्यसैगरी समानुपातिक समावेशीमा पनि धेरै मत माओवादीको सँग मिल्छ । त्यसकारण माओवादी एकातिर र अरु दलहरू एकातिर भन्ने जो बाहिर चित्रित गर्न खोजिन्छ त्यो सत्य होइन । तर, एउटा सत्य के हो भने माओवादी सहमत नभई संविधानको "स" पनि लेखिँदैन अर्थात माओवादी नभई संविधान पारित गर्न चाहिने दुई तिहाई पुग्दैन । यस्तो अवस्थामा विवाद मात्रै गरेर संविधान जारी हुन नदिने कि सहमति र सम्झौताको दस्तावेजका रूपमा स्वीकार गरी अगाडि बढ्ने भन्ने कुरा आउछ । मेरो विचारमा सम्झौता गरेर भए पनि संविधान आउने वातावरण बनाउनै पर्छ । यसो भन्दा कतिपय मानिसका दिमागमा जसरी पनि संविधान बनाउने कुरा त सम्झौतावादी भयो भन्ने लाग्न सक्छ । तर सत्य के हो भने यो संविधान जारी गर्ने कुरा नेपाली जनतालाई पहिलो पटक सार्वभौम बनाउने कुरा हो । झिना मसिना कुरामा विवाद गरेर जनताको सार्वभौम हुने अवसर गुम्न दिने कि सार्वभौम हुने अवसरको रक्षा गर्न बरु अन्य सानातिना विवाद थाति राख्ने वा केही समयकालागि पर सार्ने भन्ने कुरा मुख्य हो । म जनताको सार्वभौमसत्ताको दाजोमा कुनै पनि कुरा ठूलो हुँदैन भन्ने पक्षमा छु । त्यसकारण यो संविधान बनाउने मात्रै वा संविधानमा के लेख्ने भन्ने कुरा निर्धारण गर्ने मात्रै अवसर हैन । त्यो भन्दा बढी जनता सार्वभौम भएको घोषणा गर्ने अवसर हो । यो अवसर गुम्न दिन हुँदैन भन्ने कुरालाई केन्द्रमा राखेर नै अरु कुरामा अगाडि बढ्न पर्छ । संविधान चित्त बुझेन भने संशोधन

> **नियत सफा भयो र सफा नियतकासाथ काम थालियो भने समय बाधक बन्दैन र समय अपुग भयो भने समय थप्न पनि असम्भव म देख्दिन । तर काम हुने भयो भन्ने कुरा र काम हुँदैछ भन्ने कुराको पनि सुनिश्चितता खोजेका छन् जनताले । त्यसैले फेरि पनि चिन्ता समय र कार्यतालिकाको हैन समस्या नियत र कार्यशैलीको हो ।**

गर्न सकिएला तर संविधानसभा नै जोगाउन सकिएन भने फेरि संविधानसभा प्राप्त गर्न सकिदैन । त्यसकारण जनताको सार्वभौम हुने अधिकारलाई ख्याल ख्यालमा गुम्न नदिनकालागि पनि सहमतिको विकल्प छैन ।

**भर्खरै गठन गरिएको उच्चस्तरीय कार्यदलले विवादहरू समाधान गर्न सक्ला ?**

यो उच्चस्तरीय कार्यदले विवाद समाधान त गर्नैपर्छ यो बाहेक अर्को विकल्प उसका अगाडि छँदैछैन । यसका लागि या त यो कार्यदल एक ठाउँमा पुग्न पर्छ या त आफ्ना कुरामा अरूलाई चित्त बुझाउनै पर्छ । दुईमध्ये एक मात्रै पनि नगर्ने छुट यो कार्यदललाई छैन । यो ऐतिहासिक अवसर यही पुस्ता र त्यसमा पनि यिनै नेताहरूलाई मात्रै प्राप्त भएको छ । रहर वा करले यस्तो अवसर सबैलाई प्राप्त हुँदैन । तर यो गम्भीरता जति देखिन पर्ने हो त्यो हदसम्म देखिएको छैन । त्यो गम्भीरताकासाथ काम थालनी भएको पनि छैन । दोश्रो यसको कार्यशैलीमा परिवर्तन जरुरी छ । यसो भनेको विवादका मुख्य जरो पहिल्याउने विवाद कहा हो र के मा हो सोको पहिचान गरेर मात्रै समाधान खोज्ने काम गर्न जरुरी छ । प्राविधिक समस्याको हल राजनीतिबाट खोज्ने राजनीतिक कुराको जवाफ प्राविधिक कुराबाट गर्न खोज्ने यो प्रवृत्तिको अन्त हुन जरुरी छ । तब मात्रै वास्तविक समस्याको गहिराईमा पुग्न र सोको समाधान खोज्न सकिन्छ । यही कुरा यो कार्यदलका हकमा पनि लागू हुन्छ ।


**यति धेरै असहमतिका बीचमा बन्ने संविधानले देशलाई निकास देला त ?**

द्वन्द्व पछिको संविधान बनाउने बेलाको अवस्था कुनै पनि मुलुकमा सहज हुँदैन । आफना आफ्नै तरिकाले तिनमा मौलिकता हुन्छ । त्यसकारण हाम्रो देशमा देखिएका असहमतिहरू पनि अस्वभाविक रुपमा लिइहाल्नुपर्ने खालका छैनन् । तर असहमति विषय वस्तुमा हो कि नियतमा प्रश्न उठेको छ । विषयवस्तु मै असहमति हो भने सो बारेमा छलफल गर्न सकिन्छ हल पनि खोज्न सकिन्छ तर नियतमा असहमति हो भने नत छलफल नै गर्न सकिन्छ न त निकास नै खोज्न सक्ने अवस्थामा हामी रहन्छौं । त्यसकारण यो नियतको असहमति हैन भने यसले निकास दिनु पर्छ दिन्छ ।

**कार्यतालिका फेरि पनि परिवर्तन गरिएको छ ? के यसले तोकिएको समयमै संविधान बन्न बाधा पुर्‍याउँदैन ?**

समय र कार्यतालिका न हिजो समस्या थिए न भोलि नै रहनेछन् । समस्या त विषय वस्तुलाई गम्भीरतापूर्वक लिने कि नलिने भन्ने हो र मुख्य त संविधान बनाउने कि नबनाउने भन्ने नियत कै हो । नियत सफा भयो र सफा नियतकासाथ काम थालियो भने समय बाधक बन्दैन र समय अपुग भयो भने समय थप्न पनि असम्भव म देख्दिन । तर काम हुने भयो भन्ने कुरा र काम हुँदैछ भन्ने कुराको पनि सुनिश्चितता खोजेका छन् जनताले । त्यसैले फेरि पनि चिन्ता समय र कार्यतालिकाको हैन समस्या नियत र कार्यशैलीको हो । यो समस्याको हल खोज्नै पर्दछ । फेरिएको कार्यतालिकाभित्र संविधान बनाउनै पर्छ । समय थप्ने संविधान नलेख्ने आफनो आयु आफैंले बढाई मात्रै रहने यो प्रवृत्ति जनताकालागि सँधैभरी स्वीकार्य पनि हुँदैन भन्ने कुरा पनि दल र दलका नेताहरूले बुझ्न जरुरी छ ।

# उपेक्षाको मारमा कर्णाली


बालकृष्ण बस्नेत

**नेपालमा हरेक समय कर्णाली चर्चामा रहन्छ । राष्ट्रिय योजना आयोगका लक्ष्य र योजना हुन् वा विदेशी दातृनिकायका लगानीका प्राथमिकता अनि वार्षिक बजेट र सरकारका नीति तथा कार्यक्रम हुन वा समाचारपत्रका हेडलाइन सबै ठाउँमा कर्णाली अग्रणी स्थानमा हुन्छ । देशदेखि विदेश र सडकदेखि सदनसम्म कर्णालीका अभावहरू वर्षेपिच्छे भजिन्छन् र भित्रन्छ कुनै नौलो परियोजना कर्णालीमा । यता वर्षैभरी काठमाडौंलाई धारे हात लाएर आफूमाथि अन्याय भएको भन्दै घोकाएको आवाज बोलिरहन्छ कर्णाली ।**

राष्ट्रिय योजना आयोगले तयार पारेको सहस्राब्दी विकास लक्ष्य (एमडीजी)को समीक्षा प्रतिवेदनअनुसार सन् १९९६ देखि २००४ सम्म नेपालको ४२ प्रतिशतको गरिबी ३१ प्रतिशतमा झरेको छ । सन् २००५ देखि २००९ सम्म यो थप ६ प्रतिशतले घटेर २५ प्रतिशतमा आइपुगेको छ । यता सन् २००४ मा काठमाण्डौको गरिबी ३ दशमलव ३ प्रतिशत हुँदा मध्यपश्चिममा यो ४४ दशमलव ८ प्रतिशत थियो । सन् २००९ मा काठमाण्डौको गरिबी १ दशमलव ९ हुँदा मध्यपश्चिममा ३७ दशमलव ४ प्रतिशत भएको तथ्याङ्क रहेको छ ।

यसरी भौगोलिक रूपमा मध्यपश्चिमाञ्चल विकास क्षेत्र नेपालको सबैभन्दा बढी गरिबी भएको क्षेत्र हो । मध्यपश्चिमको पनि कर्णाली अति गरिबी भएको क्षेत्रमा पर्दछ । क्षेत्रफलको आधारमा कर्णाली अञ्चलले मात्र सिङ्गो नेपालको १५ प्रतिशत क्षेत्रफल ओगटेको छ । जुम्ला, कालीकोट, हुम्ला, डोल्पा र मुगू गरी पाँच जिल्लाहरू रहेको कर्णाली अभावको उपनाम र गरिबीको पर्यायवाची जस्तै बनेको छ ।

नेपालमा हरेक समय कर्णाली चर्चामा रहन्छ । राष्ट्रिय योजना आयोगका लक्ष्य र योजना हुन् वा विदेशी दातृनिकायका लगानीका प्राथमिकता अनि वार्षिक बजेट र सरकारका नीति तथा कार्यक्रम हुन वा समाचारपत्रका हेडलाइन सबै ठाउँमा कर्णाली अग्रणी स्थानमा हुन्छ । देशदेखि विदेश र सडकदेखि सदनसम्म कर्णालीका अभावहरू वर्षेपिच्छे भजिन्छन् र भित्रन्छ कुनै नौलो परियोजना कर्णालीमा । यता वर्षैभरी काठमाण्डौलाई धारे हात लाएर आफूमाथि अन्याय भएको भन्दै घोकाएको आवाज बोलिरहन्छ कर्णाली ।

अति विकट र गरिब क्षेत्रको रूपमा नाम कमाएको कर्णाली साँच्चै गरिब हो कि गरिब बनाइएको हो भन्नेतर्फ कमैको मात्र ध्यान गएको छ । विकटताले भन्दा पनि विभेदले कर्णाली गरिब भएको हो भन्ने सत्य धेरैलाई अपत्यारिलो लाग्छ । कर्णालीको समस्यालाई कौडीको मोलमा बिक्री गर्नेहरूले त्याहाँको प्रचुर सम्भावनलाई सहजै स्वीकार्दैनन् । कर्णालीलाई उत्तम बनाउन चाहनेहरूभन्दा पनि खत्तम शब्द भजाउनेहरूकै वर्चश्व रहेको कारण कर्णाली थप परनिर्भरताको दलदलमा भासिँदै गएको छ ।

सहानुभूति समाधान हैन, समस्याको जननी हो भन्ने तथ्यलाई कर्णालीले दशकौं अगाडि नै पुष्टि गरिसक्दा पनि केन्द्रबाट लादिने विकासे कार्यक्रमले कर्णालीमा निरन्तरता पाइरहेको छ । कर्णालीमा राज्यको दृष्टि नपुगेका हैन तर भूगोलको विविधता सुहाउँदो विकासे नीतिको अभावमा कर्णालीमा गरिएको लगानी बालुवामा पानी भएको जगजाहेर छ । पश्चिम उच्च पहाडी गरिबी निवारण परियोजना, कर्णाली क्षेत्र रोजगार कार्यक्रम, ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, गरिबी निवारण कोषद्वारा सञ्चालित कार्यक्रमलगायत थुप्रै सरकारी तथा त्यति नै मात्रामा गैरसरकारी कार्यक्रमहरू कर्णालीमा सञ्चालित छन् । सरकारी, गैसस र अन्तराष्ट्रिय गैससहरूको लगानीको आँकडा हेर्दा अर्बौं रकम बर्सेनी कर्णालीको नाममा खर्च हुँदै आएको छ । सरकारले चार वर्षदेखि कर्णाली क्षेत्र रोजगार कार्यक्रमअन्तर्गत मात्र वार्षिक २२ करोड रकम खर्च गरिरहेको छ ।

यसरी विकासका नाममा कर्णालीमा दशकौंदेखि सरकार, दातृनिकाय र गैरसरकारी संस्थाहरूबाट अर्बौं खर्च हुँदा पनि किन कर्णालीको जीवनस्तरमा सुधार आएन त्यसको समीक्षा भने हुन सकेको छैन । यतिबेला हामी राज्य पुनःसंरचनाको बहसमा छौं । स्थानीय स्वायत्त शासनका नाममा गरिएका गतिविधिले सुशासनको भन्दा पनि भ्रष्टाचारको विकेन्द्रीकरण गरेको तीतो अनुभव सँगाल्दै हामी सङ्घीय राज्य प्रणालीतर्फ प्रवेश गर्न थालेका छौं र त्यसलाई नयाँ बन्न लागेको संविधानद्वारा व्यवस्थित गर्ने तयारीमा पनि छौं । यस्तो अवस्थामा कर्णालीको यथार्थ र वास्तविकताको बारेमा सार्वजनिक बहस हुनु कर्णालीको भविष्यका लागि जरुरी छ ।

सरकारी तथ्याङ्कका अनुसार कर्णालीले नेपालको १५ प्रतिशत (२१ हजार ३ सय ५१ वर्ग किमी) क्षेत्रफल ओगटेको छ । जनघनत्व प्रतिवर्गकिलोमिटर १४.५, जनसङ्ख्या ३०९०८४ (महिला १५२१०० पुरुष १५६९८४) रहेको छ । सरकारी तथ्याङ्कमा ०४८ भन्दा ०५८ मा यहाँको जनसङ्ख्या घटेको देखाइएको छ । साक्षरता प्रतिशत ३१.३ प्रतिशत जसमा महिला १५.१ प्रतिशत र पुरुष ४७.७ प्रतिशत, कृषिमा

आधारित जनसङ्ख्या ८४.६६ प्रतिशत छन् । कर्णालीको औसत आयु ५० वर्षको हाराहारीमा छ जसमा मुगुको औसत आयु ३६ वर्ष र मुगुका महिलाको औसत आयु ३४ वर्ष रहेको छ । जब कि काठमाडौंको औसत आयु ७० भन्दा माथि रहेको छ । हुम्लाको १ वर्ग किमी क्षेत्रफलमा जम्मा सात जनाको बसोवास रहेको छ भने काठमाण्डौमा त्यति नै क्षेत्रफलमा २६१३ जना बस्दछन् ।

यद्यपि , विशाल भूगोलमा न्यून जनसङ्ख्या रहेको कर्णाली क्षेत्रलाई समस्या हैन सम्भावनाको रूपमा हेर्ने दृष्टिकोण हालसम्म बन्न सकेको छैन । स्थायी सडक मार्ग र दिगो विकासे नीति कर्णालीको प्राथमिक आवश्यकता हो । कर्णालीलाई विकासे भरियाहरूको सट्टा विकास र आयातित सिद्धान्तभन्दा रैथाने ज्ञानको अनि ओसारेको चामलभन्दा त्यही उमार्न सकिने बीउ, बिरुवा र बुद्धिको आवश्यकता छ । तर नेपाल सरकारले कर्णालीमा चामल बाँड्छु भनेर आउनेहरूको प्रस्तावनामा ल्याप्चे हान्नुलाई नै कर्णालीमाथिको न्याय र सरकारको बहादुरी सम्झँदै आएको छ । न त उसले कति बोरा बाँड्छौं भनेर सोध्नुलाई आफ्नो दायित्व सम्झिएको छ न त कहिलेसम्म कुन गुणस्तरको चामल कुन प्रक्रियाबाट बाँडछौ भनेर जान्नुलाई आफ्नो जिम्मेवारी । फलतः देशभर पहिचानको लडाइ चल्दै गर्दा कर्णाली पेटको लडाइ लडिरहेछ ।

'सन् १९८६ मा नै मैले विश्व खाद्य सङ्घलाई भनेकी थिएँ, जुनदिन तिमीहरू हाम्रो देशबाट जान्छौ, त्यही दिनदेखि मात्र यहाँ पोषणको स्थितिमा सुधार हुन्छ' डा. अरुणा उप्रेतीले एक दैनिक अखबारमा नक्कली भोकमरी शीर्षकमा एक पोषण विशेषज्ञको भनाइ उद्धृत गर्दै लेखेकी थिइन् 'विश्व खाद्य सङ्घले नेपालमा सकारात्मक परिवर्तन ल्याउनुको सट्टा नकारात्मक कुरा ल्याएको छ । सेतो चामल सस्तोमा खान पाइन्छ भने किन दुःख गरेर कोदो र फापर उमार्नु भनेर मानिसहरू हात बाँधेर बसेका छन् ।' तथ्यहरूले उप्रेतीका लेखका माथिका अंशहरूको पुष्टि गरिरहेकै पनि छ ।

कर्णालीमा भोकमरी लाग्यो भन्दै चामल बाँडनेहरू स्वयम् राजधानी र त्यस्तै शहरका गल्लीहरूमा थकाली भान्छा घरको बोर्डमा नयन डुलाउदै स-परिवार फापर र कोदोका ढिँडोको स्वाद लिन भौतारिए पनि तिनीहरूले कर्णालीमा फापर, कोदो, सिमी र आलु चामलभन्दा पोषणयुक्त खाद्यान्न हो भन्ने चेतना भर्नुको साटो चामलका बोरा लगेर फ्याकिदिनुलाई नै बुद्धिमानी सम्झँदै आएका छन् । खाद्यान्नसँग जोडिएको कमिसनको अङ्कगणितीय राजनीति संस्थागत हुँदै जादा ४० वर्षदेखि कर्णालीमा सहुलियतमा चामल बाँडन थालेको नेपाल खाद्यान्न संस्थानले पनि कर्णालीवासीलाई भातको सौखिन बनाउनेभन्दा बाहेकको उद्यम गर्न सकेन । फलतः गाउँमा नै उत्पादन हुने मकै, कोदो, फापर आदि खाने बानी परेका स्थानीय बासिन्दालाई भाते बानी लगाउन र कर्णालीका हरेक भान्साहरूमा आयातित चामललाई स्थापित गराई स्थानीय उत्पादनलाई विस्थापित बनाउन दातृ निकाय र सरकारी विज्ञहरू जानी नजानी सफल भएका छन् ।

**हेलिकप्टरबाट राहत कोटामा चामल ओसारेर खुवाइ गरिबी घटाउँछु भन्ने भ्रम र दरिद्र मानसिकता पाल्ने नेपाल सरकार र बाटो खनाउँदै खाद्यान्न बाँडेर कर्णालीको विकास हुन्छ भन्ने बौद्धिक अल्पता ग्रसित दातृ निकाय दुवै कर्णालीको परनिर्भरताको पर्खालमा इट्टा र उर्जा थप्ने निकाय हुन् । कर्णालीमा चामल ओसार्न बर्सेनी खर्चने धनको केही प्रतिशत शिक्षा, सडक, सिचाइ, मल, बीउबिजन, कृषि औजार र प्रविधिजस्ता क्षेत्रमा खर्चन सकेको भए त्यहाँ भित्रने चामलका बोराहरूको सङ्ख्या बर्सेनी बढ्नुका सट्टा घट्दै जान्थ्यो होला । तर चामलको अभावलाई भोकमरीको परिभाषा दिँदै नेपालका लाखौं जनता भोकमरीको चपेटामा भनेर राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा प्रतिवेदन सार्वजनिक गर्नेहरूको दिमागमा यस्तो हेक्का कहिल्यै आएको पाइएन ।**

हेलिकप्टरबाट राहत कोटामा चामल ओसारेर खुवाइ गरिबी घटाउँछु भन्ने भ्रम र दरिद्र मानसिकता पाल्ने नेपाल सरकार र बाटो खनाउँदै खाद्यान्न बाडेर कर्णालीको विकास हुन्छ भन्ने बौद्धिकअल्पताग्रसित दातृनिकाय दुवै कर्णालीको परनिर्भरताको पर्खालमा इट्टा र उर्जा थप्ने निकाय हुन् । कर्णालीमा चामल ओसार्न बर्सेनी खर्चने धनको केही प्रतिशत शिक्षा, सडक, सिँचाइ, मल, बीउबिजन, कृषि औजार र प्रविधिजस्ता क्षेत्रमा खर्चन सकेको भए त्यहाँ भित्रने चामलका बोराहरूको सङ्ख्या बर्सेनी बढ्नुका सट्टा घटदै जान्थ्यो होला । तर चामलको अभावलाई भोकमरीको परिभाषा दिँदै नेपालका लाखौं जनता भोकमरीको चपेटामा भनेर राष्ट्रिय अन्तराष्ट्रिय रूपमा प्रतिवेदन सार्वजनिक गर्नेहरूको दिमागमा यस्तो हेक्का कहिल्यै आएको पाइएन । नत नयाँ नेपालका राज्य सञ्चालकहरूमा भोकमरी समाधान गर्न चामल बाँडनेहरूलाई राष्ट्रिय योजना आयोग लगायतका आन्तरिक निकायहरूको रणनीतिअनरूप मात्र वितरण गर्न पाउँछौ भनेर भन्न सक्ने र वितरण प्रक्रिया र गुणस्तरको नियमन गर्न सक्ने हिम्मत आएको पाइयो ।

मानवअधिकारको सिद्धान्तले सरकारी नीतिभन्दा पनि नागरिक जीवनको मूल्यलाई प्राथमिक ठान्दछ । विशेष अवस्थामा अपनाइने सकारात्मक विभेदको नीतिबाहेक कुनै पनि तर्कको आधारमा राज्यले आफ्ना नागरिकलाई प्रदान गर्ने सेवा सुविधामा विभेद गर्न पाउँदैन । तर, कर्णालीवासीको हकमा यो लागू हुन सकेको छैन । काठमाडौंको रत्नपार्कमा केही दिन रिले अनसनको ब्यानर झुण्डाएर जायज नाजायज माग तेर्साउनेहरूको दवावमा पर्ने सिंहदरबारलाई कर्णालीवासीले अघोषित रूपमा वर्षभरि नै गर्ने रिले अनसनले हालसम्म छुन सकेन । राजधानीका सडकमा बसिने भोक भोकहडताल र अनसनको नाममा दरिन्छ तर बाध्यताले कर्णालीका नागरिकहरू कयौ छाक भोकै बस्दा त्यसले राज्य सञ्चालकहरूको सम्वेदनालाई छुँदैन ।

विभिन्न प्रकारका औषधिहरूको निम्ति कच्चा पदार्थ उत्पादन गर्ने कर्णाली स्वयम् भने वर्षौंदेखि जीवनजलका थोपा र सिटामोलका गोटीका अभावमा तडपिरहँदा कर्णालीमा आधुनिक र व्यवस्थित औषधि प्रयोगशाला निर्माण गर्ने सदबुद्धि कुनै विज्ञ र भलादमीका चेतनामा पर्न सकेको छैन। कर्णालीका डोल्पालगायतका जिल्लाहरूमा ज्यान जोखिममा राखेर हिउँसँग पौठेजोरी खेल्दै यार्शाकुम्भू नामको अमूल्य जडिबुटी टिप्ने हातहरूले गुन्द्रुकसरह पनि भाउ नपाउँदा जडिबुटीका दलाल र तस्करहरू रातारात धनी बन्दै गएका छन्। तर, त्यो सार्वजनिक चासोको विषय बन्न सकेको छैन।

कर्णालीको गरिबीसँग चिन्तित भएर कर्णालीको विकास गर्छु भन्दै वर्षौंदेखि कार्यरत गैरसरकारी संस्थाको प्रगति विवरण प्रतिवेदनमा मात्र सीमित नभएर व्यवहारमा पनि भइदिएको भए यतिबेला कर्णाली कसैको सहानुभूतिको पात्र बनिरहनु पर्दैनथ्यो होला। कर्णालीको हितमा वकालत गर्नेहरूले कर्णालीको गरिबीसँगै त्यहाँका स्याउ र सिमी पनि बेच्न सकेका भए, त्यहाँको जडिबुटीलाई बजार दिन सकेका भए सम्भवत कर्णालीले आज भोग्दै गरेको नियतीबाट पार पाइसक्थ्यो होला। तर विडम्बना कर्णालीका राडीपाखीहरू बजारकै अभावमा बन्द हुने अवस्थामा पुग्दा पनि त्यसतर्फ कसैको ध्यान जान सकेको छैन। कर्णालीको पानीसँगै त्यँहाका जनताका दुःखहरू सयौं वर्षदेखि बगिरहेका छन् तर त्यो पानीको सदुपयोग गर्ने साहश र सदबुद्धि देखिएन। फलत: अझै पनि कर्णालीका कतिपय सदरमुकामका जनताले विजुली बत्ती कसरी बल्छ समेत हेर्न पाएका छैनन्। यता कर्णालीका स्याउले बजार नपाएर कुहिएका समाचार सँगसँगै करोडौंका विदेशी स्याउ नेपाल भित्रिएका खबरले अखबारमा प्राथमिकता पाउँदै आएका छन्।

देशका कतिपय ठाउँका मौसमी पोखरी र मानवनिर्मित तालहरूले अन्तराष्ट्रिय चर्चा पाइरहँदा प्रकृतिका अनुपम उपहार कर्णालीका रारा र से फोक्सुण्डो तालले नेपाल पर्यटन विकास बोर्डको पर्खालभन्दा बाहिर अपेक्षित चर्चा पाउन सकेनन्। न त खस भाषाको उद्गम स्थल मानिने सिँजाले प्रसिद्धी कमाउन सक्यो। कर्णालीकै डोल्पाको सेरोफेरोमा 'क्याराभान' नामको फिल्म निर्माण गरेर फ्रान्सेली निर्देशक एरिक भ्यालीले अन्तराष्ट्रिय नाम र दाममात्र कमाएनन् उनको फिल्म विश्वप्रसिद्ध फिल्म अवार्ड ओस्कारका लागि मनोनयनमा समेत परेको थियो तर नेपालका मै हुँ भन्ने पर्यटन व्यवसायी र फिल्म निर्देशकलाई कर्णालीको मोहकताले लोभ्याउन सकेन। हुम्लाको बाटो भएर मानसरोवर जाने पर्यटकलाई लक्षित गरी पूर्वाधार निर्माण गर्ने चेतना त दूरको कुरा भयो फुल्चोकी र दामनमा पर्ने हिउँको बयान गरेर नथाक्नेहरूले कर्णालीमा मानव जीवन नै जोखिममा पार्दै महिनौसम्म नपग्लने गरी पर्ने हिउँ र त्यसको अवलोकनका निम्ति भित्राउन सकिने साहशिक पर्यटनको सम्भावनालाई पनि देख्न सकेकम छैनन्।

शहरिया भाषामा **'ट्रेकिङ्'** भनिने उकाली ओरालीको दौड त कर्णालीको दिनचर्या नै हो। यता कम्मरमा नाम्लो बाधेर उर्लंदो कर्णालीको भेलमाथिबाट डोरी (तुइन) मा झुण्डिएर घाँस दाउराका भारी बोकी दैनिकी जिउनेहरूको साहस कम्मरमा बडेमानको लठ्ठा बाँधेर राजधानीका नजिकका खोला खोल्सामा पैसा तिरेर हामफालिने **"बञ्जी जम्प"** भन्दा कम हैन, बढी नै हो।

**कर्णालीको हितमा वकालत गर्नेहरूले कर्णालीको गरिबीसँगै त्यहाँका स्याउ र सिमी पनि बेच्न सकेका भए, त्यहाँको जडिबुटीलाई बजार दिन सकेका भए सम्भवत कर्णालीले आज भोग्दै गरेको नियतीबाट पार पाइसक्थ्यो होला। तर, विडम्बना कर्णालीका राडीपाखीहरू बजारकै अभावमा बन्द हुने अवस्थामा पुग्दा पनि त्यसतर्फ कसैको ध्यान जान सकेको छैन।**

विकासमा भएको चरम विभेदकारी दृष्टिकोणका कारण अपहेलित कर्णाली तुइनबाट विस्तारै झोलुङ्गेपुलको यात्रा तय गर्दै थियो तर ती पनि विगतको द्वन्द्वकालमा क्रान्तिका नाममा काटिएकाले पुनः तुइनतिर नै फर्किएको छ। कर्णालीमा गरिबी घट्यो भन्नेहरूले गरिबी घटे नघटेको र बाटो पुग्यो भनेर राष्ट्रिय तथ्याङ्कमा सडकको लम्बाई बढाउनेहरूले बाटोसँगै गाडी पुगे नपुगेको बारे हेक्का राख्न भ्याएका छैनन्। लामो सयमपछि ट्र्याक खुलेको सुर्खेत-जुम्ला सडक यतिबेला मृत्युमार्ग नाम पाएर लम्पसार तेर्सिएको छ। जुन सडकको यात्रामा सुविधाभन्दा मृत्युको सम्भावना बढी हुन्छ त्यस्तो सडकले जनतालाई सुखद अनुभूति गराओस् पनि कसरी ?

हुँदा खाने कर्णाली र हुने खाने काठमाडौं बीच यतिबेला चरम असमानता छ। हरेक साँझ काठमाण्डौ ककटेलमा रमाउँदा कर्णाली कष्टमा डुबेको छ। छाला बिग्रन्छ भनेर काठमाडौंले मिनरल वाटरले नुहाउँदा कर्णाली शुद्ध पानी नपाएर झाडापखालाबाट ग्रसित हुन्छ। काठमाडौंमा सर्वहारा वर्ग र समाजवादका नाममा टाँगिएका हजारौं मिटर कपडाका ब्यानर र झण्डाले धपक्क हुँदा कर्णालीमा एकसरो लाज धान्ने कपडाको अभाव हुने गर्दछ। काठमाडौं मोटाएको शरीर घटाउन आधुनिक व्यायमशाला धाउँदै गर्दा कर्णाली एक किलो चामलका लागि लाइनमा उभिने गर्दछ छ।

यी तमाम समस्याका बाबजुद पनि कर्णाली आफैंमा सम्भावना बोकेको क्षेत्र हो। कर्णालीमा अभाव छ दूरदृष्टि, असल नियत, वैज्ञानिक र मौलिक दृष्टिकोण, दिगो विकास अनि शिक्षा, सडक र सामर्थ्यको, न कि स्रोत र साधनको। अब पनि कर्णालीका समस्यामात्र भजाइरहने र मौलिक सम्भावनाको खोजी नगर्ने हो भने अझै कैयौं दशक कर्णालीको चिनारी अभाव, गरिबी र भोकमरी बनिरहने निश्चितप्रायः छ। फगत गणतन्त्र र नयाँ नेपालको रटानले मात्र कर्णालीलाई न्याय गर्ने छैन।

कथा

# आगो

- असगर वजाहत

उसको घर दन्किरहेको थियो । ऊ सपरिवार आगो निभाउने प्रयास गरिरहेको थियो । आगो प्रचण्ड थियो, निभिरहेको थिएन । लाग्दथ्यो आगो सयौं वर्षदेखि लागिरहेको छ वा कुनै ज्वालामुखी विस्फोट भइरहेको छ । उसले पत्नीलाई भन्यो "यस्तो आगो त मैले जीवनमा कहिल्यै देखेको थिइनँ ।"

"हो" पत्नीले उत्तर दिई,"यस्तो आगो त हाम्रो पेटमा लाग्ने गर्छ । पेटको आगो हामी देख्न सक्दैनौं ।"

आगो निभाउने प्रयास गर्दागर्दै आइपुगेका पढेलेखेका दुई जना मानिसलाई उसले भन्यो "हामीलाई आगो निभाउन सहयोग गर्नुहोस् ।

दन्किरहेको आगोतिर हेर्दै भय मिश्रित स्वरमा एउटाले जवाफ दियो"हेर, हामी बुद्धिजीवी हौं, लेखक, पत्रकार हौं । हामी यो आगोको विषयमा लेख्ने छौं । दुवै आफ्नो बाटो लागे ।

केही बेरपछि आइपुगेको अर्को मानिससँग पनि उसले आगो निभाउन आग्रह गऱ्यो ।

उसले जवाफ दियो "यस्तो आगो त मैले पनि जीवनमा देखेको थिइनँ । यसको विषयमा गहन शोध गर्नुपर्छ । यस विषयमा यसअघि भएको शोधको अध्ययन गर्नुपर्छ । म अध्ययन सामग्री जम्मा गरेर लिएर आउँदै छु त्यतिन्जेल यो आगो निभ्न नदिनू " । ऊ हिँड्यो ।

परिवार आगो निभाउन असमर्थ भइरहेका थियो । पति पत्नी थाकेर बसे । केही बेरपछि अर्को एक जना आइपुग्यो "तिमीहरू यो भुङ्ग्रो के गर्छौ?"भुङ्ग्रो सेलाओस्, अँगार मलाई काम लाग्छ । म लैजान्छु ।"

केही बेरपछि दमकल आइपुग्यो । दमकलको पानी सकियो, आगो निभेन । दमकलको मानिसले भन्यो"आगो बलिरहोस् । यसमै देशको भलाइ छ । यस्तो आगोको विषयमा गिनिज बुकमा अभिलेख बन्छ । हाम्रो देशको नाम प्रख्यात हुन्छ ।"

"अनि हाम्रो चाहिँ के हुन्छ ?" उ चिन्तित भयो ।

यत्तिकैमा विशेषज्ञको टोली आइपुग्यो"यस्तो विराट आगोलाई एक्सपोर्ट गर्न सकिए प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिन्थ्यो ।"

अर्को विशेषज्ञले भन्यो "यो आगोलाई सस्तो ऊर्जास्रोत बनाउन् सकिने सम्भावना अझ बढी महत्वको कुरा हो । देशमा ऊर्जाको कमी छ । यो ऊर्जा उपयोग गर्न सकियो भने देशको विकासमा महान योगदान पुग्न सक्छ ।"

अर्कोले भन्यो "यो आगोलाई देशको एकता बढाउन पनि उपयोग गर्न सकिन्छ । यो बढ्दै जानुपर्छ यसलाई निभाउन सब एक हुन्छन् । देशको एकता बलियो हुन्छ । जसरी होस् यो आगोलाई बढाउँदै लग्नु पर्छ ।"

जसको घरमा आगो लागेको थियो उ चिन्तित भयो" अनि मेरो के हुन्छ ?"

"तँलाइ त फाइदै फाइदा छ "बुद्धिजीवीले जवाफ दियो" देश निर्माणमा तेरो अभूतपूर्व नाम रहन्छ ।" पेटमा लागेको आगो झैं जसको घरमा आगो लागि रहेको थियो, उ आगो बढाउन तल्लीन भयो ।

हिन्दीबाट अनुवाद

**- आभास शर्मा**



# सगरमाथा नाङ्गै देखिन्छ

**- विक्रम सुब्बा**

कुनै छलकपटको चीसो योजना थाल्ने हो कि
या कुनै झुप्रोहरूको छातीमा सर्दी हाल्न हो ?
शान्तिको कुनै ओस्याइलो गीत गाउन हो कि
या कुनै गुराँसको कलकलाउँदो थुँगा अठ्याउन हो ?
आफ्ना केही सुकिला भारदार हिमालहरू लस्करै राखेर
सगरमाथा कुनै गोप्य वार्ता गरिरहेको देखिन्छ
पहाडै पहाड घुइँचो घारीमा
सबैभन्दा माथि उछिट्टिएर फक्रेको
हिमालको थुँगा उदाङ्गै देखिन्छ
जहाँबाट हेरे पनि सगरमाथा नाङ्गै देखिन्छ !
प्रायः कुनै आरोहण दलको
पाइतालाले शीरमा टेकेको देखिन्छ
कहिले कुनै कुनै अराइएका चित्रकारहरूले
एकटुक्रा क्यानभासमा लेखेको देखिन्छ
बादलको थोत्रे बक्खु पनि फाटिसकेका
गौरवको बिचरो चुचुरो हवाङ्गै देखिन्छ
जहाँबाट हेरे पनि सगरमाथा नाङ्गै देखिन्छ !
बुद्धको खप्परबाट सापटी लिएर दुइटा आँखाहरू
स्तुपहरूमा टाँसेर गुम्बाहरू हेरिरहेका छन्-
विदेशीको भरौटे भएका सपुतहरू,
स्वदेशी डोकोमा विदेशी झण्डा बोकिरहेका छन्
नेपाली चुचुराको सिउँदोमाथि फरफराउन
ढुक्कै विदेशी झन्डाहरू उक्लिरहेका छन्
झोक्रिएर बसेको सिंगो हिमाल विवश र उदाङ्गै देखिन्छ
जहाँबाट हेरे पनि सगरमाथा नाङ्गै देखिन्छ !

# धादिङ घटनाको स्थलगत अध्ययन

**धादिङ जिल्ला दार्खा गाविस-१ निवासी नेकपा एमालेका नेता ४३ वर्षीय शिव थापामगरको हत्या २०६७ कार्तिक १ गते साँझ ५.४५ बजेको समयमा हत्या भएको घटनाको तथ्य सङ्कलनका लागि इन्सेक, एडभोकेसी फोरम, पिपिआर नेपाल, नेपाल मानअवधिकार एलायन्स, काहुराष्ट्र, महिला मानवअधिकार सञ्जाल र आईसिडिसीको एक टोलीले ०६७ कार्तिक १० र ११ गते स्थलगत अध्ययन गरेको थियो । उक्त अध्ययनको प्रतिवेदन ०६७ मङ्सिर २ गते सार्वजनिक गरिएको थियो । उक्त प्रतिवेदनको सारसङ्क्षेप यहाँ प्रस्तुत गरिएको छ ।**

हत्यामा आरोपिच व्यक्ति विक्रम भनिने टेकबहादुर तामाङ र राजेन्द्र विकलाई एकीकृत माओवादीले २०६७ कार्तिक २९ गते पार्टीको सबै तहको जिम्मेवारीबाट निस्कासन गरेको विज्ञप्ति प्रकाशन गरेबाट प्रहरीले आरोपी व्यक्तिलाई गिरफ्तार गरी अनुसन्धान गर्न थप मद्दत मिलेको देखिन्छ । एकीकृत माओवादीको यो कारबाहीबाट एकीकृत माओवादी हत्यामा संलग्नलाई राजनीतिक संरक्षण नगरी प्रहरी प्रशासनलाई अनुसन्धान प्रकृयामा सहयोग गर्न तत्पर रहेको प्रष्ट भएको छ ।

**तथ्य सङ्कलन टोली वा व्यक्तिको नाम** :

गणेश भण्डारी - इन्सेक
पुष्प पौडेल - एडभोकेसी फोरम
राजनारायण नेपाली - एलायन्स
अर्तिनाथ श्रेष्ठ - पिपिआर नेपाल
कृष्णकुमार श्रेष्ठ - काहुराष्ट
सीताराम अधिकारी - इन्सेक
राधिका सापकोटा - महिला मानवअधिकार सञ्जाल
गोकर्ण दुवाडी - आईसीडीसी
नवराज छतकुली - पत्रकार

**घटनाको पृष्ठभूमि** :

नेकपा एमालेको जिल्ला कमिटीका पूर्व सदस्य शिव थापामगर धादिङवेशीमा कम्युनिकेसनको सामान्य व्यापार व्यवसाय गरेर वसोवास गर्दै आएका थिए । उनी दशैं मान्नलाई असोज ३१ गते आफ्नो गाउँ गएका थिए । थापामगर दशैंको टिकाको भोलिपल्ट कार्तिक १ गते सोही गाविसको दार्खा गाविसमा आयोजना गरिएको फुटवल प्रतियोगिता हेरेर फर्कने क्रममा सो दिन घरमा पुगेनन् । भोलिपल्ट पनि घरमा नआएपछि उनको खोजविन सुरु भएको



थियो । उनको लाश कार्त्तिक ३ गते बिहान ९.३० बजे स्थानीय राउते जङ्गलमा फेला पऱ्यो ।

**घटना विवरण** :

धादिङको दार्खा गाविस-१ राउते निवासी नेकपा एमाले जिल्ला कमिटीका पूर्व सदस्य एवम् उत्तरी धादिङका नेकपा (एमाले)का नेता ४३ वर्षीय शिव थापामगरको धारिलो हतियार प्रयोग गरी हत्या गरेको अवस्थामा २०६७ कार्तिक ३ गते बिहान ९ बजे स्थानीय राउते जङ्गलमा उनको शव फेला परेको थियो ।

थापामगर दार्खा गाविस-८ दार्खा बजारमा आयोजना गरिएको फूटबल प्रतियोगिता हेरेर ०६७ कार्तिक १ गते बेलुका ५.३० बजेतिर घर फर्कने क्रममा सो दिन घरमा पुगेनन् । कार्तिक २ गते पनि घर नफर्केपछि परिवारबाट खोजी गर्देगर्दा ०६७ कार्तिक ३ गते बिहान ९ बजे राउते नजिकैको जंगलको भीरमा एउटा रुखमा अड्केको अवस्थामा थापामगरको लाश फेला परेको थियो । धारिलो हतियारले घाँटीमा तीनठाउँमा गहिरो चोट, दाहीने हात काटिएको र शरीरभरि चोटैचोट भएको अवस्थामा लास भीरमा अड्केको थियो ।

घटना सम्बन्धमा आफन्त, स्थानीयवासीसँगको कुराकानीमा निम्नानुसारको जानकारी प्राप्त भएको थियो ।

शिव थापा मगरको हत्याको घटनाका योजनाकार टीकाराम तामाङ, फत्त बहादुर गुरुङ, रामशरण थापा मगर र विक्रम भन्ने टेकबहादुर तामाङ हुन सक्ने देखिन्छ । अशोक, तेज बहादुर, भ्याप्ले नामका व्यक्तिहरू धादिङ जेलमा रहेको मध्ये तेजबहादुरलाई छुटाएको भन्ने आरोप माओवादीले लगाएको हुनसक्छ । किनकी गत वर्ष किन्ताङफेदी भन्ने ठाउँमा दार्खाका तर तनहुँ बस्ने विक्रम भनिने व्यक्तिलाई गोली हान्न लगाएको भन्ने आरोप माओवादीले भाइ (शिव)लाई लगाएको थियो । भाइ शिव २०६७ कार्तिक १ गते प्रहरी चौकीमा गई शान्ति सुरक्षा कमजोर भएको बहस गर्दा घटना भएको हुनसक्ने देखिन्छ ।

स्थानीय रामशरण थापा मगरले विगतमा गाउँमा शिव थामागरसहित उनका दाजु भगवान र आफन्त तीलक थापमागरलाई समेत नराम्रो हुनसक्ने भन्दै हिँड्ने गरेको स्थानीयवासीले बताए । घटना सुनियोजित नै भएको र अब यस प्रकृतिका घटना नदोहोरियोस् र दोषीमाथि कारबाही होस् भन्ने मान्यता पनि गाउँलेको देखियो ।

जब शिवको लास भेटियो त्यो पछि कार्तिक ४ गते प्रहरीले नै सर्वदलीय बैठक दार्खा प्रहरी चौकीमा बसेको थियो । त्यो बैठकमा एकीकृत माओवादीका तर्फबाट चतुरबहादुर तामाङ, फत्तबहादुर तामाङ, रामशरण थापा मगर, आसबहादुर समेत थिए । प्रहरीले गाउँ सुधार समिति बनाउने भनेको थियो । त्यहाँ चतुरबहादुर तामाङले हाम्रो विरुद्ध जाहेरी दिनेहरूलाई राम्रो हुदैन भन्दै बैठकमा सहभागी केही व्यक्तिलाई

धम्क्याएको र हामीलाई त थाहा छैन तपाईलाई कसले भन्यो भन्दा प्रहरीले भनेको उसको भनाइले प्रहरीले नै उनिहरूलाई जाहेरी परेको भनेर खबर गरि भाग्ने वातावरण बनाएको स्थानीयवासीको आरोप छ।

### घटनाको सम्बन्धमा सरकारी तथा सुरक्षा निकाय प्रमुखहरुको भनाइ

प्रमुख जिल्ला अधिकारी भरत पौडेलले शिव थापामगरको हत्यामा संलग्नलाई कारबाही गर्ने हरप्रयत्न लागिरहेको र ढिलोछिटो अवश्य कारबाही हुने बताए । उनले हत्यामा संलग्नको पहिचान भएर पनि नियन्त्रणमा नआएकाले हामीले गरेको काम बाहिर नदेखिएको र जिल्ला प्रहरी कार्यलयले पनि यस घटनालाई प्राथमिकतामा राखेर कार्य गरिरहेको बताए। उनले जहाँसम्म प्रहरीले हत्यामा संलग्न भएका आरोपीलाई गिरफ्तार गरेन भन्ने सवाल छ त्यो हैन र पनि समयमा प्रहरी परिचालन भएको भए केही आरोपी गिरफ्तार हुने सम्भावना रहेको भन्ने गुनासो जनताबाट आएकाले यसको पनि छानविन अवश्य हुने आश्वसान दिए।

यसै गरी जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी घनश्याम अर्यालले शिव थापामगर हराइरहेको खबर कार्तिक ३ गते विहान ६.३० बजे स्थानीय प्रहरी चौकीका इन्चार्जले भनेर थाहा पाएको र तत्काल घटना स्थाल प्रहरी परिचालन गरको बताए। घटनामा संलग्न व्यक्ति र सङ्ख्याको पहिचान भइसकेको छ र प्रहरीमा जाहेरी पर्नुभन्दा पहिले सञ्चारमाध्यामले नाम सार्वजनिक गर्नाले समयमा प्रहरीले गिरफ्तार गर्न नसकेको बताए। उनले यसमा प्रहरी कहाँ के कसरी चुकेको हो त्यो पनि आन्तरिक छानविन गरिने बताए। उनले हत्यामा संलग्नलाई कारबाहीको दायरामा ल्याउने दावी पनि गरे।

अनुसन्धानमा खटिएका प्रहरी निरीक्षक प्रेमसागर खत्रीका अनुसार प्रहरीसँग पनि शिव थापामगरले थ्रेटको संकेत गरेका रहेछन्। हामी अनुसन्धानको क्रममा घटनास्थल जाँदा अभियुक्त भनिएकाहरू सबै फरार भइसकेछन्। दशैंको बेलामा मान्छेको आवतजावत बढी भएको र एउटै नाम धेरै व्यक्तिको भएकोले पनि अभियुक्तहरू हाम्रै अगाडिबाट पनि उम्कन सफल भएको देखिन्छ।

यसैगरी एकीकृत नेकपा (माओवादी)का धादिङ जिल्ला सचिव राजु नेपालले शिव थापा मगरको हत्यामा हाम्रो पार्टीको संलग्नता छैन र यो पार्टी निर्णयबाट भएको होइन भनी मानवअधिकार टोलीलाई बताए । उनले हामीले यसमा समयमै प्रेस विज्ञप्ति प्रकाशन गरेर एमालेले लगाएको आरोप निराधार हो भनिसकेका छौं भन्दै बहुदलीय परिपाटीमा को कसले कहाँ भोट हालेको छ वा हत्यामा संलग्न हुने व्यक्ति हाम्रो कार्यकर्ता वा सदस्य रहेछ भने सोही अनुसारको कारबाही गर्न हाम्रो पार्टी तयार रहेको दाबी गरे। उनले हाम्रो पार्टी शिव थापामगरको हत्यामा जोसुकै संलग्न भए पनि कानुनी कारबाही गर्नुपर्छ भन्ने मान्यता राख्दछ र हामी स्थानीय प्रहरी प्रशासनलाई पनि सहयोग गर्न तयार भएको बताए।

एकीकृत नेकपा माओवादीकै धादिङ जिल्ला सहइन्चार्ज रामबहादुर भण्डारीले नेकपा एमालेले घटनालाई राजनीतिकरण गरी दोषी लुकाउने खेल खेलेको आरोप लगाए। उनले निर्दोष व्यक्तिलाई फसाउने काम भएको र गाउँघरमा आतंक फैलाइएको पनि बताए । उनले जिल्ला प्रहरी कार्यालयका डिएसपीले हामीलाई तपाईको पार्टीका यो यो मान्छे संलग्न छन् भनेर भनेको छैन भन्दै घटनामा पार्टी मुछिएकाले हामी आन्तरिक रुपमा भने घटनाको छानविन गरी समय आएपछि सार्वजनिक गर्ने बताए।

नेपाली काङ्ग्रेसका धादिङ जिल्ला सचिव भक्त लामाले ऐन कानुन नियमको

### जिल्ला प्रहरी कार्यालयमा दिइएको जाहेरी दर्खास्तमा उल्लेखित आरोपितहरुको विवरण

| क्र.सं. | नाम थर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | टेकबहादुर तामाङ(विक्रम) | दार्खा गाविस -९ | वाइसीएल १ नं क्षेत्रीय इन्चार्ज | |
| २ | दुर्गाबहादुर तामाङ(साइलो) | दार्खा गाविस -९ | एनेकपा माओवादी (गाउँ कमिटी दस्य | |
| ३ | आशबहादुर तामाङ | दार्खा गाविस -९ | वाइसीएल जिल्ला सदस्य | |
| ४. | फत्तबहादुर तामाङ | दार्खा गाविस -८ | एनेकपा माओवादी दार्खा सल्लाहाकार | दाखा स्वास्थ्यचाकी इन्चाच |
| ५ | टिकाराम तामाङ (लोपचन) | दार्खा गाविस -८ | एनेकपा माओवादी गाउँ कमिटी इन्चार्ज दार्खा | |
| ६ | रामशरण थापा मगर | दार्खा गाविस-१ | एनेकपा माओवादी जिल्ला कमिटी सदस्य धादिङ | |
| ७ | राजेन्द्र वि.क | दार्खा गाविस -६ | वाइसीएल गाउँ कमिटी सदस्य | |
| ८ | धिरज तामाङ | दार्खा गाविस -८ | वाइसीएल गाउँ कमिटी सदस्य | |

उपहास भएको बेलामा अपराध गर्ने र त्यसलाई राजनीतिक रंग दिने काम बढी भएको र एमाले, नेका, एकीकृत माओवादी, मानवअधिकारवादी र प्रशासन निष्पक्ष भयो भने १० दिन भित्र दोषीहरू गिरफ्तार हुने बताए। उनका अनुसार लास, जाँच प्रकृति मुचुल्का नगर्दै माओवादीबाट यस घटनाका सम्बन्धमा वक्तव्य आएको थियो।

नेकपा एमालेका धादिङ जिल्ला अध्यक्ष गुरुप्रसाद बुर्लाकोटीले एकजना एकीकृत माओवादी कार्यकर्ता फत्तबहादुर तामाङको घरमा अघिल्लो दिन बैठक बसी हत्याको योजना बनाएको आरोप लगाए। उनले शिव थापामगरको हत्यामा माओवादीको कुन तहको नेतृत्व तथा कार्यकर्ताको संलग्नता भन्ने कुरा अनुसन्धानपछि नै थाहा लाग्ने बताए। बुर्लाकोटीले माओवादीले यसमा पार्टीको संलग्नता छैन, भन्दै आफ्ना कार्यकर्ताको संरक्षण गरेर स्थानीय प्रहरी प्रशासनलाई कानुनी कारबाही गर्न हतोत्साही गरिरहेको उल्लेख गरे।

**निष्कर्ष**

घटनास्थल अध्ययन, परिवारका सदस्यहरू, देख्ने सुन्ने, छिमेकी, घटनास्तल वरिपरीका मानिस स्थानीय प्रशासन, राजनीतिक दलहरूको भनाई र अध्ययनकाक्रममा प्राप्त तथ्यहरू विश्लेषण गर्दा निजको हत्या गर्नु पर्ने राजनीतिक रीसईवी बाहेक अन्य कुनै कारण देखिदैंन। व्यक्तिगतरुपमा उनी मिलनसार र सोझा स्वभावका देखिन्छन् भने लामो समयदेखि उनी नियमितरुपमा दार्खा नबसी धादिङ्बेशीमा कम्युनिकेशन चलाएर बस्दथे। तर, दार्खा र वरिपरी अर्थात धादिङ्गको उत्तरी भेकमा हुने कुनै पनि घटना वा क्रियाकलापमा उनीमाथि शंका गरिन्थ्यो। २०६६ मंसिरमा भएको नेकपा एमालेको जिल्ला अधिवेशनमा दार्खा लगायत त्यस भेकका दर्जनौं एकीकृत माओवादीका कार्यकर्ताहरू एमाले प्रवेशमा उनको हात रहेको तथा त्यसैबेला दार्खामा एमाले एकीकृत माओवादीबीच भएको भनिएको गोली काण्डमा समेत उनी संलग्न रहेको आरोप लाग्नु राजनीतिक रीसईवी बाहेक केही देखिदैन। २०६७ को विजया दशमीका दिन आरोपी रामशरण थापामगरले मृतकका आफन्त र छिमेकीसँग समेत अब उ धेरै बाँच्दैन, उसका दिन सकिए भन्दै हिंड्नु र हत्या पश्चात आरोपित ब्यक्तिहरू गाँउबाट फरार रहनुले घटनामा उनीहरूको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ।

घटनामा संलग्न देखिएका ब्यक्तिहरू वाईसीएल र एकीकृत माओवादीका जिल्ला र स्थानीय तहका सक्रिय कार्यकर्ता भएकाले पार्टीगत निर्णयबाट हत्या नभएको भनिए तापनि आरोपित व्यक्तिहरू एकीकृत माओवादी कार्यकर्ता भएको देखिन्छ।

हत्यामा आरोपी व्यक्ति विक्रम भनिने टेकबहादुर तामाङ र राजेन्द्र विकलाई एकीकृत माओवादीले २०६७ कार्तिक २९ गते पार्टीको सबै तहको जिम्मेवारीबाट निस्कासन गरेको विज्ञप्ति प्रकाशन गरेबाट प्रहरीले आरोपी व्यक्तिलाई गिरफ्तार गरी अनुसन्धान गर्न थप मद्दत मिलेको देखिन्छ। एकीकृत माओवादीको यो कारबाहीबाट एकीकृत माओवादी हत्यामा संलग्नलाई राजनीतिक संरक्षण नगरी प्रहरी प्रशासनलाई अनुसन्धान प्रकृयामा सहयोग गर्न तत्पर रहेको प्रष्ट भएको छ।

अत प्रहरी प्रशासनले राजनीतिक रङ्ग लागेका हत्याका घटनामा संलग्नलाई कानुनी दायरामा नल्याउँदा जुनसुकै कारणले भएका हत्याका घटनामा राजनीतिक रङ्ग दिएर अपराधिहरू कानुनी दायरा बाहिरै रहने र राजनीतिक दलहरूबीच नै एकआपसमा आरोप प्रत्यारोप हुने अवस्था धादिङ जिल्लामा देखिएको छ। यसबाट के देखियो भने यस्ता किसिमका घटना र अरोपित माथि कारबाही नहुँदा दण्डाहीनताले झन प्रश्रय पाउने देखिन्छ।

**सुझाव**

हत्याका घटनामा राजनीतिक संरक्षणको अवस्था हुन नहुने।


यस्तो प्रवृतिका घटनामा प्रहरी प्रशासनलाई कारबाही गर्ने वातावरण राजनीतिक दलले बनाइ दिनुपर्ने।

धादिङमा यस भन्दा अघि पनि हत्याका घटना भएकामा ती घटनाका आरोपीतहरूलाई कारबाही नभइ दण्डहीनताको अवस्था रहनु।

नागरिक समाज, राजनीतिक दलहरू र प्रशासनवीच सहमतिमा काम हुन सके दण्डहीनता अन्त्य गर्न सहयोग पुग्छ।

शिव थापा मगरका हत्यामा आरोपितहरू पहिचान भई सक्दा पनि प्रशासनले पक्राउ नभएकोमा यथाशीघ्र पक्राउ गरी कारबाही चलाउनुपर्ने।

हत्यामा आरोपी व्यक्ति विक्रम भनिने टेकबहादुर तामाङ र राजेन्द्र विकलाई एकीकृत माओवादीले २०६७ कार्तिक २९ गते पार्टीको सबै तहको जिम्मेवारीबाट निस्कासन गरेको विज्ञप्ति प्रकाशन गरेबाट प्रहरीले आरोपी व्यक्तिलाई गिरफ्तार गरी अनुसन्धान गर्न थप मद्दत मिल्ने देखिन्छ।



एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

मिति ०६७/७/२९

विषय : प्रेस विज्ञप्ति

दार्खा-१ का शिव थापा मगरको हत्या प्रकरणमा प्रहरी प्रशासनलाई स्वतन्त्र छानवीनमा सहयोग होस् भनी हाम्रो पार्टीका जिल्ला सदस्य टेकबहादुर तामाङ (विक्रम) र पार्टी सदस्य राजेन्द्र विकलाई पार्टीको सबै तहको जिम्मेवारीबाट निष्कासन गरिएको जानकारी गराउँछौं। साथै, हाम्रो पार्टीको नीति विपरित जोकोही पनि कुनै घटनामा संलग्न भए कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन आवश्यक सहयोग गर्न हाम्रो पार्टी सदैव तयार रहेको पनि जानकारी गराउँदछौं।

राजु नेपाल 'विवश'
(सेक्रेटरी)
एकीकृत नेकपा (माओवादी)
धादिङ

# बेपत्ता नागरिकको सवालमा उदासिन राज्य



गोपीकृष्ण भट्टराई

पञ्चायतकालदेखि नागरिक बेपत्ता पार्ने कार्य विगतको एमाओवादी सशस्त्र द्वन्द्वको क्रममा आएर बढेर गयो । यो क्रम अहिले पनि विभिन्न समूह तथा दलको नाममा जारी छ । बेपत्ता नागरिक छानविनको लागि राजनीतिक बृत्तमा पटकपटक प्रतिबद्धता व्यक्त हुँदै आएका छन् । दलका प्रतिबद्धताहरू व्यवहारमा कार्यान्वयन हुन नसक्दा बेपत्ता नागरिक खोजिको विषय ओझेलमा परेको छ । एमाओवादी र सात राजनीतिक दलबीच भएको सात बुँदे सहमतिदेखि अन्तरिम संविधानसम्म भएका हरेक समझदारी तथा सम्झौतामा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिक छानविन गर्ने उल्लेख छ । नेपाल सरकार र एनेकपा माओवादीबीच ०६३ मङ्सीर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको समयमा राज्यपक्ष र विद्रोही पक्षबाट बेपत्ता पारिएका नागरिकहरूको जानकारी ६० दिन भित्र सार्वजनिक गर्ने उल्लेख छ । तर, शान्ति सम्झौता भएको चार वर्ष पुग्न लाग्दा पनि बेपत्ता नागरिक सार्वजनिक गर्न न त राज्यपक्ष तयार देखिन्छ न एनेकपा माओवादी नै ।

दलहरू बेपत्ता नागरिक सार्वजनिक गर्ने विषय राजनीतिक मुद्दासँग जोडेर राज्य र एनकेपा माओवादी एक अर्कालाई दोषारोपण गरी बेपत्ता नागरिक सार्वजनिक गर्नबाट पछि हटिरहेका छन् । राजनीतिक खिचातानिका कारण बेपत्ता नागरिक खोजिको विषय किनारामा परेको छ । बेपत्ता नागरिकको पीडा अन्य मानवअधिकार उल्लङ्घनका घटनाभन्दा पनि पीडादायी हुन्छ । बेपत्ता नागरिक खोजिको लागि उनीहरूका परिवारले हजारौ पटक गुहार गर्दा पनि सरकार र राजनीतिक दल संवेदनहीन भएका छन् । बेपत्ता नागरिक छानबिनको लागि राज्य, राजनीतिक दल गम्भीर र संवेदनशील हुन आवश्यक छ । बेपत्ता नागरिको प्रश्न राजनीतिक विषय मात्र नभएर बेपत्ता नागरिकका परिवारले उनीहरूको अवस्थाको यथार्थ जान्न पाउने नैसर्गिक अधिकार हो । यो नागरिकको सूचना माग्न पाउने अधिकार पनि हो ।

बेपत्ता नागरिकको तथ्याङ्क यति नै हो भन्ने निश्चित छैन । राष्ट्रिय मानवअधिकार आयोगको तथ्याङकमा ८ सय ३५ जना नागरिक बेपत्ता बनाइएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्याङ्क अनुसार बेपत्ता नागरिकको सङ्ख्या १ हजार ६ जना रहेको छ । त्यस्तै आईसीआरसीको रेकर्डमा १ हजार २ सय भन्दाबढी नागरिक बेपत्ता पाइएका छन् । सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणका ८६ ओटा निवेदनको आधारमा ०६४ जेठ १८ गते बेपत्ता पारिएका नागरिकबारे अनुसन्धानका लागि तत्काल आयोग गठन गर्न र पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न सरकारका नाममा परमादेश जारी गरेको थियो । सो परमादेशको भावना विपरीत सरकारले ०६४ असार १२ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश नरेन्द्र न्यौपानेको संयोजकत्वमा जाँचबुझ आयोग ऐनअन्तर्गत तीन सदस्य उच्चस्तरीय छानबीन आयोग गठन गरे पनि त्यो आयोगले के काम गऱ्यो, त्यसको अत्तोपत्तो छैन ।

विस्तृत शान्ति सम्झौतामा बेपत्ता नागरिकको छानबिन गर्न आयोग बनाउने उल्लेख भए अनुसार सरकारले ढिलै भए पनि बेपत्ता नागरिकहरूको छानबिन र तथ्य पत्ता लगाउने गरी 'व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक' व्यवस्थापिका संसदमा पेश भएको अवस्था छ । प्रस्तावित विधेयकमा ' २०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ सम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका, भएका र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने' उल्लेख गरिएको छ । विधेयकमा 'कानुन बमोजिम पक्रदा सुरक्षाकर्मीले कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने अवधि सकिएपछि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ कसरी र कुन अवस्थामा राखिएको छ भन्ने जानकारी नदिनुलाई' बेपत्ता कार्य भनिएको छ ।

आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्य रहने र सभामुख अध्यक्ष रहने समितिले आयोगको पदाधिकारी नियुक्तिको सिफारीस गर्ने प्रावधान विधेयकमा रहेको छ । यस व्यवस्थाले आयोग पदाधिकारी नियुक्तिमा राजनीतिक हस्तक्षेप हुने देखिन्छ । आयोगका सदस्य छनौट राजनीतिक नियुक्तबाट टाढा रहन सकेको अवस्थामा मात्रै आयोगले निष्पक्ष भूमिका निर्वाह गर्न सक्ने हुँदा प्रतिस्पर्धाको आधारमा आयोग सदस्य छनौट गरिनु आवश्यक छ । यसको लागि संविधानसभा व्यवस्थापिका सदस्यहरू गम्भिर हुन आवश्यक छ ।

आयोगलाई बेपत्ता छानबिन गरी सत्य तथ्य पत्ता लगाउने, दोषी व्यक्तिको यकिन गर्ने र बेपत्ता परिवारलाई उपलब्ध गराउनुपर्ने सुविधा सिफारिस गर्ने अधिकार प्रस्तावित विधेयकमा छ । आयोगले दोषी ठहऱ्याएका व्यक्तिलाई प्रतिवेदनको आधारमा सरकारले मुद्दा चलाउनुपर्ने हुन्छ । आयोगले संलग्न व्यक्तिहरूलाई बयान लिने, लगाउन सक्ने व्यवस्था विधेयकमा गरिएको छ । यद्यपी यी विषयमा सरोकारवालाहरूसँग प्रयाप्त छलफल गरी प्रचलित अन्तर्राष्ट्रिय मापदण्डलाई आत्मसात गरी विधेयक पास हुन जरूरी छ ।

प्रस्तावित ऐनले साक्षीको सम्बन्धमा उपयुक्त व्यवस्था गर्न सकेको छैन । मस्यौदाको दफा १९ को साक्षी तथा अन्य व्यक्तिको संरक्षणको महलमा 'आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा र सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्नु पर्नेछ ।' भनि उल्लेख गरिको छ । 'सुरक्षा दिन आवश्यक देखिएमा' जस्ता शब्द उल्लेख हुनुले साक्षीको सुरक्षामा मस्यौदाले ध्यान दिन सकेको छैन । नेपालमा साक्षीको सुरक्षासम्बन्धी कुनै स्पष्ट कानुन नभएको अवस्थामा साक्षीको सुरक्षा गर्ने गरी ऐन नबन्ने हो भने साक्षीले आयोगमा बयान देलान् भन्न सक्ने अवस्था देखिन्दैन ।

नेपालमा जबरजस्ती बेपत्ता बनाउने कार्यलाई अहिलेसम्म फौजदारी अपराधको रूपमा व्याख्या गरिएको छैन । बेपत्ता बनाउने कार्यलाई फौजदारी अपराधको रूपमा व्याख्या नगर्दासम्म र सोही अनुरूप कानुनको सुधार नगर्दा नागरिक बेपत्ता बनाउने काम आगामी दिन पनि जारी नै रहन्छ । अभियोजन र परिपुरणको अधिकारसहितको स्वतन्त्र, निष्पक्ष बेपत्ता नागरिक छानबिन आयोग अहिलेको आवश्यकता हो । ताकि आयोगले बेपत्ता नागरिकलाई न्यायको दिलाउन सकोस् । यसको लागि राज्य र राजनीतिक दल जिम्मेवार हुन आवश्यक छ ।

# राजनीतिक कार्यदिशाको खाँचो

**देशलाई राजनीतिक रूपमा निकास दिई शान्ति र नयाँ सविधानको सुनिश्चितता गर्ने हो भने केही प्राविधिक, नैतिक, र व्यवहारिक पक्षहरूलाई सही ढङ्गले सम्बोधन गर्न सक्नु पर्छ । जसले अहिलेको राजनीतिक सङ्कट टार्छ नै त्यसका साथै राजनीतिक स्थायित्व, शान्ति प्रक्रियाको गतिशीलता तथा सामाजिक, आर्थिक रूपान्तरणका लागि समेत राजनीतिक शक्तिहरूको बीचमा विश्वासको वातावारण तयार हुन्छ ।**



प्रकाश भट्टराई

बितेका दुई वर्षको अवधिमा संविधानसभामा प्रतिनिधित्व गर्ने २५ दलबाट भएका सम्पूर्ण प्रयास र प्रयत्नहरूको विश्लेषण गर्दा के निष्कर्ष निकाल्न सकिन्छ भने अबको राजनीतिक निकास नयाँ कार्यदिशाबाट मात्र सम्भव छ । राजनीतिक कार्यदिशाले तय गरेको उद्देश्य प्राप्तिका लागि सुहाउँदो राजनीतिक रणनीतिहरूको कार्यान्वयन गर्दै साझा राजनीतिक मार्गचित्रको सञ्चालन तथा नियन्त्रण गर्नुपर्छ । देशलाई राजनीतिक रूपमा निकास दिई शान्ति र नयाँ सविधानको सुनिश्चितता गर्ने हो भने केही प्राविधिक, नैतिक, र व्यवहारिक पक्षहरूलाई सही ढङ्गले सम्बोधन गर्न सक्नु पर्छ । जसले अहिलेको राजनीतिक सङ्कट टार्छ नै त्यसका साथै राजनीतिक स्थायित्व, शान्ति प्रक्रियाको गतिशीलता तथा सामाजिक, आर्थिक रूपान्तरणका लागि समेत राजनीतिक शक्तिहरूको बीचमा विश्वासको वातावारण तयार हुन्छ ।

१२ बुँदे सम्झौतामा संसदवादी दल र तत्कालीन नेकपा माओवादी तीन राजनीतिक मुद्दाहरूमा सहमत भएका थिए । पहिलो- व्यवस्था परिर्वतन, दोस्रो- राजनीतिक सहअस्तित्वलाई स्वीकार गर्ने र तेस्रो- लोकतान्त्रिक मूल्य मान्यताहरूको अङ्गिकार गर्ने । सानातिना मदभेदहरू भए तापनि राजतन्त्रको अन्त्य गर्ने र लोकतान्त्रिक गणतन्त्रउन्मुख राज्य व्यवस्था बनाउने मुद्दामा यी दुवै पक्षहरूको बीचमा कुनै राजनीतिक मतभेद रहेन, जसका कारणले गर्दा यो बृहत् राजनीतिक परिर्वतन सहज ढङ्गले सम्भव भयो ।

सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्भौता भित्र धेरै कुराहरू उल्लेख भए पनि यो दस्तावेजको मुख्य मर्म राजनीतिक परिर्वतनलाई वैधानिकता दिने, जस्तै संविधानसभाको निर्वाचन, सशस्त्र द्वन्द्वको अन्त्य गर्ने, राजनीतिक सहअस्तित्वलाई स्वीकार गर्ने तथा मानवअधिकार र लोकतन्त्रका मूल्य मान्यताहरूका साथ नयाँ नेपाल निर्माणमा लाग्ने भन्ने नै हो । राजनीतिक घटना क्रमहरूलाई हेर्दा व्यवस्था परिर्वनको स्थितिसम्म नेकपा माओवादी पार्टीलगायत सबै दलहरूबीच आम सहमति देखिन्छ । संविधानसभा निर्वाचन अगाडिको समय नेपालको राजनीतिक इतिहासमा एउटा सकारात्मक घटनाक्रमको रूपमा लिन सकिन्छ ।

राजनीतिक सङ्कट त्यो बेलादेखि शुरू भयो जब संविधानसभा निर्वाचनको परिणाम सार्वजनिक भयो । यो परिणामले दलहरूको हैसियत के छ भन्न देखाइदियो । आफ्नो हैसियत थाहा पाएकै कारणले केही दलहरू निर्वाचनका आधारमा मात्तिने र केही दलहरू आत्तिने स्थितिको सृजना भयो । केही राजनीतिक दलहरू आफूलाई साँढे ठान्न थाले भने केही दलहरूले निर्वाचन परिणामलाई आफ्नो असुरक्षित राजनीतिक भविष्यसँग जोडेर हेर्न थाले । संविधानसभामा माओवादी र मधेसवादीहरूको उदय स्वभाविक थियो । किनभने एउटा ठूलो राजनीतिक परिर्वतन पछि उदय भएका शक्तिहरूले जनताले चाहेको परिर्वतनलाई साकार पार्दछन् भन्ने अपेक्षा थियो । जनताले एमाले र काङ्ग्रेसको विकल्पमा माओवादी र मधेसवादी दलहरूलाई छनौट गरे ।

संविधानसभाको निर्वाचनले दलहरू बीच रहेको राजनीतिक सहअस्तित्वको भावना बिगारी दियो । यो स्थिति आउनुका पछाडि प्रमुख रूपमा तीनवटा आन्तरिक कारणहरू छन् । पहिलो, दलहरू बीच अविश्वासको वातावारण । अविश्वासको वातावारण विशेषतः माओवादी नेताहरूबाट आउने गरेका जनविद्रोह सम्बन्धी सार्वजनिक वक्तव्यहरू तथा प्रचण्डको शक्तिखोरको टेप प्रकरणले अन्य दलहरूलाई माओवादी पार्टीको लोकतन्त्र प्रतिको प्रतिवद्धतामा शङ्का उत्पन्न गरायो । त्यसैगरी, सेना समायोजनको विषयलाई लिएर काङ्ग्रेस र एमालेका नेताहरूले दिएको सार्वजनिक अभिव्यक्तिले माओवादी पार्टीलाई सशङ्कित बनायो । यी बाहेक शान्ति सम्झौतामा उल्लेखित कुराहरूलाई आधार मान्दै एक अर्कालाई शान्ति सम्झौता विरोधी भनी सार्वजनिक रूपमा प्रचारबाजी गरियो ।

दोस्रो, निशस्त्र हिँसाको बिगबिगी : संविधानसभा निर्वाचन पछि त्यति राजनीतिक दलका युवा सङ्गठनहरू बीचका हिँसात्मक झडपहरू धेरै भए । तल्लो तहमा उत्रिएर सार्वजनिक आरोप प्रत्यारोप गर्ने नेताहरूको प्रवृतिले पनि राजनीतिक सहअस्तित्व स्थापित गर्ने सवालमा काम हुन सकेन ।

माथि उल्लेख गरिएका प्रवृतिहरूको

कारणले गर्दा वर्तमान राजनीतिक शक्तिहरू, न एकआपसमा मिल्न सकेका छन्, न कुनै सहमति खोज्न सक्ने क्षमता प्रर्दशन गरेका छन्, न त सबैलाई स्वीकार्य हुन सक्ने गरी राजनीतिक निकासका लागि कुनै प्रस्ताव नै राख्न सकेका छन् । अहिले विद्यमान शक्तिहरूमध्ये त्यो वैधानिक शक्ति संविधानसभा हुनसक्छ । तर, अहिलेको संविधानसभाको संरचना तथा सभासद्हरूको कार्यप्रणाली हेर्दा त्यो विवेकको प्रयोग गर्ने ठाउँ भन्दापनि आफ्ना पार्टीहरूले उठाएका मुद्धाहरूलाई सहीछाप गर्न ल्याइएका फरक फरक वर्ग र समूहका व्यक्तिहरू भएको थलो जस्तो मात्र देखिएको छ । यदि सभासद्हरूले आफूले समर्थन गरेको दलको कार्यसूचिमा मात्र आफूलाई सीमित गर्ने हो र आफ्नो विवेक सही ढङ्गले प्रयोग गर्न नपाउने हो भने समावेशी संविधानसभाको आचित्य के ? के यस्तो किसिमको निर्णय प्रक्रियाले विभिन्न जात धर्म भाषा हुनेहरूको हक अधिकारलाई सुनिश्चित गर्छ ?

नयाँ संविधान निर्माण, शान्ति प्रक्रियाको गतिशीलता तथा समग्र राजनीतिक सङ्क्रमणलाई जोडेर विभिन्न प्रस्तावहरू तथा टिका टिप्पणी अगाडि आएका छन् । जस्तै : १) माओवादीको राजनीतिक प्रस्तावलाई सबैले स्वीकार गर्नु, २) एमाले काङ्ग्रेसको प्रस्तावलाई माओवादीले स्वीकार गरेर अगाडि बढ्नु, ३) मधेसवादी दलहरूका मागलाई अरू दलले स्वीकार गरेर अगाडि बढ्नु , ४) जातीयता तथा क्षेत्रीयताका नाममा भइरहेका आन्दोलनहरू र तीनका स्वायत्तता सम्बन्धी प्रस्तावलाई स्वीकार गर्नु, ५) हाम्रो समस्यालाई हामी आफैं सम्बोधन गर्न सकेनौं भनेर वैदेशिक शक्तिलाई गुहार्न, ६) राजतन्त्रलाई ब्युताउनु ७) राष्ट्रपति शासन लगाउनु, ८) अन्य कुनै निरकुंश शासन व्यवस्थालाई स्वीकार गर्नु ।

के यी माथि उल्लेख गरिएका प्रस्तावहरू स्वीकार्य छन् ? के यी माथि उल्लेख गरिएका प्रस्तावहरूले दिगो शान्तिको स्थापना गर्न, लोकतन्त्रको संस्थागत गर्न तथा सामाजिक न्याय तथा बृहत सामाजिक आर्थिक रूपान्तरणका लागि योगदान पुऱ्याउन सक्छन् ? अवश्य सक्दैनन् । यो सन्दर्भमा नेपालको वर्तमान राजनीतिक सङ्कट तथा शान्ति प्रक्रियाको गतिशीलताका लागि निम्न प्रस्तावहरू नेपालको सन्दर्भमा विकल्पको रूपमा अवलम्वन गर्न सकिन्छ ।

१) **राजनीतिक नेतृत्वलाई मौका दिने :** अहिलेको नेतृत्वले नेपाली जनताको शान्ति, स्वतन्त्रता र समृद्धिको चाहानालाई मूर्तरूप दिनका लागि काम गर्न नसकेको यथार्थ हो । तर, नेपालको राजनीतिक परिवर्तनमा उनीहरूको योगदानलाई सम्मान गर्दै मिलेर काम गर्नका लागि एउटा अन्तिम मौका दिन सकिन्छ, जुन मौकाको उपयोग केही हप्ता भित्रै हुनु आवश्यक छ ।

२) **अधिकार सम्पन्न संविधानसभा :** संविधानसभा अहिले राजनीतिकदलको कठपुतली भएको छ । बाहिर दलहरू मिलेमात्र संविधानसभा भित्र काम सुचारू हुने अवस्था छ । यो अवस्थाको अन्त्यको लागि सभासद्हरूले विवेक प्रयोग गरेर काम गर्न सक्ने बातावरणका लागि पार्टीहरूभित्र अनुशासीत बिद्रोह गरी बैकल्पिक राजनीतिक शक्तिको रूपमा आफूलाई स्थापित गर्नु आवश्यक छ ।

**संविधानसभा निर्वाचन पछि राजनीतिक दलका युवा सङ्गठनहरू बीचका हिंसात्मक झडपहरू धेरै भए । तल्लो तहमा उत्रिएर सार्वजनिक आरोप प्रत्यारोप गर्ने नेताहरूको प्रवृतिले पनि राजनीतिक सहअस्तित्व स्थापित गर्ने सवालमा काम हुन सकेन ।**

३) **शान्ति अदालतको स्थापना :** दलहरूबीच अहिले देखिएको प्रवृति भनेको सार्वजनिक रूपमा एकले अर्कालाई शान्ति सम्झौता विरोधी भनी गालीगलौज गर्ने तर, वास्तवमै बिरोधी को हो भनी प्रमाणित गर्ने आधिकारिक निकाय छैन (अनमिनलाई केही हदसम्म मान्न सकिन्छ, तर त्यो पनि प्रभावकारी हुन सकेको छैन) । त्यसैगरी शान्ति प्रकृयासँग जोडिएका दलहरूबीच देखिएका गम्भीर अन्तरविरोधका मुद्दाहरूलाई किनारा लगाउनु तथा कुनै पक्षले शान्ति सम्झौताको उल्लङ्घन गरेका खण्डमा, ती मुद्दाहरूमा अन्तिम राय दिनका लागि अधिकार सम्पन्न शान्ति अदालतको गठन गरिनु आवश्यक छ ।

४) **अन्तर्राष्ट्रिय सर्म्पक समूह** (International Contact Group) **को गठन** : वर्तमान राजनीतिक परिवेशलाई मध्यनजर गर्दै, नेपालको शान्ति प्रक्रियालाई सहजीकरण गर्न विभिन्न देशहरू, अन्तराष्ट्रिय सङ्गठनहरू तथा अन्तर्राष्ट्रिय रूपमा ख्यातीप्राप्त व्यक्तिहरूलाइ संलग्न गराएर एउटा समूहको स्थापना गरिनु आवश्यक छ । UNMIN को म्याद सकिन लागेको, OHCHR जस्ता संस्थाहरूको कार्यक्षेत्र साँघुरिदै गएको सन्दर्भमा, नेपालको शान्ति प्रक्रियामा अन्तराष्ट्रिय साक्षीहरूको आवश्यकतालाई मनन गर्दै अन्तर्राष्ट्रिय सम्पर्क समूहको अवधारणा अगाडि सारिएको हो

५) **विज्ञ समूहको गठन :** शान्ति प्रक्रिया र राजनीतिक अन्तरविरोधसँग सम्बन्धित मुद्दाहरूको किनारा लगाउनका लागि देशमा उपलब्ध नेपाली विज्ञहरू सम्मिलत एउटा विज्ञ समूहको गठन गर्नु अहिलेको राष्ट्रिय आवश्यकता देखिएको छ । राजनीतिक दलका वहुसङ्ख्यक नेताहरू, सम्वन्धित विषयका ज्ञाता नभएको सर्न्दभमा नेपालमा उपलब्ध विज्ञहरूसँग औपचारिक तवरले निरन्तर सुझाव लिनु आवश्यक छ । विज्ञ समूह कम्तीमा २ देखि ५ वर्षसम्म सरकार तथा संविधानसभाको सहयोगीको रूपमा काम गर्नका लागि गठन गर्दा गतिरोधहरूलाई फुकाउन सहज हुनसक्छ ।

# नेपालमा साक्षी सुरक्षासम्बन्धी कानून अध्ययन प्रतिवेदन २०६७

**पुस्तकको आवश्यकता**


समाजमा विभिन्न किसिमका आपराधिक तथा अधिकार उल्लङ्घनका घटनाहरू हुने गर्दछन् । तिनै घटनामा कोही व्यक्तिहरू पीडकका रूपमा देखा पर्दछन् भने कोही पीडित बनाइएका हुन्छन् । पीडक ठहरिएकाहरूलाई कानुनअनुसार दण्डको व्यवस्था र पीडितलाई न्याय प्रदान गर्नु राज्यको दायित्व हो भने न्याय प्राप्त गर्न पाउनु प्रत्येक व्यक्तिको आधारभूत हक हो । न्याय प्राप्तीका लागि पीडितपक्षले आफू अन्यायमा परेको पुष्टि गर्ने प्रमाणहरू न्यायिक निकायमा पेश गर्नुपर्दछ । अदालतमा पेश गर्नुपर्ने त्यस्ता विभिन्न प्रमाणहरूमध्ये घटनाका साक्षीहरूलाई भरपर्दो प्रमाणको रूपमा लिइने गरिएको छ । त्यसैले साक्षी र पीडितलाई आफ्नो भनाइ निर्भिकतापूर्वक राख्न सक्ने अवसर र वातावरण न्याय प्रणालीभित्र सृजना हुनुपर्ने कुरा व्यापक रूपमा उठिरहेको छ । तर नेपालमा साक्षीहरूको सुरक्षा गर्ने कानुन हालसम्म बन्न सकेको छैन । त्यसैले धेरैजसो व्यक्तिहरू कुनै घटनाको साक्षी हुँदाहुदै पनि असुरक्षाको कारणले साक्षी बस्न नचाहने गरेको अवस्था विद्यमान छ । यसले गर्दा दोषीको पहिचान गर्न तथा पीडितलाई न्याय दिलाउन समस्या हुने गरेको न्यायिक क्षेत्रबाट गुनासाहरू सार्वजनकि भइरहेका छन् । यसरी न्यायको अवधारणालाई साकार पार्ने एक महत्वपूर्ण संयन्त्रको रूपमा रहेको साक्षीको सुरक्षासम्बन्धी विषय नेपालको फौजदारी न्यायप्रणालीभित्र अझै अभाव नै रहेको देखिन्छ । त्यही अभावलाई केही हदसम्म पूरा गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले साक्षीको सुरक्षा सम्वन्धमा अध्ययन गरी आवश्यक सुझाव प्रस्तुत गर्न आवश्यक ठानेर एक अध्ययन प्रतिवेदन प्रकाशन गरेको छ ।

**अनुसन्धान विधि**

अध्ययन प्रतिवेदन तयारीका लागि न्यायकर्मी, अभ्यासकर्ताहरू, पीडित तथा निजका नातेदारहरू तथा सरोकारवाला सङ्घसंस्थासंग परामर्श गरिनु पुस्तक तयारीको गहकिलो र व्यवहारिक पक्ष हो । साक्षीको सुरक्षा सम्बन्धमा अन्तराष्ट्रिय स्तरमा विकसित मापदण्ड र अन्य देशका कानुनी व्यवस्थाको पनि अध्ययन गरिएकाले अध्ययनको क्षेत्र फराकिलो भएको छ । यसका साथै साक्षी सुरक्षा गर्ने कानूनमा रहनुपर्ने मुख्य विषयवस्तुहरूको पहिचान गर्न पाँचै विकास क्षेत्रमा "क्षेत्रीय कार्यशाला" र यस अर्न्तगत "विशिष्ट सामूहिक छलफल" लगायतका क्रियाकलापहरूबाट सरोकारवालाहरूको धारणा बुझ्न "अन्वेषणात्मक अनुसन्धान पद्धति" तथा "गुणात्मक विधि" अवलम्बन गरिएका कारण अध्ययनमा अनुभव समेटिएको पाइन्छ । "क्षेत्रीय कार्यशाला" बाट प्राप्त सुझावको आधारमा प्रतिवेदन तयार गरी "राष्ट्रिय कार्यशाला" मा समेत प्रस्तुत गरिएको थियो । यसबाट प्राप्त भएका सुझावको आधारमा अध्ययनलाई पूर्णता दिएर अधिवक्ता गोविन्द बन्दीले आफ्नो दक्षता प्रदर्शित गरेका छन् ।

**प्रतिवेदनले समेटेका विषयवस्तुहरू**

कुल ५९ पृष्ठ सङ्ख्याको अध्ययन प्रतिवेदनमा साक्षी सुरक्षासम्बन्धी कानुन निर्माणका लागि उपयोगी हुने निकै महत्वपूर्ण सुझाव तथा जानकारीहरू समावेश गरिएका छन् । साक्षी सुरक्षाको ऐतिहासिक अवधारणादेखि यससम्बन्धी अन्तराष्ट्रिय मापदण्डसम्म विवेचना गरिएको छ भने नेपालको प्रचलित कानुनमा भएका साक्षीसम्बन्धी व्यवस्थाको पनि गहन अध्ययन गरिएको छ । त्यसैगरी साक्षीको परिभाषा, सुरक्षा योजना, जोखिमको मूल्याङ्कन तथा गोप्यता भङ्ग गर्नेलाई सजायलगायतका विषयमा पनि महत्वपूर्ण सुझावहरू प्रस्तुत गरिएका छन् । समग्र अध्ययनको निश्कर्षको साथै यस विषयमा देखिएका समस्याहरूको प्रभावकारी सम्बोधनका लागि साक्षी र





पीडितको संरक्षण र सुरक्षा सम्बन्धी कानून निर्माण गर्न सुझाव दिइएको छ । पुस्तकमा समावेश गरिएका विषयवस्तुहरू छ ओटा परिच्छेदमा विभाजित छन् । जस अनुसार -

परिच्छेद १- प्रारम्भिक
परिच्छेद २- अन्तराष्ट्रिय मापदण्ड
परिच्छेद ३- अन्य मुलुकका अनुभवहरू
परिच्छेद ४-प्रचलित कानुन तथा नीतिको पुनरावलोकन
परिच्छेद ५- साक्षी तथा पीडितको सुरक्षासम्बन्धी नेपाली कानुनले समेट्नु पर्ने विषयहरू
परिच्छेद ६ - निष्कर्ष तथा सुझावहरू

**प्रतिवेदन उपयोगिताका क्षेत्रहरू**


नीति निर्माता, कानुन निर्माता, कानुनव्यवसायी, कानुन कार्यान्वयन गर्ने र न्याय सम्पादन गर्ने अधिकारीहरूका साथै साक्षी संरक्षण र न्याय स्थापनाका लागि प्रतिबद्ध तथा यसमा चासो राख्ने सबैलाई यस प्रतिवेदन उपयोगी हुनेछ ।

**- उषा थपलिया**













# इन्सेकका केही प्रकाशनहरु

















# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।